जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM *National Weekly*

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २८ अंक ५ २०८३ जेठ ३ गते आइतबार (May. 17, 2026) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## प्रधानमन्त्रि वालेन्द्रलाई राजीनामागर्न चौतर्फी दबाव

# डा. वाग्ले बैकल्पिक प्रधानमन्त्रि बन्दै

काठमाडौं । रास्वपाका नयाँ नेता वालेन्द्र शाह प्रधानमन्त्रि भएको १०० दिन पनि पूरानहुँदै असफल भएपछि सो पार्टीभित्र नयाँ प्रधानमन्त्रिको खोजी थालिएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । यसैक्रममा प्रधानमन्त्रिका प्रतिनिधिकारुपमा अर्थमन्त्रि डा. स्वर्णिम वाग्लेलाई अगाडि सारिएपछि अब उहाँनै प्रधानमन्त्रि बन्ने चर्चा पनि शुरुभएका छन् । प्रतिनिधिसभामा रहेका छवटा पार्टीमध्ये रास्वपा बाहेकका पाँचवटै पार्टी प्रधानमन्त्रि वालेन्द्रको बिरोधमा रहेका छन् । संसदमा रास्वपाले सहकार्य गरेको श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले त प्रधानमन्त्री वालेन्द्रलाई नैतिकताका आधारमा तत्काल राजीनामा दिन सुझावदिँदै आउनुभएको छ । अध्यक्ष राईले गत शुक्रबार एक विज्ञप्तिनै जारीगरेर प्रधानमन्त्री वालेन्द्रले संसदीय मर्यादा र लोकतान्त्रिक थिति बसाउन



नसकेको भन्दै राजीनामाको माग गर्नुभएको थियो । उहाँले प्रधानमन्त्रीले संसद र सार्वभौम जनताको अपमान गरेको टिप्पणी गर्नुभएको छ । प्रधानमन्त्रिले संसदीय अभ्यासको इतिहासमा कालो धब्बा लगाएको उहाँको ठहर छ । जनताको सार्बभौम सदनलाई अपमान गरेर त्यही संसदबाट चुनिएको प्रधानमन्त्रीले कुन नैतिकताको आधारमा आफूलाई प्रधानमन्त्री ठानिरहेका छन् ? भन्दै प्रश्नसमेत गर्नुभएको छ । आफ्नो धारातल बिर्सेर जनताका प्रश्नहरुको उत्तर दिननसक्ने लुकेर बस्ने के प्रवृति हो ? यो यसले कस्तो नजीर बसाउँछ ? भन्दै उहाँले प्रतिप्रश्नसमेत गर्नुभएको छ । अध्यक्ष राईले संसदलाई छलेर अध्यादेशको बाटो हिँड्ने सरकारलाई संसदको औचित्य र शक्ति याद दिलाउनुपर्ने देखिएकोसमेत बताउनु भएको छ । त्यसैगरी राजावादी पार्टी भनिएको राप्रपाले पनि खुलेरै बर्तमान प्रधानमन्त्रिको आलोचना गरेको छ । नेपाली कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीले संसदमा प्रधानमन्त्रिका गतिबिधि बिरुद्ध गठबन्धन बनाएका छन् । उनीहरुकाबीचमा कार्यगत एकताको निर्णयसमेत भएको छ । सर्वोच्च अदालतले ट्रेड यूनियन र बिद्यार्थी संगठन खारेजगर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारीगरेको छ । आदेशमा हाललाइ केही नेपाल ऐनलाई संशोधनगर्ने अध्यादेश- ०८३ को दफा १० कार्यान्वयन नगर्नु नगराउनूभनी सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली-०७२ को नियम १९ को उपनियम (४) बमोजिम विपक्षीहरुका नाममा अल्पकालिन अन्तरिम आदेश जारीगरिदिएको भनिएको छ । अदालतले यस विवादमा दुवै पक्षलाई छलफलका लागि आगामी आगामी छगते बोलाएको छ । अदालतले आधार कारण खुलाइ बाटाको म्यादबाहेक सात दिनभित्र विपक्षीहरुलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेशगर्न भनिएको छ । नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिकातर्फबाट अख्तियार प्राप्त अध्यक्ष भवानी दाहाल समेतबाट राष्ट्रपतिको **बाँकी ८ पेजमा**

## गुण्डुमा एमालेको सचिवालय बैठक बस्दै

काठमाडौं । एमालेको हिजो शनिबार बस्ने भनिएको केन्द्रीय सचिवालय बैठक एकाएक भोली सोमबारका लागि सरेको छ। शनिबार बस्ने तयभएको बैठक सोमबारका लागि सारिएको एमाले केन्द्रीय कार्यालय सचिव भीष्म अधिकारीले जानकारी दिनुभएको हो । बैठकमा अध्यक्ष ओली पनि सहभागी हुने कार्यक्रम छ । गत फागुन २१ को निर्वाचनपछि अध्यक्ष ओली पहिलो पटक बैठकमा सहभागी हुन लाग्नुभएको हो । गत चैत १३ गते जेनजी आन्दोलनमा हेलचेक्र्याइँपूर्वक मानिस मारेको अभियोगमा ओलीलाई पक्राउ गरिएको थियो । गत चैत २६ गते रिहा भएपनि स्वास्थ्यका कारण ओली पार्टी काममा फर्कन सक्नुभएको थिएन । ओली हिरासतमा रहेकै बेला पहिलो वरीयताका उपाध्यक्ष रामबहादुर थापालाई कार्यवाहक अध्यक्ष तोकिएको थियो । उहाँको अध्यक्षतामा दुई पटक एमालेको सचिवालय बैठक बसेको थियो । एमालेमा निर्वाचनको समीक्षा पनि हुनसकेको छैन । सचिवालय बैठक आह्वान भएसँगै **बाँकी ८ पेजमा**

## नेपाल भारत व्यापार विस्तार अन्योलमा

काठमाडौं । नेपाल-भारत व्यापार विस्तार अन्योलमा परेको थाहा भएको छ । भारतको कोलकातास्थित नेपाली महावाणिज्यदूतावासले नेपाल-भारतबीच व्यापार, पारवहन, लगानी तथा आर्थिक सहकार्य प्रवर्द्धनगर्ने भन्दै गतसाता नेपालको व्यापार, पारवहन तथा लगानी सहजीकरणसम्बन्धी छलफल कार्यक्रमको आयोजना गरेको थियो । गत साता मंगलबार आयोजित उक्त कार्यक्रममा व्यापार, पारवहन, ढुवानी, सम्पर्क सञ्जाल तथा लगानीका क्षेत्रमा नेपाल-भारत सहकार्यलाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको उक्त महावाणिज्यदूतावासले जनाएको छ । नेपालको व्यापार तथा पारवहन संरचना, लगानीका सम्भावना तथा नेपाल-भारत आर्थिक सहकार्य सुदृढगर्न भएका **बाँकी ८ पेजमा**

## नेपालको बेरुजु सात खर्ब ५५ अर्ब नाघ्यो

काठमाडौं,२ जेठ । नेपालको बेरुजु सात खर्ब ५५ अर्ब नाघेको छ । महालेखापरीक्षक कार्यालयले राष्ट्रपति रामचन्द्र पौडेललाई गत शुक्रबार बुझाएको आव ०८१/८२ को वार्षिक प्रतिवेदनले उपरोक्त रहस्य खालेको हो । महालेखारपीक्षकको कार्यालयले आव ०८१/८२ मा केन्द्र, प्रदेश, स्थानीय तह, संगठित संस्था र कानूनद्वारा तोकिएका अन्य संस्था तथा समितिको ४ खर्ब ८४ अर्ब ५० करोड बराबरको लेखापरीक्षण गरेको छ । महालेखापरीक्षक तोयम रायाका अनुसार गत भदौ २३ र २४ को आन्दोलन र घटनाका कारण १७९ कार्यालय तथा निकायको लेखा र सोसम्बन्धी श्रेस्ता पेशनभएकाले एक खर्ब ४७ अर्ब ९० करोड बराबरको लेखापरीक्षक समेत गरिएको छैन । लेखापरीक्षणबाट **बाँकी ८ पेजमा**

## बिभिन्न जिल्लामा डेंगु र स्क्रब टाइफस बढ्दो

काठमाडौं,२ जेठ । बिभिन्न जिल्लामा डेंगु र स्क्रब टाइफसको संक्रमण बढ्दै गएको छ । यसैक्रममा चितवनमा डेंगु र स्क्रब टाइफसको संक्रमण बढ्दैगएको भन्दै बिभिन्न चिन्ता र चासो ब्यक्त हुनथालेको छ । जनस्वास्थ्य कार्यालय चितवनले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार गत वैशाख ३१ गतेसम्म सो जिल्लामा डेंगुका २६० तथा स्क्रब टाइफसका ७८३ संक्रमित फेलापरेका छन् । संक्रमणको दर बढ्दैजाँदा स्वास्थ्य क्षेत्रसमेत चिन्तित बनेको छ । सो कार्यालयकाअनुसार डेंगु संक्रमण सबैभन्दा बढी रत्ननगर नगरपालिकामा देखिएको छ । रत्न नगरमामात्रै ८३ जना संक्रमित पुष्टिभएका छन् । त्यसैगरी भरतपुर महानगरपालिकामा ५५ जना, खैरहनी नगरपालिकामा ३५ जना, राप्ती नगरपालिकामा १७ जना तथा कालिका नगरपालिकामा १० जना संक्रमित भेटिएका छन् । जिल्लाका अन्य स्थानीय तहमा पनि छिटफुटरुपमा संक्रमण देखिनथालेको जनाइएको छ । स्क्रब टाइफस संक्रमणको अवस्था पनि चिन्ताजनक **बाँकी ८ पेजमा**

## निर्माण व्यवसायीहरु चरणबद्ध आन्दोलनमा

काठमाडौं,२ जेठ । बिभिन्न मागराखेर निर्माण व्यवसायीहरु गत शुक्रबारबाट देशव्यापी आन्दोलनमा उत्रिएका छन् । विकासे मन्त्रालयका सचिवहरुलाई ज्ञापनपत्र बुझाएर उनीहरुले देशव्यापीरुपमा आन्दोलन थालेका हुन् । महासंघले ज्ञापनपत्र बुझाउँदै मध्यपूर्वमा जारी युद्धका कारण इन्धन, निर्माण सामग्री, ढुवानी तथा श्रमिक लागतमा पटक, पटक भइरहेको अत्यधिक एवं अप्रत्याशित मूल्यवृद्धिबाट सिर्जित विकराल समस्याहरुबारे सरकारलार्य जानकारी गराएको छ । महासंघका अध्यक्ष निकोलस पाण्डे नेतृत्वको टोलीले पूर्वाधार विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देल र जलश्रोत सचिव सरिता दवाडीलाई ज्ञापनपत्र बुझाएका छन् । मूल्यवृद्धिका कारण अहिलेको असहज अवस्थामा सबै आयोजनाको निर्माण कार्य स्वत: बन्दभइसकेको जानकारी गराइएको उहाँले बताउनुभएको छ । हालको परिस्थितिका कारण निर्माण आयोजनाहरु पूर्वनिर्धारित समयमै सकिने कुनै सम्भावना नभएकाले बैंक ग्यारेन्टी, इन्स्योरेन्स तथा थप क्षतिपूर्तिसहित सबै आयोजनाहरुको आवश्यक म्याद थप र बजेट **बाँकी ८ पेजमा**

## नेपाली कम्युनिष्ट पार्टीमा असन्तुष्टि बढ्दो

काठमाडौं,२७ वैशाख । पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिष्ट पार्टीमा पछिल्लो समयमा नेताहरुका बीचमा आपसी मनमोटाव बढेर गएको थाहाभएको छ । सोही कारणले संयोजक दाहालले पछिल्ला दिनमा फेरी एमालेसँग मिल्ने प्रस्ताव अगाडि सार्न थाल्नुभएको बताइएको छ । सो पार्टीले गतसाता बिभिन्न ४९ वटा विभाग तथा मोर्चाको जिम्मेवारी बाँडफाँट गरेकोमा अधिकांशमा बिवाद देखिएको बताइन्छ । पार्टीको केन्द्रीय कार्यसंयोजन समितिको गत चैत १९ गतेदेखि गत बैशाख १५ गतेसम्म बसेको बैठकको निर्णय कार्यान्वयनका लागि जारी अन्तरपार्टी निर्देशन (अपानी)-३ मार्फत विभागीय प्रमुख तथा उपप्रमुख तोकिएका हुन् । निर्देशनअनुसार अनुगमन तथा मूल्यांकन विभागको प्रमुखमा नारायणकाजी श्रेष्ठ, अन्तर्राष्ट्रिय सम्बन्ध विभागको जिम्मेवारी प्रमेश कुमार हमाल, उद्यमशीलता तथा उत्पादन विभागको प्रमुख वामदेव गौतम, प्रचार विभागको नेतृत्वमा रेखा शर्मा तोकिनु भएको छ । त्यसैगरी रञ्जिता **बाँकी ८ पेजमा**

## साढे १४ लाख सहकारी पीडित सडकमा उत्रदै

काठमाडौं । बर्तमान सरकारले लिएको गलत नीतिका बिरुद्धमा साँढे १४ लाख सहकारी पीडित पनि सडकमा उत्रन लागेको थाहाभएको छ । सहकारी पीडित बचतकर्ताहरुको बचत रकम फिर्तागर्नका लागि भन्दै बर्तमान सरकारले गत बैशाख १७ गते अध्यादेश जारीगरेको थियो । तर उक्त अध्यादेशले देशभर समस्यामा परेका करीब ५०० सहकारीमध्ये हालसम्म केन्द्र सरकारबाट समस्याग्रस्त घोषणा भएका २३ वटा सहकारीकोमात्रै बचत फिर्तागर्ने व्यवस्था गरेपछि अन्य सहकारीका पीडितहरु आन्दोलित भएका हुन् । बाँकी सहकारीको बचत फिर्ता हुनेमा अझै अन्योल छ । गत बैशाख १७ गते सरकारले सहकारी (पहिलो संशोधन) अध्यादेश-०८३ जारीगरेको थियो । यसअघिका सरकारले पनि सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधनगर्ने अध्यादेश-०८१ जारीगरेको थियो । त्यस अध्यादेशले सहकारी ऐन-०७४ मा भएका प्रावधानलाई कार्यान्वयनगर्ने प्रयास गरेको थियो । जसमा सहकारी नियमन प्राधिकरण, कर्जा सुरक्षण कोष, कर्जा सूचना केन्द्रसम्बन्धी व्यवस्था लगायत रहेका छन् । तर उक्त अध्यादेशले पनि तत्काल बचतकर्ताको **बाँकी ८ पेजमा**

## नेपाली कांग्रेसमा फेरी देउवाको खोजी

काठमाडौं । नेपाली कांग्रेसमा कसैगरे पनि बिभिन्न समूहका बीचमा एकता गराउन नसकेपछि फेरी सभापति शेरबहादुर देउवाको खोजी थालिएको थाहाभएको छ । देउवालाई खुसी गराउन गगन थापा समूहले उहाँ निकटकालाई धमाधम पदाधिकारीमा नियुक्तगर्न थालेको छ ।



यसैक्रममा देउवाका बिश्वासपात्र उमेश श्रेष्ठलाई फेरी कोषाध्यक्षमा मनोनयन गरिएको छ । बिशेष महाधिवेशनबाट सभापति हुनुभएका गगन थापाले गत बैशाख २८ गते १९ जना केन्द्रीय सदस्यहरु मनोनयन गरेपछि डा. शेखर कोइरालाले पार्टीको समग्र एकताविना राष्ट्रिय राजनीतिमा कांग्रेसले कुनैपनि सार्थक भूमिका खेल्न नसक्ने चेतावनी दिनुभएको छ । डा. कोइरालाले पार्टीको इतिहास र परम्परालाई भुलेर गरिने यस्ता निर्णयले कार्यकर्तामा निराशा पैदागर्ने बताउँदै विगतका निर्वाचनबाट पाठ **बाँकी ८ पेजमा**

## देश युद्धमा फस्न सक्ने आशंका

काठमाडौं । देश युद्धमा फस्न सक्ने आशंका हुन थालेको छ । यसैक्रममा राष्ट्रिय जनमोर्चाका महासचिव मनोज भट्टले नेपाली जनता यथा समयमै सचेत नभए देश युद्धमा फस्नसक्ने बताउनु भएको छ । सो मोर्चाको जिल्ला समिति कपिलवस्तुको आयोजनामा गत शुक्रबार भएको तत्कालीक राजनीतिक परिस्थितिबारे एकदिने प्रशिक्षण कार्यक्रममा बोल्दै भट्टले उपरोक्त कुरा बताउनु भएको हो । सो जिल्लाको गोरुसिंगेमा आयोजित कार्यक्रममा उहाँले साम्राज्यवादी शक्तिहरुले आफ्नो निहित स्वार्थका लागि नेपाललाई युद्धमा धकेल्ने कोशिस गरिरहेको खुलाशा पनि गर्नुभएको थियो । नेता भट्टले नेपालमा अमेरिकी चलखेल बढ्दैगएको, अमेरिकी सेना र नेपाली सेनाबीच पार्टनरसिप प्रोग्रामका

**समाचार विश्लेषण**

नाममा अमेरिकी सेनाको प्रवेश भइरहेको तथा दलाई लामा र टीओबी समूह नेपालमा सक्रिय भएको बताउँदै तिब्बतलाई टुक्र्याउने अमेरिकाको लक्ष्यअनुसार वर्तमान सरकारले काम गरिरहेको आरोप पनि लगाउनुभएको थियो । सोही कार्यक्रममा प्रशिक्षणदिँदै पार्टीका केन्द्रीय सदस्य राजेन्द्र ढुंगानाले आफूहरुको राष्ट्रियता र गणतन्त्रको रक्षा तथा संघीयता खारेजको मुद्धा कायम रहेको बताउनुभएको थियो । उहाँले गणतन्त्रवादी शक्तिहरु एक नभए प्रतिगमन हुनसक्ने दाबी गर्नुभएको थियो । उहाँले वर्तमान राजनीतिक परिस्थिति, जेनजी आन्दोलन, कार्की आयोग, सरकारका अध्यादेश तथा निरंकुश कदमबारे पनि टिप्पणी गर्नुभएको थियो । जिल्लाको समग्र राजनीतिक अवस्था, निर्वाचन तथा मत परिणामबारे नेपाल कम्युनिष्ट पार्टी (मसाल) का जिल्ला प्रवक्ता माधव भाट क्षेत्रीले जानकारी दिनुभएको थियो । त्यसैगरी राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले पनि विदेशीहरुले नेपालका सत्तारुढ दललाई खेलाइरहेको खुलाशा गर्नुभएको छ । राजमो दाङको आयोजनामा घोराहीस्थित **बाँकी ८ पेजमा**

## पुरानै ठाउँमा बस्ने सुकुम्बासीहरुको चेतावनी

काठमाडौं । बर्तमान सरकारले बिस्थापित गराएका सुकुम्बासीहरुले आगामी सातगतेभित्र आफूहरुको उचित ब्यवस्था नगरिए पालहालेर भएपनि पुरानै ठाउँमा बस्ने घोषणा गरेका छन् । बिस्थापित सुकुम्बासी हरुलाई क्रान्तिकारी क[redacted] नेपाल र नेकपा(मसाल[redacted] अधिकांश कम्युनिष्ट पार्टीहरुको सहयोग र समर्थन रहेको छ । त्यसैगरी नेपाली कांग्रेस लगायतका अन्य पार्टीले पनि सरकारको सुकुम्बासी बिस्थापन नीतिको बिरोध गरेका छन् । यसैक्रममा संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई डोजर लगाएर उठिबास लगाएपछि निरन्तररुपमा आन्दोलित हुँदैआएको छ । गत बैशाख ३१ मा माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेको मोर्चाले जेठ एकगते शंखमूल र मनोहराको सुकुम्बासी तथा अव्यवस्थित बस्तीमा विरोध प्रदर्शन गरेको थियो । ०३० सालदेखि बसोबास गर्दै आएका शंखमूलका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको उपस्थितिमा भएको विरोध कार्यक्रममा मोर्चाका नेताहरुले आगामी सातगतेसम्ममा वालेन्द्र शाह नेतृत्वको सरकारले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको बासको व्यवस्थापन नगरे जेठ आठगतेबाट भत्काइएकै बस्तीमा टेन्ट हालेरबस्ने चेतावनी दिएका थिए । विरोध प्रदर्शनलाई सम्बोधनगर्दै संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाका नेता नारायण परिश्रमीले सरकारले १५ दिनभित्र सुक[redacted]को वैकल्पिक व्यवस्थापनग[redacted] डोजर लगाएर उठिबा[redacted] तर करिब महिना दिन बि[redacted] कुनै व्यवस्थापन गरेन ।[redacted]मी जेठ सातगतेसम्म पर्खन्छौं । त्यस अवधिभित्र व्यवस्थापन नगरे जेठ आठगतेबाट हाम्रा घर भत्काइएकै ठाउँमा संयुक्त राष्ट्रसंघ, राष्ट्रिय मानव अधिकार र मिडियाहरुको रोहबरमा टेन्ट हालेर बस्छौं भन्नुभएको थियो । उहाँले त्यसबेला राज्यले दमन गर्‍योभने त्यसबाट उत्पन्न हुने परिस्थितिको राज्य आफै जिम्मेवार हुने पनि बताउनु भएको थियो । त्यसैगरी सुकुम्बासी मोर्चाकी नेतृ बिना **बाँकी ८ पेजमा**

## डा. वाग्ले...

कार्यालयलाई विपक्षी बनाई ट्रेड यूनियन खारेजगर्ने निर्णय कार्यान्यन नगर्न आदेशको माग गरिएको थियो। त्यसैगरी सर्वोच्च अदालतले सम्पत्ति छानबिन आयोगविरुद्ध दायरगरेको रिट निवेदनमा पनि कारण देखाउ आदेश जारीगरेको छ। कारण देखाउ आदेशगर्दै आगामी आगामी छगते छलफलका लागि बोलाइएको हो। उता पोखरा पुग्नुभएका नेपाली कांग्रेसका नेता तथा प्रवक्ता देवराज चालिसेले वर्तमान सरकार आफ्नो असक्षमता र गल्तीका कारण आफैँ पतनको बाटोमा गएको बताउनुभएको छ। गत बिहीबार पोखरामा आयोजित कांग्रेसको विशेष प्रादेशिक भेलालाई सम्बोधनगर्दै उहाँले सरकारको कार्यशैली पूर्णरुपमा असफल भइसकेको टिप्पणी गर्नुभएको थियो। उहाँले सय दिनमा १०१ गल्तीगर्ने सरकार आफैँ ढलेको इतिहास हामीले देखिसकेका छौँ। यो सरकार पनि त्यसैगरी ढल्छ पनि भन्नुभएको थियो। त्यसैगरी बर्तमान सरकारले ल्याएका अध्यादेशलाई राष्ट्रिय सभाबाट असफल गराउने रणनीतिसहित विपक्षी दलहरुले आठवटै अध्यादेश अस्वीकृतगर्ने सूचना संसदका दुवै सदनमा दर्ता गराएपछि सत्तापक्ष कानूनी र राजनीतिक दबाबमा परेको देखिएको छ। विपक्षी दलहरु एमालेले आठ, नेकपाले चार र कांग्रेसले दुईवटा अध्यादेश अस्वीकृतगर्ने सूचना गत बुधबार दर्ता गराएका हुन्। संविधानको धारा ११४ को उपधारा २ को खण्ड 'क' अनुसार सरकारले ल्याएको अध्यादेश संघीय संसदमा दुवै सदनबाट स्वीकार हुनुपर्ने बाध्यात्मक ब्यवस्था छ। दुईमध्ये कुनै एक सदनलेमात्र अस्वीकृत गरेपनि अध्यादेश स्वतः निष्क्रिय हुनेछ। सरकारले ल्याएका अध्यादेश अस्वीकृत भएमा सरकारको नेतृत्वगर्ने प्रधानमन्त्रिले पदबाट राजीनामा दिने परंपरा रहेको छ। उपरोक्त सबै घटनाक्रमलेगर्दा आगामी १५ गते अगाबै प्रधानमन्त्रि पदबाट वालेन्द्र शाहले राजीनामा गरेर डा. स्वर्णिम वाग्ले प्रधानमन्त्रि बन्ने संभावना रहेको राजनीतिक क्षेत्रमा चर्चाको मुख्य बिषय बनेको छ।

## गुण्डुमा...

एमालेको देखिएको गतिरोधले निकास पाउन लागेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। भोलीको बैठकमा पार्टीको कार्य बिभाजनबारे छलफल हुने कार्यक्रम छ। बैठकमा कार्यविभाजन, गत निर्वाचनको समीक्षालगायत छलफल हुनसक्ने एमालेका नेताहरुको भनाई छ। तर नेताहरुलाई बैठकको एजेन्डाबारे कुनै औपचारिक जानकारी दिइएको छैन। पछिल्लो समय प्रदेश सरकारको समीकरण हेरफेरकाबारेमा पनि कांग्रेस र एमालेबीच छलफल जारी छ। सत्ता समीकरणका लागि दुई दलबीचको सहमति कार्यान्वयनका लागि प्रदेश सरकारको नेतृत्व हेरफेरगर्ने तयारी भइरहँदा भोली सचिवालय बैठकमा यस विषयमा पनि छलफल हुनसक्ने कतिपयको भनाई छ। पछिल्लो समयमा एमाले संसदमा आक्रामक रुपमा प्रस्तुत भएको छ। त्यसैगरी नेपाली कांग्रेससँगको गठबन्धन पनि कायमै राख्ने बताइएको छ। एमालेका प्रचार विभाग प्रमुख मीनबहादुर शाहीकाअनुसार बैठकमा वर्तमान राजनीतिक परिस्थिति, सुकुम्बासीका समस्या तथा जनपक्षीय सवालहरुमा केन्द्रित रहेर छलफल हुनेभएको छ। पार्टी अध्यक्ष ओलीको अध्यक्षतामाबस्ने उक्त बैठकको स्थानभने अझै निश्चित भइसकेको छैन। बैठक अध्यक्ष ओलीको निजी निवास भक्तपुरको गुण्डु वा च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमध्ये एक ठाउँमा बस्ने प्रचार विभाग प्रमुख शाहीको भनाई छ।

## नेपालको....

बिभिन्न नीतिगत तथा प्रणालीगत सुधार गर्नुपर्ने सैद्धान्तिक ब्यहोराका ८८ अर्ब नौकरोड बराबरको बेरुजु फेलापरेको छ। केन्द्रिय सरकारी कार्यालयतर्फ ५३ अर्ब ४९ करोड, प्रदेशतर्फ पाँचअर्ब २३ करोड, स्थानीय तहतर्फ १९ अर्ब पाँच करोड, समिति र अन्य संसथातर्फ १० अर्ब ३२ करोड बराबरको बेरुजु रहेको उहाँले जानकारी दिनुभएको थियो। विगतको बेरुजुको सम्परीक्षण र यस वर्ष औँल्याइएको बेहोराको फर्स्यौटबाट १४ अर्ब ६३ करोड बराबर असुल भएको छ। यसवर्ष तीन हजार ५० केन्द्रिय मन्त्रालय तथा निकायको २९ खर्ब १७ अर्ब ९५ करोड बराबरको लेखापरीक्षण गरेको छ। एक हजार १२४ प्रदेश मन्त्रालय तथा निकायको तीनखर्ब २० अर्ब ३० करोड ७२१ स्थानीय तहको ११ खर्ब नौअर्ब ५२ करोड बराबरको लेखापरीक्षण गरिएको छ। त्यसैगरी ५७७ समिति र अन्य संस्थाको चारखर्ब ४७ अर्ब ७७ करोड र कानूनद्वारा तोकिएका ४४ संस्थाको ५४ आर्थिक वर्षको ४६ खर्ब ८८ अर्ब ९६ करोड समेत ९४ खर्ब ८४ अर्ब ५० करोड बराबरको लेखापरीक्षण सम्पन्न गरिएको महालेखापरीक्षक रायाले उल्लेख गर्नुभएको थियो। त्यसैगरी सबैभन्दा बढी बेरुजुभएको मन्त्रालयमा अर्थ रहेको छ। सो मन्त्रालयकोमात्रै ७०.३७ प्रतिशत बराबरको बेरुजु रहेको पाइएको छ। नेपालमा पछिल्ला बर्षमा देखिएको राजनीतिक अस्थिरताकै कारण बेरुजु पुनि बढेको जानकारहरुको भनाई छ।

## नेपाल...

प्रयासबारे पनि विमर्श भएको बताइन्छ। सो कार्यक्रममा श्यामाप्रसाद मुखर्जी बन्दरगाह, कोलकाताका अध्यक्ष राजेन्द्र रमनसहित वरिष्ठ अधिकारी, कोलकाता भन्सार कार्यालयका प्रतिनिधि, जल यातायात तथा ढुवानी सेवा प्रदायक, कोलकाता कस्टम्स हाउस एजेन्ट्स एशोसिएसन तथा नेपाल कस्टम्स हाउस एजेन्ट्स एसोसिएसनका प्रतिनिधि, आयातकर्ता, निर्यातकर्ता, लगानीकर्ता, नेपाली व्यवसायी, सञ्चारकर्मी तथा सार्वजनिक र निजी क्षेत्रका प्रतिनिधिको सहभागिता रहेको थियो। त्यसैगरी श्यामाप्रसाद मुखर्जी बन्दरगाह, कोलकाताका ट्राफिक प्रबन्धक रविशंकर राजहंसले बन्दरगाहमा उपलब्ध सुविधा, पूर्वाधार विकासका काम तथा नेपालतर्फ जाने मालसामानको ढुवानी सहज बनाउन अपनाइएका उपायबारे जानकारी दिनुभएको थियो। कार्यक्रमका सहभागीहरुले व्यापार सहजीकरण, भन्सार समन्वय, ढुवानी व्यवस्थापन, सम्पर्क सञ्जाल विस्तार तथा लगानी प्रवर्द्धनका विषयमा सुझाव राखेका थिए। सहभागीले उठाएका जिज्ञासा तथा समस्याबारे महावाणिज्यदूत झक्कप्रसाद आचार्यले जवाफ दिनुभएको थियो। उहाँले नेपाल-भारतबीच व्यापार सहजीकरण, सम्पर्क सञ्जाल विस्तार तथा द्विपक्षीय आर्थिक सहकार्य प्रवर्द्धनका लागि महावाणिज्यदूतावासले निरन्तर सहकार्यगर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। तर नेपालका उद्योगपति र ब्यापारीहरु अन्योलमै रहेका छन्भने सीमामा भारतीय उद्योगपति र ब्यापारीहरुको नेपालको बर्तमान सरकार बिरुद्ध आन्दोलन जारी रहेको देखिएको छ।

## बिभिन्न....

बन्दैगएको छ। सो रोगको संक्रमण पनि रत्ननगरमै सबैभन्दा धेरै देखिएको छ। त्यहाँ २१८ जना संक्रमित पुष्टिभएका छन्। खैरहनी नगर पालिकामा ९९ जना, भरतपुर महानगरपालिकामा ७८ जना, राप्ती नगरपालिकामा ७२ जना तथा कालिका नगरपालिकामा ६४ जना संक्रमित फेलापरेको सरकारी तथ्यांकले देखाएको छ। सो कार्यालयकाअनुसार पछिल्लो २४ घण्टामा डेंगुको नयाँ संक्रमित नथपिए पनि स्क्रब टाइफसका दुईजना नयाँ बिरामी पुष्टिभएका छन्। वर्षायाम शुरु हुनुअघिनै संक्रमण बढ्न थालेकाले आगामी दिनमा जोखिम अझ बढ्नसक्ने स्वास्थ्य अधिकारीहरुको अनुमान रहेको छ। हालसम्म चितवन जिल्लामा डेंगु परीक्षणगर्नेको संख्या १० हजार २०६ जना पुगेको छभने स्क्रब टाइफस परीक्षणगर्नेको संख्या १० हजार ९१० जना पुगेको सो कार्यालयले जनाएको छ। परीक्षणको दायरा बढाइएकाले संक्रमण पहिचानमा सहज भएको स्वास्थ्य कर्मीहरुको भनाइ छ। संक्रमण बढेपनि हालसम्म दुवैरोगका कारण कुनैपनि ब्यक्तिको मृत्युभएको छैन। समयमै परीक्षण, उपचार र जनचेतनामूलक कार्यक्रमका कारण जटिल अवस्था आउन नपाएको कार्यालयको दाबी छ।

## निर्माण...

व्यवस्थापन हुनुपर्ने महासंघको मागरहेको छ। पाण्डेले बिभिन्न चुनौतीका बाबजुद निर्माण कार्यमा खटिँदैआएका निर्माण व्यवसायी हरुमाथि भइरहेको धरपकडप्रति सचिवद्वय समक्ष आपत्ति जनाउनु भएको थियो। जथाभावी धरपक्कड हुनथालेपछि नेपाल निर्माण व्यवसायी महासंघले आन्दोलनको घोषणा गरेको छ। धर्ना र ज्ञापनपत्र बुझाउने कार्यक्रम पनि तयभएको छ। पश्चिम एशियामा जारी युद्धका कारण इन्धन, निर्माण सामग्री, ढुवानी तथा श्रमिक लागतमा पटक-पटक भइरहेको अत्यधिक एवं अप्रत्याशित मूल्यवृद्धिको समस्या सम्बोधनगर्न सरकार तयार नभएको आरोप लगाउँदै नेपाल निर्माण व्यवसायी महासंघ आन्दोलनमा होमिएको हो। ज्ञापनपत्र बुझाउनेक्रम भोली सोमबारसम्म जारीरहने उनीहरुको भनाइ छ।

## नेपाली...

श्रेष्ठलाई कृषि तथा भूमि व्यवस्था विभागको प्रमुख बनाइएको छ। राष्ट्रिय हित सुरक्षा विभागको जिम्मेवारी कृष्णबहादुर महरालाई दिइएको छ। संगठन विभागको प्रमुखमा वर्षमान पुन नियुक्त हुनुभएको छ। प्रवास प्रदेश समन्वय समितिको जिम्मेवारी पम्फा भुसाललाई दिइएको छ। पार्टीका संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधवकुमार नेपालले हस्ताक्षर गरेको अपानी-३ अनुसार नीति अध्ययन अनुसन्धान प्रतिष्ठानको प्रमुखमा राजेन्द्र श्रेष्ठ, स्थानीय तह विभागमा अग्नि सापकोटा, श्रम तथा रोजगार विभागमा गरिमा शाह तथा शिक्षा विभागमा गिरीराजमणि पोखरेललाई जिम्मेवारी दिइएको छ। त्यस्तै डा. बेदुराम भुसाललाई पार्टी स्कूल विभागको प्रमुख बनाइएको छभने विना मगरले खानेपानी तथा सरसफाइ विभागको जिम्मेवारी पाउनुभएको छ। तर अन्य नेताहरुले जिम्मेवारी बाँडफाँड नमिलेकोभन्दै आवाज उठाउन थाल्नुभएको जानकारहरुले बताउका छन्।

## साढे १४...

रकम फिर्तागर्ने काम गरेको थिएन। सरकारको नेतृत्वगर्ने राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने सहकारीकै रकम ठगीको आरोप खेपिरहेको अवस्था छ। रास्वपाको चुनावी वाचापत्रमा पनि सरकार गठन भएको १०० दिनभित्र साना बचतकर्ताको रकम फिर्तागर्ने उल्लेख गरिएको थियो। रास्वपा झन्डै दुईतिहाइ मत ल्याएर सत्तामा पुगे पनि पीडितको रकम फिर्ता गर्नेभन्दा अलमल्याउने काममात्र गरिरहेको पीडितहरुको भनाई छ।

## नेपाली...

सिकेर अघिबढ्नुपर्नेमा जोडदिनु भएको छ। उहाँले विभाजित कांग्रेसले आम नागरिकको भरोषा गुमाउनेमात्र नभई राष्ट्रिय राजनीतिमा पार्टीको औचित्यमाथि नै प्रश्न उठ्नसक्ने खतरा रहेकोसमेत बताउनु भएको छ। डा. कोइरालाले आगामी स्थानीय र प्रदेश तहको निर्वाचनलाई लक्षितगर्दै जुझारु र त्यागी युवाहरुको भविष्य सुनिश्चितगर्न पार्टीलाई नागरिकमैत्री र एकतावद्ध बनाउनुको विकल्प नरहेको बताउनु भएको छ। यसैबीच नेपाली कांग्रेसभित्रको आन्तरिक गुटगत राजनीति र शक्ति प्रदर्शनको राप कर्णाली प्रदेशको राजधानी सुर्खेतमा प्रष्ट देखिएको छ। देउवा पक्षबाट नेतृत्व गरिरहनुभएका पूर्णबहादुर खड्का विगत केही दिनदेखि आफ्नो गृहजिल्ला सुर्खेतमा रहनुभएको छ। पार्टीको बृहत् एकताका लागि भन्दै देउवा समूहले देशका बिभिन्न प्रदेशहरुमा सांगठनिक भेला आयोजनागर्ने क्रममा कर्णालीमा पनि विशेष तयारी गरेको हो। यसै क्रममा हिजो शनिबार आयोजित देउवा समूहको विशेष भेलालाई नेता खड्काले प्रमुख अतिथिकारुपमा सम्बोधन गर्नुभएको थियो। पार्टी एकताको नारा दिइएको हिजोको भेलामा कर्णाली प्रदेशका सबै स्थानीय तहका जनप्रतिनिधिहरु, प्रदेशसभा सदस्यहरु, प्रतिनिधिसभा सदस्यहरु, कर्णालीबाट प्रतिनिधित्वगर्ने वर्तमान तथा निवर्तमान केन्द्रीय सदस्यहरुलाई आमन्त्रण गरिएको थियो। देउवा समूहले कतिपय प्रदेश र जिल्लाहरुमा भेला सम्पन्न गरिसकेको छ। नेपाली कांग्रेस बिभाजन गराउन प्रमुख र रहस्यपूर्ण भूमिका निर्वाह गरेका गगन थापा र बिश्व प्रकाश शर्माले पद त्याग गर्नासाथ नेपाली कांग्रेस फेरी पहिलेकै अवस्थामा एकजुट हुने जानकारहरुको भनाई छ।

## पुराने...

बज्राचार्य, इन्द्र तामाङले पनि होल्डिग सेन्टरमा सुकुम्बासीहरुलाई बन्दीकोजस्तो व्यवहार गरिएको, मनोवैज्ञानिक रुपमा ठूलो यताना शिविरजस्तो बनेको, क्षणिक प्रलोभनमा भुल्याउन अनेक प्रचारबाजी गरेकोभन्दै दीर्घकालीन वैकल्पिक व्यवस्थापन नगरे बस्तीमै आएर बस्नुको कुनै विकल्प रहँदैन भन्नुभएको थियो। गत शुक्रबार मनोहरामासमेत विरोध प्रदर्शन भएको थियो। बर्तमान सरकारले उपत्यकाका १९ वटा सुकुम्बासीहरुमा जोडर लगाएर उठिबास लगाएको बताइन्छ। कतिपय सुकुम्बासीहरु होल्डिंग सेन्टरमा राखिएको छ र कतिपयले आफन्तहरुको घरमा शरण लिएका छन्।

## देश....

पत्रकार महासंघको सभाहलमा गतसाता आयोजित 'वर्तमान राजनीतिक अवस्था र संविधान संशोधन' विषयक अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको आसनबाट मन्तव्य राख्दै उहाँले उपरोक्त कुरा बताउनु भएको हो। अध्यक्ष केसीले नेपाललाई सधैं शक्तिराष्ट्रले खेलाइरहने गरेका छन्। पार्टीलाई किनेर, सत्तामा लगेर र दबाब दिएर उनीहरुबाट आफ्नो स्वार्थ पूरागरिरहने गरेका छन् भन्नुभएको थियो। उहाँले सोही कारणले नेपाल अहिलेसम्म पनि अर्धऔपनिवेशिक र अर्धसामन्ती देशकारुपमा रहेको बताउनु भएको थियो। उहाँले अहिले प्रत्यक्ष रुपमा अमेरिकाले आफ्नोअनुकूलको सरकार बनाएर उपयोग गरिरहेको छ। त्यसैले अब साम्राज्यवादी खतरा नेपालमा झन् झन् बढ्दै गइरहेको छ भन्नुभएको थियो। अमेरिकाले नेपालमा प्रत्यक्ष रुपमै घन्टीपार्टी स्थापना गरेर आफ्ना स्वार्थ पूरागर्ने काम गरेको हुनाले देश अत्यन्तै संकटग्रस्त अवस्थामा पुगेको उहाँको भनाइ थियो। अध्यक्ष केसीले देशलाई जोगाउन जनताले नै पहल गर्नुपर्छ। त्यसको लागि हामी सबै सचेत हुनुपर्छ भन्नुभएको थियो। संविधान संशोधनको प्रश्नमा उहाँले गणतन्त्र र राष्ट्रियताको विषयमा कुनै संशोधन हुननसक्ने तर संघीयताको खारेजी लागिभने आफ्नो पार्टीले लगातार आवाज उठाउँदै आइरहेको जानकारी दिनुभएको थियो।

# नेपालमा चिनीकोको संकट हुनसक्ने संकेत

काठमाडौं। भारतले घरेलु बजारमा चिनीको आपूर्ति सुनिश्चितगर्नेर मूल्यवृद्धि नियन्त्रणमाराख्नेभन्दै चिनी निर्यातमा अस्थायी प्रतिबन्ध लगाएपछि नेपालमा चिनीको हाहाकार हुने अवस्थाको सिर्जना भएको छ। विश्वका सबैभन्दा ठूला चिनी उत्पादकमध्ये एक भारतले आगामी सेप्टेम्बरको अन्त्यसम्मका लागि निर्यातरोक्ने निर्णय गरेको छ। भारतीय सरकारले गत साता बुधबारराति जारीगरेको आदेशअनुसार यो प्रतिबन्ध तत्कालबाट लागूभएको छ। आदेशमा सीमित अपवादबाहेक चिनी निर्यातरोकिएको उल्लेख गरिएको छ। यसअघिनै निर्यात प्रक्रियामारहेका केही कन्साइनमेन्टलाई भने छुट्दिइने जनाइएको छ। सरकारले अन्य मुलुकसँग खाद्य सुरक्षासम्बन्धी सरकारी सम्झौताअन्तर्गत हुने निर्यातलाई भने अनुमति दिइने स्पष्ट पारेको छ। अक्टोबरबाट शुरुहुने नयाँ चिनी उत्पादन सिजन एल निनो मौसमी प्रभावका कारण प्रभावित हुनसक्ने अनुमान गरिएको अन्तराष्ट्रिय समाचार संस्था एएफपीले जनाएको छ। भारतीय मौसमविद्हरुले औसतभन्दा कम मनसुन हुने सम्भावना औँल्याएपछि सरकारले आपूर्ति संकटबाट जोगिन अग्रिम कदम चालेको भनिएको छ। एल निनोका कारण वर्षा कम भएमा ऊखु उत्पादनमा प्रत्यक्ष असरपर्नेर त्यसले चिनी उत्पादन घटाउन सक्ने आशंका गरिएको छ। नेपालले वार्षिकरुपमा उपभोगगर्ने चिनीको ठूलो हिस्सा भारतबाट आयातगर्दै आएको अवस्थामा आपूर्तिर मूल्य दुवैमा दबाब बढ्नसक्ने अनुमान गरिएको हो। भारतीय सरकारले गतसाता बुधबार रातिदेखि लागूहुनेगरी आगामी सेप्टेम्बर ३० सम्म चिनी निर्यातमारोकलगाएको जनाएको छ। भारतीय सञ्चार माध्यमहरुकाअनुसार घरेलु बजारमा पर्याप्त आपूर्ति सुनिश्चितगर्न तथा मूल्य नियन्त्रणमाराख्ने उद्देश्यले यस्तो निर्णय गरिएको हो। यद्यपि, निर्यात प्रक्रियामारहेका केही कन्साइनमेन्टलाई भने छुट दिइने उल्लेख गरिएको छ। त्यसैगरी खाद्य सुरक्षासम्बन्धी सरकारी सम्झौताअन्तर्गत हुने निर्यातमा प्रतिबन्ध लागूनहुने स्पष्ट पारिएको छ। नेपालको उद्योग तथा व्यापार क्षेत्रका अनुसार देशमा खपत हुने चिनीमध्ये करिब ६० देखि ७० प्रतिशत भारतबाट आयात हुँदै आएको छ। स्वदेशी उत्पादनले जम्मा ३० देखि ४० प्रतिशत माग मात्र धान्ने भएकाले भारतको निर्णयले नेपाली बजार प्रत्यक्ष प्रभावित हुनसक्ने सम्भावनारहेको व्यवसायीहरुको भनाइ छ। व्यापारीहरुका अनुसार भारतबाट आयात हुने चिनीमा निर्भरता बढी भएकाले निकट भविष्यमै नेपाली बजारमा मूल्यवृद्धि हुनसक्ने अवस्था देखिएको छ। विशेषगरी दशैँ-तिहारजस्ता चाडपर्व नजिकिँदैगर्दा चिनीको माग बढ्ने भएकाले बजारमा थप दबाब सिर्जना हुनसक्ने अनुमान गरिएको छ। अर्थतन्त्र तथा कृषि क्षेत्रका जानकारहरुका अनुसार भारतले आगामी उत्पादन सिजनलाई लक्षितगर्दै यस्तो निर्णय गरेको हो। एल निनो प्रभावका कारण यसबर्ष औसतभन्दा कम वर्षा हुनसक्ने अनुमान गरिएको छ। जसले उखु उत्पादनमा असर पार्नसक्ने चिन्ता बढाएको छ। उत्पादन घटे घरेलु बजारमै चिनी अभाव हुनसक्ने आँकलनपछि भारत सरकारले निर्यात नियन्त्रणको नीति लिएको विश्लेषण गरिएको छ। यता, पश्चिम एसियामा बढ्दो तनाव तथा इरानसँग सम्बन्धित युद्धको प्रभावले उत्पन्न ऊर्जा संकटले भारतको अर्थतन्त्रमा थप दबाब सिर्जना गरिरहेको विश्लेषण गरिएको छ। ऊर्जा तथा मल आयातमा बढ्दो लागतका कारण कृषि उत्पादन खर्चसमेत बढ्नसक्ने अवस्था देखिएको छ। जसले चिनी उद्योगमा पनि असरपार्ने अनुमान गरिएको छ। विश्व चिनी बजारमा भारत प्रमुख निर्यातकर्तामध्ये एक मानिन्छ। भारतले निर्यातरोक लगाएपछि अन्तर्राष्ट्रिय बजारमा समेत चिनीको मूल्य बढ्नसक्ने अनुमान गरिएको छ। भारतले सन् २०२१/२२ मा करिब एक करोड १० लाख टन चिनी निर्यात गरेको थियो। पछिल्ला वर्षहरुमा निर्यात केही घट्दै गएपनि भारत अझै विश्व बजारको महत्वपूर्ण आपूर्तिकर्ताका रुपमारहेको छ। हाल नेपालमा धेरै चिनीमिलहरु बन्दरहेका छन्। जसलेगर्दा नेपालले नयाँ बिकल्पको खोजी गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

धूम्रपान त्यागौं, स्वस्थ जीवन शैली अपनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

सम्पादकीय

## बढ्दो अराजकता र देशलाई अस्तब्यस्त बनाउने सरकारी गतिबिधि

नेपालमा गत भदौ २३ र २४ गते रहस्यमय ढंगले भएका गतिबिधि, सो गतिबिधिको आडमा भदौ २७ गते सञ्चालनमा रहेको संसद बिघटन गरेर नयाँ निर्वाचनका लागि गरिएको घोषणा र सो घोषणाका आधारमा गत फागुन २१ गते भएको निर्वाचनमा रास्वपाको पक्षमा आएको मतपरिणामले धेरैलाई आश्चर्यचकित बनाएको थियो। हाल देशका कार्यकारी प्रमुख प्रधानमन्त्रि वालेन्द्र शाहले निर्वाह गरेको भूमिका झन आश्चर्य लाग्दो देखिएको छ। सबै गतिबिधिलाई मिलाएर हेर्दा कतिपय शक्ति केन्द्रहरु नेपाललाई थप अस्तब्यस्त बनाउन लागिपरेको सहजै अनुमानगर्न सकिन्छ। देशभक्तिको नारा दिएर विदेशभक्तिका गतिबिधि हुनेक्रम जसरी बढिरहेका छन्, त्यसले स्वाभिमान नेपालीहरुलाई नराम्ररी झस्काएको अवस्था छ। नेपाली जनताले गत फागुन २१ को निर्वाचनबाट झन्डै दुईतिहाइ जनमतसहित बनेको वर्तमान सरकारले सुशासन, विकास र जनताको पक्षमा कामगर्ने ठूलो अपेक्षा गरेका थिए। तर बर्तमान सरकारले सत्ता सम्हालेको केही घण्टा पछिबाटै थालिएका प्राय: गतिबिधिहरु त्रुटीपूर्ण देखिएका छन्। बर्तमान सरकारले चालेका कदमकाबारेमा सर्वोच्च अदालतबाट भएका पछिल्ला निर्णय र गत वैशाख २८ गतेदेखि शुरुभएको संसदको अधिवेशनमा प्रतिपक्षीहरुले गरेका टिकाटिप्पणीले उपरोक्त कुराहरुको पुष्टि पनि गरेका छन्। यतिबेला देशका लाखौं भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरु सरकारकै डोजर अभियानबाट त्रसित भएका छन्। नदी किनारका जोखिमपूर्ण बस्ती व्यवस्थापनगर्नु राज्यको दायित्व हो। तर दशकौंदेखि बसोबास गर्दैआएका वास्तविक भूमिहीन नागरिकलाई विकल्प बिना उठिवास गराउनु मानवीय, संवैधानिक र राजनीतिक दृष्टिले उचित देखिँदैन। सरकारी तथ्यांकअनुसार नै पनि यतिबेला देशभर करिब ६० लाख नागरिक भूमि समस्याबाट पीडित रहेका छन्।

भूमि समस्या समाधान आयोगमै १२ लाख १७ हजारभन्दा बढी निवेदन परेको घटनाले नेपालमा सुकुम्बासी समस्या के कति पेचिलो रहेको छभन्ने कुरा स्पष्ट गरेको छ। हालै सार्बजनिक एक तथ्यांकअनुसार हालसम्म जम्मा नौहजार ३०० परिवारलेमात्र लालपुर्जा पाएको अवस्था। जसले समस्या समाधानमा राज्यको गति कति सुस्त छभन्ने स्पष्ट गरेको छ। आश्चर्यको बिषय त के छभने सुकुम्बासी आयोग पहिचान र प्रमाणीकरणको अन्तिम चरणमा पुगेकै बेला सरकारले अध्यादेशमार्फत आयोगनै विघटन गरेको छ। जसलेगर्दा बिभिन्न आयोग र छानविन समितिहरुमा भएको राष्ट्रको ठूलो लगानीसमेत खेरभएको छ। ०७२ को संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्नपाउने, आवासको अधिकार, सामाजिक न्याय र सम्पत्तिको हक सुनिश्चित गरेको छ। जसको धारा ५१ ले त भूमिहीन, दलित र सुकुम्बासीको पहिचानगरी बसोबास तथा जीविकोपार्जनको व्यवस्थागर्ने राज्यको दायित्व रहेको स्पष्ट उल्लेख पनि गरेको छ। तर बर्तमान सरकारले समस्या समाधानभन्दा निष्काशनलाई प्राथमिकता दिएको देखिनु आफैमा चिन्ताको बिषय भएको छ। सुकुम्बासी भएर नदी किनारमा दुखद जीवन बिताइरहेकाहरुलाई विकल्पबिना बस्तीबाट बेदखल गर्नु/गराउनु आफैमा सुहाउने काम भैरहेको छैन। जसले अन्य पक्षहरुमा पनि नयाँ, नयाँ समस्या सिर्जना गराउने काम गरेको छ। कुनै निर्वाचनमा कोही कसैले प्राबिधिकरुपमा बहुमत ल्याउनु कुनै ठूलो कुरा होइन। त्यो बहुमतको सदुपयोग हुन्छकि हुँदैनभन्ने कुरा ठूलो हो। तर सरकारको नेतृत्वगर्नेहरुले यस्ता कुरामा खासै हेक्का राखेको देखिएको छैन। बर्तमान सरकारले देशका पुराना र अनुभवी अन्य राजनीतिक दल, बिद्यार्थी, कर्मचारी र मजदूर तथा किसान लगायत सबै पक्षमाथि जसरी एकैपटक प्रहार गरेको छ, त्यसले देशमा सुखद परिणाम नदिने स्पष्ट छ। त्यसैले झण्डै दुई तिहाइ मत ल्याएको रास्वपाले देशका कार्यकारी प्रमुख प्रधानमन्त्रिलाई कि त पदीय कर्तब्य बोध गराउन सक्नु पर्‍यो, किभने प्रधानमन्त्रि परिवर्तन गरेर आफ्नो पार्टीको गरिमा जोगाउन सक्नु पर्‍यो। अन्यथा बर्तमान सरकारका पछिल्ला गतिबिधिले राम्रो संकेत गरेका छैनन्। यो आजका सन्दर्भमा सबैले बुझ्न सक्नुपर्ने बिषय भएको छ।

# देशको खुल्ला राजनीतिमा वालेन्द्रको भूमिगत शैली

देश/परिवेश — डा. केशव देवकोटा

नेपालीमा उखाननै छकि बोल्नेको पिठो पनि बिक्छ तर नबोल्नेको चामल पनि बिक्दैन। नभन्दै नेपालमा नबोल्ने कार्यकारी प्रमुख रहेकाले अब नेपालको चामल पनि नबिक्ने अवस्था सिर्जना भएको छ। गत फागुन २१ को निर्वाचनपछि झण्डै दुईतिहाइको बहुमतकासाथ देशको कार्यकारी प्रमुख प्रधानमन्त्रि बन्नुभएका रास्वपाका नेता वालेन्द्रले आजकोजस्तो खुल्ला राजनीतिमा देखाउनुभएको भूमिगत कार्यशैलीले सबैलाई आश्चर्यचकित बनाएको छ। सबैलाई थाहा भैसकेको कुरा होकि उहाँ नेपालमा कार्यकारी प्रधानमन्त्रि र संवैधानिक राजतन्त्र स्थापना गराएर बिद्यमान संसदीय बहुदलीय ब्यवस्थालाई बिदागर्न चाहानु हुन्छ। त्यसैका लागि उहाँ राजनीतिमा प्रबेश गर्नुभएको हो। तर उहाँका गतिबिधिभने आफ्नो चाहनाका ठीक बिपरित हुनेगरेका छन्।

उहाँले आफू देशभक्त भएको र नेपालमा राजतन्त्र पुनस्थापना गराउन चाहेको होभने गत चैत १३ गते प्रधानमन्त्रि हुनासाथ राष्ट्रिय एकता र सहमतीय राजनीतिको बाटोबाट अगाडि बढ्ने प्रयत्न गरेको हुनुपर्ने थियो। तर उहाँले त्यसको ठीक बिपरित बाटो अवलम्बन गर्नुभयो। नेपालको संसदीय राजनीतिमा हालका समकालिन नेताहरुमध्ये केपी ओलीलाई सबैभन्दा अडिग र अशल देशभक्त नेता मान्ने गरिन्छ। तर वालेन्द्रले आफू प्रधानमन्त्रि भएर सिंहदरबारमा औपचारिकरुपले काम नथाल्दै एमालेका अध्यक्ष ओली र नेपाली कांग्रेसका नेता रमेश लेखकलाई पक्राउ गरेर शान्त तलाउमा ढुंगा प्रहारगरी तरंग सिर्जना गराउने प्रयास गर्नुभएको थियो। उहाँहरुमाथि त्यतिबेला जुन हत्याको आरोप लगाइएको थियो, त्यो प्रमाणित भएन र हुने कुरा पनि थिएन। त्यसपछि वालेन्द्रले सुकुम्बासीहरु माथिको कारवाही थाल्नुभएको थियो। त्यो कारवाही अब टोक्नु न बोक्नुको अवस्थामा पुगेको छ। सबैले बर्तमान सरकारले झण्डै १५ लाख सुकुम्बासीलाई प्रतिमहिना १५ हजार भत्ता कतिदिन दिनसक्दो रहेछ ? भन्ने हेर्न चाहेका छन्। त्यसैगरी प्रधानमन्त्रि वालेन्द्रले नेपालमा चलेका एनजीओ, आइएनजीओ, विदेशी गुप्तचर संस्था र सामाजिक सञ्जालमाथि निगरानी बढाउनुपर्नेमा त्यसको ठीक बिपरित बिद्यार्थी संगठन, कर्मचारी संगठन र ट्रेड यूनियनमाथि प्रतिबन्ध लगाउने कदम चाल्नुभयो। त्यो पनि उहाँको गंभिर गल्ती साबित भएको छ। किनकी स्वबियू ०३६ सालको आन्दोलनपछि पञ्चायतकै पालामा स्थापना भएको थियो। त्यतिबेला बिभिन्न पार्टीमाथि प्रतिबन्ध लागेको अवस्थामा समेत बिद्यार्थीहरुले खुलेयाम आफ्ना गतिबिधि गरेका थिए। स्वबियूको पुनर्स्थापना हुनुअघि खासगरी कलेजहरुमा भृकुटी सदनलगायतका बिभिन्न नामका सदनहरु सञ्चालनमा रहेका थिए। तर त्यसको नेतृत्वको निर्वाचनहुँदा पनि अखिल, नेबिसंघ र फेडरेशनलगायतका बिद्यार्थी संगठनहरुले खुलेयाम लबिङ गर्नेगरेका थिए। हाल बर्तमान सरकारले बिश्वबिद्यालयहरुमा स्थापना गराउन भनेका बिद्यार्थी काउन्सिलहरु अमेरिकी दूतावासको युथ काउन्सिलसँग सम्बन्धित गराउन खोजेको रहस्य खुलिसकेको छ। भारतीयहरुले पनि नेपालमा भित्रभित्रै युवा परिचालन कार्यक्रमहरु सञ्चालन गरेका छन्भने अब अर्को छिमेकी चीनले पनि नेपालमा आफ्नो दूतावासमार्फत युथ काउन्सिल सञ्चालनगर्ने तयारी गरेका समाचारहरु बाहिर आएका छन्।

क्याम्पसहरुमा स्वबियू गठन गर्ने० स/गराउने अधिकार फिर्ता गरिएनभने भाबि दिनमा बिश्वबिद्यालय युवाहरुको रणमैदान बन्ने निश्चितजस्तै देखिएको छ। त्यसैगरी कर्मचारीहरुका पनि भूमिगत समूह गठन भएर प्रशासन चरम दुषित हुने अवस्था छ। त्यसैगरी ट्रेड यूनियनहरु विश्वमै परिचालित छन्। आजको अवस्थामा ट्रेड यूनियन खारेज गर्नुभनेको सरकारमा बस्नेहरुले आफ्नो थाप्लामा आफैले मुङ्ग्राले हिर्काउनु सरह हो। सकिन्छभने सिधै पार्टीमाथि प्रतिबन्ध लगाउनु। होइनभने देशमा संविधानअनुसार बहुदलीय संसदीय राजनीतिक ब्यवस्था छ। तर प्रधानमन्त्रिका गतिबिधि त्यसका बिपरित देखिएका छन्। यो दिउँसै रातपार्ने र आकाशतिर फर्केर थुक्नेभने जस्तै हो। यस्तो अवस्थामा वालेन्द्र शाहको शासन संकटमा परिसकेको छभने अब लम्बिने कुनै संभावना छैन। उहाँले श्रम संस्कृति पार्टीका अध्यक्ष तथा सांसद हर्क साम्पाङले भनेजस्तै समयमै पदबाट राजीनामा गरेर मार्ग प्रसस्तगर्नु राम्रो हुन्छ। वालेन्द्रका मित्रसमेत मानिनु भएका साम्पाङलेनै उहाँलाई नैतिकताका आधारमा तत्काल पदबाट राजीनामा दिन आग्रहगर्नु आफैमा बिचारणिय बिषय भएको छ। साम्पाङले वालेन्द्रले संसदीय प्रणालीको हुर्मत लिएको र लोकतान्त्रिक मूल्यमान्यतालाई बेवास्ता गरेको आरोप पनि लगाउनुभएको छ। अध्यक्ष साम्पाङले प्रधानमन्त्रीको राजीनामा माग्नुका मुख्य कारणहरुमा राष्ट्रपति र नीति तथा कार्यक्रमको अपमान गरेको, संसदमा देखाएको अनुपस्थिति, कामप्रति गैरजिम्मेवारीपन र संसदलाई सम्बोधन नगरेको लगायतलाई अगाडि सार्नुभएको छ। साम्पाङले जुन संसदबाट चुनिएर प्रधानमन्त्री बनेको हो, त्यही संसदलाई अपमानगर्ने र लुकेरबस्ने प्रवृत्तिले कस्तो नजिर बसाउँछ ? भन्ने प्रश्नगर्दै न्यूनतम कर्तव्यसमेत पूरानगरेका कारण नैतिकताका आधारमा पदबाट राजीनामा दिएर मार्गप्रशस्तगर्दा मात्र लोकतन्त्र र जनता सम्मानित हुने देखिन्छ भन्नुभएको छ। बहुदलीय संसदीय शासन प्रणालीमा संसदनै सर्वोच्च जनप्रतिनिधि थलो र सार्वभौम मानिन्छ। तर त्यही संसदर्माफत प्रधानमन्त्री हुनुभएका वालेन्द्रले संसदलाई नै नरुचाएको वा महत्व नदिएको देखिएको छ। संसदको गत हिउँदे अधिवेशनमा देशका नयाँ प्रधानमन्त्रीबाट एक शब्द सम्बोधन पनि भएन। बर्षे वा बजेट अधिवेशन बोलाएर भोलिपल्टै स्थगितगरी अध्यादेशबाट शासन चलाउने प्रयास गरेको पनि धेरैले देखे/अनुभव गरे। रक्षा र गृहमन्त्रालयसमेत सम्हालेका प्रधानमन्त्रीलाई संसदकै राज्य व्यवस्था समितिले छलफलका लागि बोलाउँदा पनि जानुभएन। आफ्नै सरकारले ल्याएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम राष्ट्रपतिमार्फत प्रस्तुत भइरहँदा प्रधानमन्त्री बीचैमा उठेर हिँडेको कुरालाई पनि धेरैले राम्रो मानेका छैनन्। अब संसदमा बोल्नसमेत प्रतिनिधि खटाउने अवस्था सिर्जना भएको छ।

जसले उहाँको संसदप्रतिको अरुचि र हैकमवादी शासकीय चाहना झल्काएको छ। विश्वमै संसदीय राजनीतिक व्यवस्थामा कार्यकारी प्रमुखको भूमिकालाई अत्यन्त महत्वपूर्ण मानिन्छ। जसले सरकारको नेतृत्वगर्दै राज्य सञ्चालनको मुख्य जिम्मेवारी वहन गर्नुपर्दछ। संसदीय व्यवस्थामा कार्यकारी प्रमुखको भूमिका भनेको सरकारको नेतृत्वगर्ने, नीति निर्माण र कार्यान्वयनगर्ने, संसदप्रति उत्तरदायी हुने, राष्ट्रिय प्रशासन सञ्चालनगर्ने, देशमा राजनीतिक स्थिरता कायम गर्ने/गराउने र अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्ने/गराउने लगायत पर्दछन्। कार्यकारी प्रमुखले मन्त्रिपरिषद्को नेतृत्व गर्नुपर्ने भएकाले नेतृत्व भनेको के होभन्ने राम्ररी जानकारी लिएको हुनुपर्दछ। मन्त्रीहरुको चयनगर्दा निष्पक्षता र सन्तुलन मिलाउन सक्नुपर्दछ। जिम्मेवारी बाँडफाँड तथा सरकारी नीतिको समन्वयगर्ने काम पनि कार्यकारी प्रमुखकै हुन्छ। देशको आर्थिक, सामाजिक, शैक्षिक तथा परराष्ट्र नीतिहरु निर्माण तथा कार्यान्वयनमा कार्यकारी प्रमुखको मुख्य भूमिका रहन्छ। संसदबाट पारित नीतिहरुलाई व्यवहारमा लागूगराउने जिम्मेवारी पनि कार्यकारी प्रमुखकै हुन्छ। संसदीय व्यवस्थाको प्रमुख विशेषता भनेको कार्यपालिका संसदप्रति उत्तरदायी हुनु हो। कार्यकारी प्रमुखले संसदमा सरकारका कामकारबाहीको जवाफ दिनुपर्छ र आफूप्रति संसदको विश्वास गुमेमा पद त्याग गर्नुपर्छ। त्यसैगरी **बाँकी ७ पेजमा**

# आजका सन्दर्भमा सुकुम्वासीको विस्थापन कि ब्यवस्थापन ?

खिमराज गिरी



आजका सन्दर्भमा सुकुम्वासी बस्ती विस्थापनकि ब्यवस्थापन ? भन्ने कुरा गंभिररुपमा उठेको छ। राजधानी काठमाडौसहित देशका बिभिन्न शहरहरुमा भएका नदी किनाराका वस्तीहरु, खोल्सा तथा जमिन र सरकारी ऐलानी क्षेत्रहरुमा फैलिएका सुकुम्बासी बस्तीहरु समाधान या व्यवधानभन्ने कुराको बहस अहिले ब्यापकरुपमा चर्किरहेको समयमा विशेषगरी राजधानीको बाग्मती, विष्णुमती, मनोहरा, धोबीखोला, हनुमन्तेलगायतका नदी किनारामा दशकौंदेखि बसोवासगर्दै आएका हजारौं परिवारहरुको भविष्य राज्यको नीति, राजनीतिक स्वार्थ, शहरी विकास र मानव अधिकारबीचको टकरावसँगै अल्झिएको छ। एकातिर राज्यले नदी किनारा मिचेर बनाइएका घर टहराको संरचना हटाउनुपर्ने बाध्यता छभने अर्कोतिर ती संरचनाभित्र गरिब, निमूखा, भूमिहीन, मजदुर र विस्थापित नागरिकहरुको जीवन गाँसिएको छ। अव प्रश्न उठ्छ, के यो समस्या केवल बस्ती हटाउने विषयसँगमात्र सम्बन्धित छ या मानवीय ब्यवस्थापनको पनि विषय हो त ? काठमाडौ महानगरका तत्कालिन मेयर तथा हालका प्रधानमन्त्री वालेन्द्र शाहको योजनामा नदी किनाराका अवैध संरचना हटाउने अभियान तीब्र भएको थियो। तत्कालिन समयमा महानगरले सार्वजनिक जमिन फिर्तागर्ने, नदीको प्राकृतिक वहाव जोगाउने र वातावरणीय जोखिम कमगर्ने उद्देश्य राखेको थियो।

तर संघीय सरकार, अदालत, बिभिन्न राजनीतिक दल र बिभिन्न दबाब समूहबीचको टकरावका कारण अभियान पूर्णरुपमा अघिबढ्न सकेनभन्ने धारणा ब्यापक बन्यो। पछि वालेन्द्र शाह प्रधानमन्त्री बनेपछि सयबुँदे कार्यक्रममार्फत देशभरमा रहेका नदी किनाराका बस्ती तथा ऐलानी जग्गामा बनेका संरचना हटाउने अभियान थालियो र केही दिनयता सरकारले यो कार्यलाई तीब्र बनायो र यसको विरोधस्वरुप विस्थापित सुकुम्बासीहरुले सडक आन्दोलनको थालनी गरेका छन्। तर एउटा प्रश्न सँधै उठीनै रह्यो कि, के राज्यले वास्तविक सुकुम्वासी र ठग हुकुम्वासीबीचमा अन्तर छुट्यायो त ? कि विकासको नाममा गरिबको छानामात्र भत्काएर नाना र खानामा पनि असर पार्‍यो ? वास्तवमा नेपालमा सुकुम्वासी शब्दलाई भावनात्मकरुपमा लिइने गरिन्छ। तर वास्तविक रुपमा सुकुम्वासी भन्नाले भूमि नभएको, राज्यबाट जमिन प्राप्त नगरेको र आर्थिकरुपमा कमजोर नागरिकलाई बुझिन्छ। तर, पछिल्ला दशकहरुमा यही सुकुम्वासीको नाममा बिभिन्न दलहरुको संरक्षणमा स्वार्थनुरुप काठमाडौंको प्रतिष्ठित स्थानमा चार पाँचतले घर हुनेहरु पनि नदी खोला किनारामा पक्की घर बनाएर बसोवास गर्नथालेपछि वास्तविक सुकुम्वासीहरु मारमा परेका हुन्। जसलेगर्दा हाल वास्तविक सुकुम्बासी कि हुकुमबासी भन्ने बहस सतहमा आएको हो। वास्तविक सुकुम्बासीहरु प्राय: ग्रामीण भेगमा गरिबीको रेखामुनी बस्न बाध्य भएकाहरु, द्वन्द, प्राकृत्तिक विपत्तिमा परेका, बेरोजगारी र सामाजिक बहीष्कारका कारण शहर पसेका नागरिक हुन्। उनीहरुको काम पनि साधारण हुन्छ। तर अर्कोतर्फ केही प्रभावशाली ब्यक्तिहरुले राजनीतिक पहुँच प्रयोगगरी नदी किनारा, सरकारी जमिन, र सार्वजनिक क्षेत्र कब्जागरेर बहुमूल्य सम्पत्ति कमाउने माध्यम बनाएको यथार्थतालाई पनि छिपाउन सकिदैन। जसलेगर्दा अहिले समाजमा जटिल समस्या पैदाभइरहेको छ।

प्रश्न उठ्छकि, हरेकवर्ष बाढी, डुबान र पहिरोको जोखिम हुँदाहुँदै पनि मानिसहरु नदी किनारामा नै किन बस्दछन् त ? यसको मूख्य कारण हो, गरिबी र शहरी असमानता अनि शहरमा बसोबासगर्दा पाउनसक्ने आर्थिक उभार पनि हो। अर्कोतर्फ शहरमा बस्नुपर्ने बाध्यता एकातिर छभने अर्कोतिर चर्को कोठा भाडाको कारणले उनीहरु सास्ती र सकस हुँदाहुँदै पनि बस्न बाध्य छन्। अर्को कारण राजनीतिक पार्टीहरुको भोट बैंककारुपमा प्रयोग हुने र हुकुम्वासीहरुले फाइदा लुट्ने प्रबृत्तिहो। अर्कोकारण भनेको राज्यको कमजोर शहरीकरणको नीति पनि हो। नेपालमा ब्यबस्थित श्रमिक आवास नीति कहिल्यै लागू भएन। शहर बढ्यो, जनसंख्या बढ्यो तर कहिल्यै मजदुर वर्गसँग सम्बन्धित भएर प्रभावकारीरुपमा शहरीकरणको योजना लागूगर्न सकिएन। जसको कारण अहिले राष्ट्रिय मुद्धाकारुपमा मूख्य समस्याको जड बनेको छ।

अर्कोतिर नदी किनाराका बस्तीहरु हटाउनुपर्ने पक्षमा पनि बलिया तर्कहरु छन्। पहिलो तर्क त नदीको प्राकृतिक वहावलाई अनियन्त्रितरुपमा बस्तीको कारणले बोझ बनाइयोभने बाह्रवर्षमा खोलो उही ठाउँमा अवश्य फर्किन्छ भन्ने नेपाली उखान सत्य सावित भएको पनि पाइएको छ। किनकी काठमाडौं उपत्यकालगायत देशका बिभिन्न ठाउँहरुका नदी किनाराका बस्तीहरु डुबानमापरी कैयौं धनजनको क्षतिभएको पाइएको छ। दोश्रो नदी प्रदुषणको कुरा हो। नदी किनाराका बस्तीहरुबाट अनावश्यक रुपमा फोहर फालेर नदीको प्राकृत्तिक स्वरुप नै बदलिएको अवस्था पाउन सकिन्छ। तर विश्वका हरेक देशहरुले नदी क्षेत्रलाई नो कन्स्ट्रसन जोन घोषणा गरेका छन्। भारतमा यमुनानदी, चीनमा याङ्गत्से नदीलगायत युरोपका प्राय: शहरका नदीहरुमा नदी संरक्षणका कडा नीतिहरु लागूगरेको अवस्था छ। तर नेपालमा लामो समयदेखि नदी संरक्षणको दीर्घकालिन **बाँकी ७ पेजमा**

# नेपालको बेरुजु सात खर्ब ५५ अर्ब पुग्यो, अशुली र आर्थिक अनुशासन कमजोर

**यो साताको बिशेष**

काठमाडौं। नेपालको बेरुजु सात खर्ब ५५ अर्ब पुगेको छभने अशुली र आर्थिक अनुशासन कमजोर देखिएको छ। महालेखापरीक्षक कार्यालयले राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको आर्थिक बर्ष ०८१/८२ को वार्षिक प्रतिवेदनमा बेरुजु रकम सात खर्ब ५५ अर्ब बराबर पुगेको उल्लेख छ। जसमा अशुली र आर्थिक अनुशासन कमजोर बन्दैगएको देखाइएको छ। महालेखारपीक्षकको कार्यालयले आव ०८१/८२ मा केन्द्र, प्रदेश, स्थानीय तह, संगठित संस्था र कानूनद्वारा तोकिएका अन्य संस्था तथा समितिको ४ खर्ब ८४ अर्ब ५० करोड बराबरको लेखापरीक्षण गरेको छ। महालेखापरीक्षक तोयम रायाकाअनुसार गत भदौ भदौ २३ र २४ को आन्दोलन र घटनाका कारण १७९ कार्यालय तथा निकायको लेखा र सोसम्बन्धी स्रेस्ता पेश नभएकाले एकखर्ब ४७ अर्ब ९० करोड बराबरको लेखापरीक्षक गरिएको छैन। लेखापरीक्षणबाट बिभिन्न नीतिगत तथा प्रणालीगत सुधार गर्नुपर्ने सैद्धान्तिक बेहोराका ८८ अर्ब नौकरोड बराबरको बेरुजु फेलापरेको छ। केन्द्रिय सरकारी कार्यालयतर्फ ५३ अर्ब ४९ करोड, प्रदेशतर्फ पाँचअर्ब २३ करोड, स्थानीय तहतर्फ १९ अर्ब पाँच करोड, समिति र अन्य संसथातर्फ १० अर्ब ३२ करोड बराबरको बेरुजु रहेको उहाँले जानकारी दिनुभएको थियो। विगतको बेरुजुको सम्परीक्षण र यस बर्ष औंल्याइएको बेहोराको फर्स्योटबाट १४ अर्ब ६३ करोड बराबर असुल भएको छ। यसबर्ष तीन हजार ५० केन्द्रिय मन्त्रालय तथा निकायको २९ खर्ब १७ अर्ब ९५ करोड बराबरको लेखापरीक्षण गरेको छ। एक हजार १२४ प्रदेश मन्त्रालय तथा निकायको तीनखर्ब २० अर्ब ३० करोड ७२१ स्थानीय तहको ११ खर्ब नौअर्ब ५२ करोड बराबरको लेखापरीक्षण गरिएको छ। त्यसैगरी ५७७ समिति र अन्य संस्थाको चारखर्ब ४७ अर्ब ७७ करोड र कानूनद्वारा तोकिएका ४४ संस्थाको ५४ आर्थिक बर्षको ४६ खर्ब ८८ अर्ब ९६ करोड समेत ९४ खर्ब ८४ अर्ब ५० करोड बराबरको लेखापरीक्षण सम्पन्न गरिएको महालेखापरीक्षक रायाले उल्लेख गर्नुभएको थियो। त्यसैगरी सबैभन्दा बढी बेरुजु भएको मन्त्रालयमा अर्थ रहेको छ। सो मन्त्रालयकोमात्रै ७०.३७ प्रतिशत बराबरको बेरुजु रहेको पाइएको छ। महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदन अनुसार नेपालको कूल बेरुजु करिब छ खर्ब ७३ अर्ब रुपैयाँ हाराहारी थियो। अघिल्लोसँग तुलना□स्दार्दा ६३ औं प्रतिवेदनमा बेरुजु करिब ८० अर्बभन्दा बढीले वृद्धि भएको देखिएको छ। महालेखा परीक्षक तोयम रायाले गत बर्षसम्मको बेरुजुमध्ये यस प्रतिवेदन अवधिमा ६६ अर्ब ११ करोड सम्परीक्षण तथा समायोजनभई बाँकी बेरुजु तथा चालु बर्षको समेत अद्यावधिक बेरुजु सात खर्ब ५५ अर्ब १७ करोड पुगेको बताउनुभयो। यस अवधिमा विगतको बेरुजुको सम्परीक्षण र यस बर्ष औंल्याइएको बेहोराको फर्स्योटबाट १४ अर्ब ६३ करोड असुल भएको प्रतिवेदनमा उल्लेख छ। साथै लेखा परीक्षणको सुझावबमोजिम विभिन्न नीतिगत, कानूनी तथा प्रणालीगत सुधारहरु भएको उहाँले बताउनुभयो। प्रतिवेदन अनुसार उक्त बर्षमामात्रै थप ८८ अर्ब रुपैयाँ बेरुजु कायम भएको छ, जसले सार्वजनिक खर्चमा पारदर्शिता र वित्तीय अनुशासन अझै कमजोर रहेको संकेत गरेको छ। कूल बेरुजु रकममध्ये संघीय सरकारी कार्यालयतर्फ ५३ अर्ब ४९ करोड, प्रदेशतर्फ पाँच अर्ब २३ करोड, स्थानीय तहतर्फ १९ अर्ब पाँच करोड तथा समिति र अन्य संस्थातर्फ १० अर्ब ३२ करोड रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ। गत बर्ष कूल ९४ खर्ब ८४ अर्ब ५० करोड रुपैयाँको लेखा परीक्षण सम्पन्न गरिएको भए पनि सबै निकाय समेटिन सकेका छैनन्। भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका कारण १७९ कार्यालय



तथा निकायले आवश्यक कागजात पेश नगर्दा एक खर्ब ४७ अर्ब ९० करोड रुपैयाँ बराबरको लेखा परीक्षण हुननसकेको प्रतिवेदनमा उल्लेख छ। जसले लेखा परीक्षण प्रक्रियामा बाह्य अवरोधले कति ठूलो प्रभाव पार्नसक्छ भन्ने देखाएको छ। संघीय मन्त्रालयहरुमध्ये अर्थ मन्त्रालय र मातहतका निकायमा सबैभन्दा धेरै बेरुजु देखिएको छ। कूल संघीय बेरुजु ५३ अर्ब ४८ करोड ७७ लाखमध्ये अर्थ मन्त्रालयकै हिस्सा ३७ अर्ब ६३ करोड ३१ लाख रुपैयाँ (करिब ७० प्रतिशत) रहेको छ। त्यसपछि साबिकको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सात अर्ब १० करोड रुपैयाँ बेरुजु देखिएको छ। यस्तै अन्य मन्त्रालयमा क्रमशः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा एक अर्ब ५३ करोड रुपैयाँ, वन तथा वातावरण मन्त्रालयमा एक अर्ब ३४ करोड रुपैयाँ, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा एक अर्ब १६ करोड रुपैयाँ, शहरी विकास मन्त्रालयमा ८० करोड ५१ लाख रुपैयाँ बेरुजु रहेको छ। परराष्ट्र मन्त्रालयमा ७४ करोड ३४ लाख रुपैयाँ, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा ६५ करोड २६ लाख रुपैयाँ, गृह मन्त्रालयमा ५७ करोड ७२ लाख रुपैयाँ, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा ५२ करोड ४३ लाख रुपैयाँ तथा अन्य मन्त्रालय तथा निकायमा एक अर्ब ३५ करोड ८६ लाख रुपैयाँ बेरुजु रहेको छ। प्रतिवेदनमार्फत महालेखाले राजस्व छुटसम्बन्धी व्यवस्थामा पनि गम्भीर प्रश्न उठाएको छ। प्रतिवेदन अनुसार आर्थिक बर्ष ०८१/८२ मा भन्सारतर्फ मात्रै ८५ अर्ब २३ करोड रुपैयाँ राजस्व छुट दिइएको छ, जुन अघिल्लो बर्षको ८० अर्बभन्दा बढी हो। तर आन्तरिक राजस्वतर्फ कति छुट दिइयोभन्ने तथ्यांक नै उपलब्ध नभएको उल्लेख गरिएको छ। साथै साफ्टा सुविधा अन्तर्गत पाँचअर्ब ७१ करोड छुट, अन्तःशुल्कमा ४९ करोड ६३ लाख छुट, वैदेशिक सहायता आयोजनामा छअर्ब १२ करोड ७६ लाख छुट दिइएको प्रतिवेदनमा उल्लेख छ। महालेखाले सार्वजनिक निर्माणमा कर छुटको लाभ आयोजनाभन्दा निर्माण व्यवसायीले बढी लिइरहेको पनि औंल्याएको छ। प्रतिवेदनले सार्वजनिक खर्च व्यवस्थापन, खरिद प्रक्रिया, बजेट कार्यान्वयन तथा लेखा प्रणालीमा कमजोरी कायम रहेको निष्कर्ष निकालेको छ। साथै बेरुजु फर्स्योट प्रक्रिया प्रभावकारी बनाउन, अभिलेख व्यवस्थापन सुधारगर्न र आर्थिक अनुशासन कड्याइकासाथ लागूगर्न प्रतिवेदनमार्फत सरकारलाई सुझाव दिइएको पाइन्छ।

**जेनजी आन्दोलन बाधक :** जेनजी आन्दोलनको असर लेखापरीक्षणमा पनि देखिएको छ। महालेखा परीक्षक तोयम रायाले गत शुक्रवार महालेखा परीक्षक कार्यालयको प्रतिवेदनबारे जानकारीदिँदै कतिपय निकायले जेनजी आन्दोलनलाई देखाएर विवरण उपलव्ध नगराएका कारण लेखापरीक्षण हुननसकेको बताउनु भएको थियो। उहाँकाअनुसार गत बर्ष ७५३ स्थानीय तहको लेखा परीक्षण गरिएकोमा यस बर्ष ७२१ स्थानीय तहकोमात्रै लेखापरीक्षण गरिएको छ। कतिपय स्थानीय तहले अनुकूल अवस्था नभएको भन्दै अडिट नगराएको तथा आन्दोलनका कारण कार्यालय क्षति र कागजात व्यवस्थित नभएकाले अडिट हुननसकेको उहाँको भनाइ छ। रायाका अनुसार यस बर्ष संघीय, प्रदेश, स्थानीय तह, संगठित संस्था र संघीय कानूनद्वारा तोकिएका अन्य संस्था तथा समिति समेतको कूल ९४ खर्ब ८४ अर्ब ५० करोडको लेखा परीक्षण भएको छ। कूल १७९ वटा कार्यालयको कागजात जल्दा १ खर्ब ४७ अर्ब ९० करोड रुपैयाँ बराबरको लेखा परीक्षण प्रभावित भएको महालेखा परीक्षक रायाले जानकारी दिए। यद्यपि स्थानीय तहको बेरुजु तीन बर्षयता लगातार घट्दोक्रममा रहेको उहाँले बताउनुभएको थियो। केही स्थानीय तहको लेखापरीक्षण हुननसके पनि समग्र रुपमा वित्तीय अनुशासनमा सुधार देखिएको रायाको भनाई थियो।

**अशुली सुस्त :** महालेखापरीक्षक तोयम रायाले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेश गरेको महालेखापरीक्षकको आर्थिक बर्ष ०८१/०८२ को ६३ औं वार्षिक प्रतिवेदनमा बेरुजु अशुली कमजोर रहेको औंल्याइएको छ। राष्ट्रपति भवन शीतलनिवासमा गत शुक्रवार आयोजित एक विशेष समारोहका बीच महालेखापरीक्षक रायाले सो प्रतिवेदन पेश गर्नुभएको थियो। नेपालको संविधानको धारा २४१ बमोजिम महालेखापरीक्षकको जिम्मेवारी तथा धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन पेश गरिएको जानकारीदिँदै महालेखापरीक्षक रायाले सार्वजनिक स्रोत-साधनको परिचालन नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यका आधारमा लेखापरीक्षण गरी प्रतिवेदन तयार गरिएको बताउनुभएको थियो। प्रतिवेदनअनुसार आर्थिक बर्ष ०८१/०८२ मा कूल ५ हजार ५२६ निकायको ९४ खर्ब ८४ अर्ब ५० करोड रुपैयाँ बराबरको लेखापरीक्षण सम्पन्न गरिएको छ। जसमध्ये संघीय मन्त्रालय तथा निकायतर्फ ३ हजार ५० कार्यालयको २९ खर्ब १७ अर्ब ९५ करोड, प्रदेश मन्त्रालय तथा निकायतर्फ १ हजार १२४ कार्यालयको ३ खर्ब २० अर्ब ३० करोड, स्थानीय तहतर्फ ७२१ निकायको ११ खर्ब ९ अर्ब ५२ करोड तथा समिति एवं अन्य संस्थातर्फ ५७७ निकायको ४ खर्ब ४७ अर्ब ७७ करोड रुपैयाँको लेखापरीक्षण गरिएको छ। त्यस्तै संगठित संस्था तथा संघीय कानूनद्वारा स्थापित ४४ संस्थाको ५४ आर्थिक बर्षको ४६ खर्ब ८८ अर्ब ९६ करोड रुपैयाँ बराबरको लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणको प्रभावस्वरुप यस बर्ष कूल १४ अर्ब ६३ करोड २७ लाख रुपैयाँ असुलभई सम्बन्धित राजस्व खातामा जम्मा भएको छ। जसमध्ये लेखापरीक्षणका क्रममा ५७ करोड ६९ लाख, प्रारम्भिक प्रतिवेदन पठाएपछि ९० करोड ४८ लाख तथा सम्परीक्षणका क्रममा १३ अर्ब १५ करोड १० लाख रुपैयाँ असुल भएको हो। यस बर्ष कूल ६३ अर्ब १२ करोड ९५ लाख रुपैयाँ बराबरको बेरुजु सम्परीक्षण गरिएको छ। वार्षिक प्रतिवेदन पेश गर्नुअघि कार्यालयबाट प्राप्त भएका सबै परीक्षणगरी संघीय, प्रदेश र स्थानीय तहसमेत गरी ९०२ वटा राय-सुझावसहितका प्रतिवेदन जारीगरिएको महालेखापरीक्षक रायाले जानकारी दिनुभएको थियो। लेखापरीक्षणलाई थप पारदर्शी, निष्पक्ष र गुणस्तरीय बनाउन वेबसाइट, एफएम रेडियो तथा भर्चुअल अन्तरक्रियामार्फत सरोकारवालासँग समन्वय गरिएको तथा टोल-फ्री नम्बर र इमेलमार्फत गुनासो लिने व्यवस्था गरिएको कार्यालयले जनाएको छ। महालेखापरीक्षकको कार्यालयले यसबर्ष १५ विषयमा कार्यमूलक तथा एक विषयमा वातावरणीय विशेष लेखापरीक्षण सम्पन्न गरेको छ। महालेखापरीक्षक रायाले प्रतिवेदनमा औंल्याइएका विषयमा अपेक्षित सुधार नहुँदा उस्तै प्रकृतिका बेरुजु दोहोरिने गरेको उल्लेखगर्दै संघीय संसद्, प्रदेशसभा तथा स्थानीय तहबाट प्रतिवेदनमाथि प्रभावकारी कार्यान्वयन हुने अपेक्षा व्यक्त गर्नुभएको थियो।

**विकास बजेट खर्च कमजोर :** नेपालमा पछिल्ला बर्षहरुमा विकास बजेट खर्च कमजोर बन्दै गएको देखिएको छ। चालु आर्थिक बर्ष ०८२/८३ को १० महिना सकिन लाग्दा सरकारले ११ खर्ब ५३ अर्ब बजेट खर्चगरेको छ। सरकारी खर्च आम्दानीको हिसाब राख्ने महालेखा नियन्त्रक कार्यालयकाअनुसार चालु आवका लागि ल्याइएको १९ खर्ब ६४ अर्ब बजेट मध्येबाट सरकार ५८.७५ प्रतिशत बजेट खर्चगरेको हो। कूल बजेटमध्ये सरकारले चालु शिर्षकमा ११ खर्ब ८० अर्ब छुट्याइएको बजेटबाट ८ खर्ब ९ अर्ब बजेट खर्च भएको छ। यो खर्च उक्त शिर्षकमा विनियोजित बजेटको ६८.०४ प्रतिशत हो। कार्यालयका अनुसार विनियोजित बजेटमध्ये सबैभन्दा बढी चालुतर्फको शिर्षकमा बजेट खर्च भएको छ। चालु खर्च भनेको सरकारको दैनिक सञ्चालन र नियमित कार्यहरु का लागि गरिने खर्च हो। यो खर्चले नयाँ सम्पती सिर्जना गर्दैन वा दीर्घकालीन प्रतिफल दिँदैन। सामान्यतया यो कूल बजेटको ५८-६२ प्रतिशत सम्म पुग्ने गर्छ। त्यस्तै सरकारले पूँजीगत शिर्षकमा चालु बर्षका लागि ४ खर्ब ७ अर्ब विनियोजन गरेकोमा १ खर्ब ९ अर्ब खर्चगरेको छ। यो खर्च उक्त शिर्षकमा छुट्याइएको बजेटकको २६.८७ प्रतिशत हो। पूँजीगततर्फ सरकारले धेरै खर्चगर्न सकेको छैन। पूँजीगत खर्च सडक, पुल, विद्यालय भवन, अस्पताल, सिंचाई, जलविद्युत जस्ता दीर्घकालीन पूर्वाधार निर्माणमा खर्च हुन्छ। यस्तो शिर्षकमा बजेट खर्च हुन सकेको छैन। खासगरी मध्यपूर्वमा देखिएको तनावले निर्माण व्यवसायीले बिटुमीन इन्धनको अभाव झेलिररहेका छन्। जसको असर पूँजीगत खर्चमा देखिएको छ। यस्तै, वित्तीय व्यवस्थातर्फ सरकारले ३ खर्ब ७५ अर्ब बजेट छुट्टाएकोमा २ खर्ब ४० अर्ब खर्च भइसकेको छ। यो खर्च उक्त शीर्षकमा विनियोजित बजेटको ६४.१६ प्रतिशत हो। महालेखा नियन्त्रक कार्यालयकाअनुसार सार्वजनिक ऋण व्यवस्थापनका लागि सरकारले यस बर्षका लागि छुट्टाएको बजेट पनि ठूलोमात्रमा भएको छ। यो शिर्षकमा छुट्याइएको बजेट सरकारले पहिले लिएका ऋणको सावाँ र ब्याज तिर्नेगरेको छ। सरकारको आम्दानीसमेत उत्साहजनक देखिँदैन। सरकारल १४ खर्ब ८० अर्ब राजस्व उठाउने लक्ष्य राखेकेमा ९ खर्ब ७० अर्ब मात्र संकलन गर्न सकेको देखिएको छ।



**जावफदेहितामा जोड :** राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष महालेखा परीक्षकको आर्थिक बर्ष ०८१/०८२ को वार्षिक प्रतिवेदन पेश गरिएपछि राष्ट्रपति पौडेलले जवाफदेहिताका जोड दिनुभएको छ। राष्ट्रपति भवन शीतल निवासमा गत शुक्रबार आयोजित एक कार्यक्रमका बीच राष्ट्रपति पौडेलसमक्ष महालेखापरीक्षक तोयम रायाले सो प्रतिवेदन पेश गर्नुभएको थियो। त्यसक्रममा बोल्नुहुँदै राष्ट्रपति पौडेलले लामो समयदेखि बढ्दैगएको सरकारी खर्चको बेरुजु हेर्दा सार्वजनिक निकायको जवाफदेहिता, पारदर्शिता र आर्थिक अनुशासन खस्किएको महसुस भएको बताउनुभएको थियो। बेरुजु फछ्र्यौटगरी वित्तीय अनुशासन कायमगर्ने दिशातर्फ अग्रसर हुन सार्वजनिक निकायका पदाधिकारीहरु अझ बढी जवाफदेही हुनुपर्ने उहाँको भनाइ थियो। राष्ट्रपति पौडेलले अनियमित रुपमा हुने सरकारी खर्चलाई निरुत्साहित गरी आर्थिक अनुशासन कायम भएमा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको युवा पुस्ताको आकांक्षा पूरा हुने विश्वास व्यक्त गर्नुभएको थियो। उक्त प्रतिवेदनमा उठान भएका विषयवस्तुले सम्बन्धित निकाय र सरोकारवालाहरुलाई अझ बढी जवाफदेहीताबोध गराउने उहाँले उल्लेख गर्नुभएको थियो। सरकारी खर्च रकमको बढ्दो बेरुजु कमगर्दै आर्थिक अनुशासन, जवाफदेहिता र पारदर्शिता कायम राख्ने कार्यमा महालेखा परीक्षकको कार्यालयको भूमिका महत्वपूर्ण हुने उहाँले बताउनुभएको थियो। आगामी दिनमा संस्थागत सक्षमता, पेशागत क्षमता अभिवृद्धि र आन्तरिक सुशासन कायम गर्नेतर्फसमेत कार्यालय अझ क्रियाशिल हुनुपर्नेमा राष्ट्रपति पौडेलले जोड दिनुभएको थियो।**(उपरोक्त तथ्यांक र बिवरणहरु राससबाट संकलन गरिएका हुन्।)**

# कमरेड निर्मल लामा र नेपालको कम्युनिष्ट आन्दोलन

मोहनबिक्रम सिंह



नेपालको प्रजातान्त्रिक र वामपन्थी आन्दोलनमा कमरेड निर्मल लामाको ठूलो योगदान रहेको छ। यो खुसीको कुरा होकि उहाँले र मैले नेपालको कम्युनिष्ट आन्दोलनमा सँगै कामगर्दै आएका थियौं। त्यस सिलसिलामा उहाँसित मेरो पनि धेरैनै घनिष्ठ र निकट सम्बन्ध रहेको थियो। काठमाडौंमा २०११ सालमा आयोजित जिल्ला पार्टीका सेक्रेटरीको प्रशिक्षण कार्यक्रममा हामी दुवैजनाले सँगै भागलिएका थियौं। त्यो बेला उहाँ काठमाडौं जिल्ला कमिटीको सेक्रेटरी हुनुहुन्थ्योभने म प्युठान जिल्ला कमिटीको सेक्रेटरीको हैसियतले त्यो प्रशिक्षण कार्यक्रममा भाग लिन आएको थिएँ। त्यही प्रकारले दरभंगा प्लेनममा पनि हामीले सँगै काम गरेका थियौं। त्यो प्लेनममा संविधानसभाको पक्षमा जुन बहुमत प्राप्त भयो, त्यसमा उहाँको पनि महत्वपूर्ण योगदान रहेको थियो। काठमाडौंको भद्रगोल जेलमा २०२६ सालमा एक महिनासम्म एक प्रकारको भेलाजस्तो गरेर त्यो बेला विभाजित पार्टीलाई एकताबद्धगर्नका लागि हामीले सँगै तीनओटा प्रस्ताव पास गरेका थियौं। ती प्रस्तावले पछि केन्द्रीय न्युक्लियस बनाएर पार्टीलाई एकताबद्धगर्नका लागि धेरै नै मदत पुऱ्याएका थिए। पछि केन्द्रीय न्युक्लियस निर्माण गरेर हामी बेग्लाबेग्लै टुक्रामा बाँडिएको पार्टीलाई एकताबद्धगर्ने काममा सँगसँगै जुटेका थियौं र त्यस प्रकारको प्रयत्नको परिणामस्वरुप नै बनारसमा २०३१ सालको असारमा पार्टीको चौथो महाधिवेशन सम्पन्न भएको थियो। त्यसले जुन पार्टीको निर्माण गऱ्यो, त्यो त्यसबेलाको नेपालको सबैभन्दा ठूलो कम्युनिष्ट पार्टी थियो। पछि त्यो बेला भारतमा देखापरेको नक्सलवादी आन्दोलनको हाम्रो पार्टीमा परेको असरका कारणले हाम्रो पार्टीमा पनि उग्र वामपन्थी प्रवृत्ति देखा परे र हाम्रो पार्टीमा फुट भयो।

त्यो उग्र वामपन्थी भड्कावका विरुद्ध पनि कमरेड लामा र हामीले सँगसँगै कडा सैद्धान्तिक, राजनीतिक र संगठनात्मक संघर्ष गरेका थियौं। त्यसरी पार्टीभित्र लामाजी र हाम्राबीचमा सहकार्यका कैयौं महत्वपूर्ण र गौरवपूर्ण पाना रहेका छन्। यहाँ यो कुराको उल्लेखगर्नु पनि सायद अप्राशांगिक हुने छैन वा ती कुराको उल्लेख नगर्नु इतिहासलाई गलत प्रकारले प्रस्तुतगर्नु वा ढाकछोपगर्नु नै हुनेछकि पार्टीमा कामगर्ने सिलसिलामा हाम्राबीचमा कैयौं मतभेद पनि देखापर्ने गरेका थिए। भद्रगोल जेलमा तीनवटा दस्तावेज तयारपार्दा उहाँ र हाम्राबीचमा केही मतभेद पनि थिए। त्यो बेला हामीले नेपाली कंग्रेसलाई राष्ट्रिय पूँजीपति वर्गको पार्टी र त्यसकारण नयाँ जनवादी क्रान्तिको मित्रशक्ति मान्ने विश्लेषणलाई बदलेर त्यसलाई पनि राजासरह सामन्त, दलाल र नोकरशाही पूँजीपति वर्गको पार्टी भएको विश्लेषणगर्दै त्यसलाई दुश्मन शक्ति भएको विश्लेषण गरेका थियौं। हाम्रो त्यो विश्लेषणसित उहाँले मतभेद राख्नुभएको थियो। तर जेलबाट बाहिर आएपछि उहाँ त्यो बेला भद्रगोल जेलको भेलाले गरेको हाम्रो विश्लेषणसित सहमत हुनुभएको थियो। उहाँले आफ्नो संस्मरणमा त्यो कुराको उल्लेख पनि गर्नुभएको छ। त्यसरी उहाँ र हाम्राबीचको सम्बन्धमा एकतामा विरोध र विरोधमा एकता अन्तर्निहित थियो। त्यसरी एक वा अर्को अर्थमा उहाँ र हाम्राबीचको सम्बन्धको प्रकृति द्वन्दात्मक प्रकारको थियो। पछि पनि हाम्राबीचको सम्बन्ध त्यही प्रकारले द्वन्दात्मक रुपमा अगाडि बढ्दैगएको थियो।

पञ्चायती चुनावलाई उपयोगको प्रश्नमा हाम्राबीचमा गम्भीर प्रकारको मतभेद देखापऱ्यो। पार्टीका कैयौं केन्द्रीय समितिका बैठक, भेला वा सम्मेलनमा हाम्रा र उहाँका बीचमा गम्भीर प्रकारका मतभेद देखा परे। पछि लामाजी र म दुवै जना केन्द्रीय कमिटीमा नभएको बेलामा पार्टीभित्र गम्भीर प्रकारको मतभेद देखापऱ्यो। त्यो मतभेदका सिलसिलामा केन्द्रीय कमिटीका छजना साथीले केन्द्रीय कमिटीबाट राजीनामा दिनुभयो र त्यो राजीनामालाई सार्वजनिक पनि गर्नुभयो। त्यो घटनाबारे बिचारगर्न २०४० सालमा गोरखपुरमा पार्टीको एउटा सम्मेलन भयो। छजना साथीहरुले दिएको राजीनामा र उहाँहरुले त्यसलाई सार्वजनिक गरेको विषयमा लामाजी र हाम्राबीचमा गम्भीर प्रकारको मतभेद देखापऱ्यो र त्यही कारणले पार्टी विभाजित पनि भयो। त्यसपछि पार्टी नेकपा (मसाल) र नेकपा चौथो महाधिवेशनका बीचमा विभाजित पनि भयो। त्यो हाम्रो पार्टीको इतिहासको अत्यन्त दुःखद र अप्रिय घटना थियो। त्यसले पार्टीलाई धेरैनै क्षति पुऱ्यायो। हामीलाई के लाग्दछभने गोरखपुरको सम्मेलनमा हाम्राबीचमा केही समझदारी बन्न सकेको भए त्यो दुःखद घटनालाई रोक्न सकिन्थ्यो र रोक्नु पनि पर्दथ्यो। त्यसो हुन सकेको भए पार्टी पछिल्ला दिनका धेरै क्षतिबाट बच्न सक्दथ्यो। त्यसरी त्यो बेला पार्टीमा जुन फुट भयो, त्यो गम्भीर प्रकारको गल्ती थियो।

त्यसको लागि को कति जिम्मेवार थियो ? त्यसको मूल्यांकन हुनु आवश्यक छ वा इतिहासले त्यसको मूल्यांकन गर्नेछ। पाँचौं महाधिवेशनपछि पार्टी पातलो र मोटो मसाल/मशालको रुपमा विभाजन भयो। त्यसपछि हाम्रो पार्टी नेकपा (मसाल), नेकपा (चौथो महाधिवेशन), नेकपा (मशाल) र सर्वहारावादी श्रमिक संगठनकाबीचमा पार्टी एकताको कुरा चल्यो। अन्य पक्षको जोड पहिलो दिन भेटभएको बेलामा नै पार्टीएकता गर्ने कुरामा थियो तर हामीले पहिले हाम्राबीचमा भएका सबै मतभेदबारे विस्तृतरुपले छलफल गरेर मात्र पार्टीएकता गर्नुपर्ने कुरामा जोड दियौं। फलतः हाम्राबीचमा पार्टीएकताबारे सहमति हुनसकेन। त्यसपछि अन्य पक्षकाबीचमा पार्टीएकता भयो र नेकपा (एकता केन्द्र) गठन भयो। लामाजीको नेतृत्वको चौथो महाधिवेशन पनि त्यसमा सामेल भयो र हामी त्यसबाट अलग रहयौं। पछि चौथो महाधिवेशन पनि त्यसबाट अलग भयो र लामाजीको नेतृत्वमा नेकपा (एकता केन्द्र) का रुपमा त्यसको बेग्लै अस्तित्व रहिरह्यो। त्यसपछि लामाजी तथा कमरेड चित्रबहादुर केसी र मेराबीचमा कैयौं गोप्य बैठक भए। ती सबै बैठक लामाजीको घर भएको स्थान म्हेपीमा नै हुनेगरेका थिए तर लामाजी एकताकेन्द्रको नेतृत्वबाट हटेकाले र त्यसपछि छिट्टै उहाँको मृत्यु भएको हुनाले उहाँसितको एकताको वार्ताको सार्थक परिणाम निस्केन। लामाजीको मृत्यु भएपछि पनि उहाँसित भएको कुराकानीको सिलसिला अगाडि बढेर एकताकेन्द्रसित हाम्रो पार्टी एकता पनि भयो तर त्यो एकता दिगो रहन सकेन। हामीलाई लाग्छ, लामाजी जीवित भएको भए र उहाँ एकताकेन्द्रको नेतृत्वमा पनि रहिरहेको भए चौथो महाधिवेशनको कालमाजस्तै हाम्राबीचको एकता सुदृढ हुन्थ्यो। त्यो एकतामा स्थायित्व पनि आउने थियो र त्यसले नेपालको कम्युनिष्ट आन्दोलनमा पनि धेरै योगदान दिने थियो। माथिको संक्षिप्त विवरणबाट प्रष्ट हुन्छकि लामाजी र हाम्राबीचमा अत्यन्त घनिष्ठ प्रकारको सम्बन्ध थियो। बीच बीचमा हाम्राबीचमा मतभेद देखा परेपनि वा कुनैबेला ती मतभेद फुटको रुपसम्म विकसित भएपनि त्यसबेलाका मतभेद र फुटकाबीचमा पनि हाम्राबीचमा अत्यन्त घनिष्ठ र मैत्रीपूर्ण सम्बन्ध रहिरह्यो। त्यसले उहाँ र हाम्राबीचको एकता र विरोधको द्वन्दात्मक प्रकृतिलाई नै बताउँछ।

उहाँको जीवनको अन्त्य कालमा त्यस प्रकारको मैत्री सम्बन्धले अत्यन्त घनिष्ठ र गाढारुप लिएको थियो तर उहाँको स्वास्थ्य र मृत्युका कारणले त्यो सम्बन्ध ठोसरुपमा अगाडि बढ्न सकेन। त्यसका लागि हामीलाई धेरैनै दुःख छ। कमरेड लामाको निधनपछि तुरुन्तै लेखेको एउटा लेखमा उहाँसितको एकता र विरोधको सम्बन्धलाई मैले आफ्नो पिताजी खिमविक्रमसित पनि तुलना गरेको थिएँ। उहाँसित मेरो अत्यन्त आत्मीय सम्बन्ध थियो। उहाँले प्युठानमा पार्टीको निर्माण र किसान आन्दोलनमा पनि महत्वपूर्ण योगदान दिनुभएको थियो। २०१० सालमा प्युठानमा तीन महिनासम्म चलेको आवासीय शिक्षण शिविर नेपालको कम्युनिष्ट आन्दोलनमात्र होइन, नेपालको सम्पूर्ण राजनीतिक इतिहासको नै अद्वितीय उदाहरण थियो। त्यसभन्दा पहिले र त्यसपछि पनि त्यस प्रकारको लामो आवासिय **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## अमेरिकाका राष्ट्रपतिको हालैको चीन भ्रमण र संभावनाहरु

कर्तव्य

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको हालैको चीन भ्रमण र संभावनाहरुका बिषयमा बिश्वभरी नै ब्याख्या बिश्लेषण र आंकलनहरु हुनथालेका छन्। गत साता बुधबार चीन पुग्नुभएका ट्रम्पले बिहीबार चीनको बेइजिङमा चीनका राष्ट्रपति सि जिन पिङसँग बिशेष महत्वपूर्ण वार्ता गर्नुभएको थियो। गत शुक्रबार सहमतिपत्रमा हस्ताक्षर गरेर ट्रम्प अमेरिका प्रस्थान गर्नुभएको थियो। वार्तामा व्यापारिक कर विवाद, ताइवान, दुर्लभ खनिज पदार्थ, कृत्रिम बुद्धिमत्ता (एआई), सेमीकन्डक्टर प्रविधि तथा इरान युद्ध मुख्य एजेन्डा रहेका थिए। ट्रम्प गत बुधबार एयरफोर्स वनबाट बेइजिङमा ओर्लिनुहुँदा भव्य स्वात भएको बीबीसीले जनाएको थियो। ट्रम्पलाई चीनका उपराष्ट्रपति हान झेङले भव्य स्वागत गर्नुभएको थियो। तीनदिने भ्रमणमा उहाँले भन्सार शुल्क, प्रविधि, इरान युद्ध तथा ताइवान मामिलाबारे छलफल गर्नुभएको अन्तराष्ट्रिय सञ्चार माध्यमहरुले जनाएका छन्। मध्यपूर्वमा अमेरिकाले सञ्चालन गरिरहेको सैन्य अभियानका कारण आलोचना र



विवाद बढिरहेका बेला उहाँ चीन पुग्नुभएकाले विश्वमै चीन र अमेरिकाबीचको वार्तालाई महत्वका साथ हेरिएको थियो। ट्रम्पको साथमा छोरा इरिक, व्यापारी एलन मस्क, टीम कुक, ल्यारी फिंक, केली अटवर्ग रहनुभएको थियो। बेइजिङ उड्नुअघि ट्रम्पले ट्रुथमा असाधारण क्षमताका नेताकारुपमा सीको प्रशंसा गर्नुभएको थियो। उहाँले क्षमतावान् सीको नेतृत्वमा जनवादी गणतन्त्र चीन अझै उच्च तहमा पुगोस् मेरो चाहाना छ भन्नुभएको थियो। ट्रम्पसँगै १७ जना अमेरिकी उद्योगपति पनि चीन पुगेका थिए। भ्रमणकाक्रममा चीनले ५०० बोइङ ७३७ म्याक्स, १०० बोइङ ७८७ ड्रिमलाइनर र केही ७७७एक्स वाइडबडी विमान खरिदगर्न सक्ने चर्चा छ। ट्रम्पसँगै अमेरिकी विदेशमन्त्री मार्को रुबियो पनि चीन पुग्नुभएको थियो। चिनियाँ राष्ट्रपति



सी जिनपिङले भ्रमणलाई माइलस्टोन अर्थात ऐतिहासिक महत्वको भ्रमणकारुपमा वर्णनगर्दै दुवै देशले रचनात्मक रणनीतिक स्थिरतामा आधारित नयाँ सम्बन्ध निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ। उहाँले भविष्यमा सम्बन्धलाई थप सन्तुलित र स्थिर बनाउने दिशामा सहकार्य जारी रहने विश्वास व्यक्त गर्नुभएको छ। सीले अमेरिकी राष्ट्रपति ट्रम्पलाई ह्वाइट हाउसको रोज गार्डेनका लागि चिनियाँ फूलका बिउ पठाउने वाचा पनि गर्नुभएको भनिएको छ। यसलाई दुई नेताबीचको व्यक्तिगत सम्बन्धलाई मैत्रीपूर्ण बनाउन गरिएको सांकेतिक पहलका रुपमा हेरिएको छ। शिखर सम्मेलनको पहिलो दिनपछि फक्स न्युजसँगको अन्तर्वार्तामा ट्रम्पले सी जिनपिङ अमेरिकी पक्षका धेरै प्राथमिकतामा सकारात्मक देखिएको बताउनुभएको थियो। उहाँका अनुसार चीनले अमेरिकी बोइङ कम्पनीका २०० वटा ठूला जेट विमान खरिदगर्ने समझदारी भएको छ। यद्यपि यसबारे औपचारिक विवरण सार्वजनिक गरिएको छैन। ट्रम्पले चीनले अमेरिकी तेल र सोयाबिन खरिदमा पनि रुचि देखाएको जानकारी दिनुभएको छ। पछिल्ला वर्षहरुमा व्यापारिक कर र द्विपक्षीय तनावका कारण चीनले अमेरिकी कृषि उत्पादन खरिद घटाउँदै ब्राजिलतर्फ झुकेको थियो। त्यसैले नयाँ समझदारीले अमेरिकी कृषि बजारलाई राहत दिनसक्ने विश्लेषण गरिएको छ। भेटवार्ताकाक्रममा मध्यपूर्वको अवस्थाबारे पनि छलफल भएको अमेरिकी पक्षले जनाएको छ। ट्रम्पकाअनुसार सी जिनपिङले इरानलाई सैन्य सहयोग उपलब्ध गराउने विषयमा चीनको कुनै योजना नरहेको स्पष्ट पार्नुभएको थियो। साथै विश्व व्यापारका लागि अत्यन्त महत्वपूर्ण मानिने हर्मुज जलघाँटी खुला राख्नुपर्ने पक्षमा चीन रहेको उहाँले उल्लेख गर्नुभएको छ। यसैबीच चिनियाँ विदेश मन्त्रालयले गत शुक्रबार जारीगरेको वक्तव्यमा व्यापक र दिगो युद्धविरामको आवश्यकता औंल्याउँदै अन्तर्राष्ट्रिय ढुवानी मार्गहरु यथाशीघ्र सामान्य अवस्थामा फर्काइनुपर्ने **बाँकी ७ पेजमा**

# आजका सन्दर्भमा विश्व मजदुर आन्दोलनको अवस्था

नारायण शर्मा



आजका सन्दर्भमा विश्व मजदुर आन्दोलनको अवस्थामा केही बदलावहरु आएका छन्। अमेरिकाका अब्राहम लिंकन र फ्रेन्कलीन रुजवेल्ट लगायतका सिमित राष्ट्रपतिकालीन सरकारलाई अपवाद मान्ने होभने अमेरिका स्वतन्त्र भएदेखि वर्तमान डोनाल्ड ट्रम्पसम्म बनेका अढाईसय बर्षको अवधिका प्रायः अमेरिकी सरकार मजदुरप्रती अमैत्रीपूर्ण र अनुदार देखिन्छन्। त्यसरीनै नेपालमा पनि सामान्यतया २०४७ सालमा संसदीय प्रजातन्त्र आएदेखि र विशेषतः २०६३ सालमा लोकतन्त्र आएदेखि यताका सरकारहरुमध्ये हालको वालेन्द्र सरकार सुकुम्बासी, मजदुर लगायतका शोषित-पीडित जनताका संगठन, तिनका हकहित र मुक्तिप्रगतिका लागि हुने आन्दोलन र कम्युनिज्मप्रति मात्र होइन, पूँजीवादी लोकतन्त्रका न्युनतम मूल्यमान्यता- मानव अधिकार, कानूनी राज र लोकतन्त्रप्रति पनि मैत्रीपूर्ण हुन नसकेकोमात्र होइन अलि बेशीनै पूर्वाग्रही र प्रतिशोधी देखिएको छ। यस्तो किन भएको होला ? सुन्दर र सुविधायुक्त संसार सिर्जनागर्ने सत्कर्म र सत्कर्मी सर्वहारा श्रमजीवी सुकुम्बासी मजदुर वर्ग र यिनको श्रम, सीप, आँसु, पसिना र रगतप्रति किन र कसरी यी सरकारहरु यति सारो कृतघ्नी भएका ? यी श्रमिक वर्गको लागि समानता, सुख, शान्ती, समुन्नती र समृद्धिबारे सोंच्ने सिद्धान्त, सिद्धान्तकार र सिद्धान्तनिष्ठ मानिसहरुप्रति यी सरकार वा यी सरकारका सिंहासनमा सवारभै शासन सञ्चालनगर्ने सरकारप्रमुख र शासनव्यवस्था नै किन यसरी अमैत्रीपूर्ण, अनुदार, असहिष्णु, पूर्वाग्रही, विरोधी र प्रतिशोधी भएका हुन् ? ऐतिहासिक मजदुर आन्दोलन दिवस र यसका मार्गदर्शक बिचारक कार्ल मार्क्सका जन्मदिवस क्रमशः मे १ र ५ का सन्दर्भमा भैरहेका यी दुई देशका दुई सरकारहरुका अनपेक्षित र अस्वाभाविक हरकतहरुका पछाडि यिनका के कस्ता शक्ति-प्रवृत्तिले काम गरेका छन् ? यिनका केकस्ता नीति-निर्णय, गतिविधि र काम-कार्वाहीहरुले यी सरकारहरुमाथि यस्ता आशंका, आलोचना र आरोप लाग्नेखालका प्रश्नहरु अहिले ज्वलन्त र जीवन्तरुपमा उठेका छन् ? प्रस्तुत आलेखमा यिनै प्रश्नको उत्तर खोज्ने जमर्को गरिनेछ। आधुनिक लोकतन्त्रको अवलम्बन र विकाद गरेको दुहाइ दिने संयुक्त राज्य अमेरिका मजदुर वर्ग र तिनको आन्दोलनप्रति अति अनुदार भै अलि बढीनै विस्मयकारी हर्कतगर्ने शक्तिराष्ट्र हो। सम्भवतः विश्वइतिहासमै सबैभन्दा पहिले सन् १८४२ मै कमनवेल्थ नामक अदालतको एक ऐतिहासिक निर्णयले श्रमिकहरुले संगठनगर्नु गैरकानूनी होइनभनेर अमेरिकामा मजदुरहरुको ट्रेड यूनियन अधिकारको कानूनीआधार स्थापना गरिदिएको थियो। त्यसको ४४ बर्षसम्म संघर्ष गर्दैगर्दा पनि मजदुरहरुले आफ्ना माग पूरागराउन सकेका थिएनन्। १८८६ मा भएको अमेरिकाको सिकागोका मजदुरहरुको अभूतपूर्व मे आन्दोलनको परिणाम स्वरुप प्राप्त केही अधिकारहरु पनि अमेरिकामै त्यसयताका सरकारहरुले बीचबीचमा सीमितगर्ने र खोस्नेसमेत गरे। तैपनि मजदुर आन्दोलन रोकिएन र सन् १८९४ मा एउटा उल्लेखनीय हडताल भयो जो पुलम्यान हडतालको नामले प्रख्यात छ। त्यसमाथी तत्कालीन राष्ट्रपति ग्रोभर क्लेभलैन्डले संघीय सेना परिचालन गरेर निर्मम दमन गरेपनि उनी ऐतिहासिक दिन मे १ लाई होइन सेप्टेम्बरको पहिलो सोमबारलाई लेवर डेको रुपमा मनाउनको लागि श्रमिकहरुलाई एकदिन बिद्या दिने घोषणागर्न बाध्यभएका थिए। त्यसपछि अमेरिकामा मे डे होइन, लेबर डे त्यो पनि मे १ को ऐतिहासिक दिनमा होइन मजदुर आन्दोलनसँग कुनै नातासम्बन्ध नभएको सेप्टेम्बरको पहिलो सोमबार बिद्या हुनेगरेको छ। तत्पश्चात् राष्ट्रपति फ्रेङ्कलिन रुजबेल्टले सन् १९३५ मा वेग्नर एक्टमार्फत ट्रेड यूनियनको अधिकार र सामाजिक सुरक्षाको केही व्यवस्था गरे भने जोन अफ केनेडीले सामूहिक सौदावाजीको अधिकार प्रदान गरेका थिए। यी बाहेक रिचार्ड निक्सन लगायत अरु धेरै र पछिल्ला रोनाल्ड रेगन र डोनाल्ड ट्रम्पलगायतका राष्ट्रपतिहरु मजदुरप्रति यति अनुदार भए कि उनीहरुले मजदुर आन्दोलनबाट रगतले साटेर प्राप्त गरेका सिमित हकहितमाथी समेत कटौती गरे भने अरु केहीले पनि खासै मजदुरमैत्री काम गरेको पाइन्न, बरु थोरै-धेरै मजदुरविरोधी नीति-विधि निर्माण र काम-कार्वाहीहरु **बाँकी ७ पेजमा**

# पूँजीवादको एक मात्र बिकल्प बैज्ञानिक समाजवाद

लोकनारायण सुवेदी



मानवै सामाज विकासको अध्ययनगर्दा थाहा हुन्छकि मानव समाजको इतिहास नै निरन्तर विकल्पको खोजीको इतिहास हो। यसरी के प्रष्ट छभने मनिसले, मानव समाजले निरन्तर बिकल्पको खोजी गरिरहेको हुन्छ। जुन बिकल्पहरु मानव समाजका लागि उपयोगी हुन्छन् ती अनाइन्छन् र जुन अनुपयोगी सिद्ध हुन्छन् ती परिवर्तन हुन्छन्, गरिन्छन्। अवलम्वन गरिएका बिकल्पहरुको पनि सान्दर्भिकता सकिए पछि या त ती परिमार्जित हुन्छन् र केही थप समय चल्छन् या तिनको पनि अन्त्य हुन्छ। यहीक्रम नै मानव समाजमा निरन्तर चलिरहनेक्रम हो।

निरन्तर सबैले देख्दैभोग्दै र परिवर्तनमा आफुसमेत सामेलहुदै आएको आजसम्मको मानव समाजको अनुभव सिद्ध कुरा नै हो। आजको विश्व इतिहास र हाम्रै देशको पनि इतिहासलाई हेर्ने र केलाउने होभने वास्तवमा मानिसले, मानव समाजले अनेकौ राजनीतिक परिवर्तन गरेर बिभिन्न राजनीतिक पद्धतिलाई अवलम्बन गरे। कयौ सामाजिक अन्ध मान्यता र रुढीबुढीलाई पञ्छाएर नयाँ बैज्ञानिक मूल्य मान्यताहरु पनि स्थापना गरे। यस क्रममा कयौ नया परम्परा र मूल्य पद्धतिहरुको विकास पनि गरे र तिनमा पनि अझ थप नयाँ कुराहरु जोड्दै थप्दै पनि आए। हामीले उत्पादन पद्धतिका हिसावले पनि यस सम्बन्धमा हेर्यौ र बिश्लेषण गर्यौभने धेरै ठूलो आमूल र अपूर्व परिवर्तन आएको सहजै देख्न र बुभ्न सक्छौं। आदिम उत्पादन पद्धति, सामन्ती उत्पादन पद्धतिहुदै आज विश्व पूँजीवादी उत्पादन पद्धतिसम्म आइसकेको छ। अहिले विश्वव्यापी रुपमा चलिरहेको संघर्ष नै वास्तमा पूजीवादी उत्पादन पद्धति र सामाजिक अर्थात् समाजवादी उत्पादन पद्धतिका बिचको संघर्ष हो। यसलाई स्पष्ट भाषामा भन्दा पूंजीको (नाफाको) केन्द्रिकरण र उत्पादनको९श्रमको० सामाजिककीकरण बीचको संघर्षकोरुपमा यो अभिव्यक्त छ। त्यसैले पूंजी र श्रम बीचको संघर्ष - पूजीवादी वर्ग र श्रमजीवी वर्ग बीचको संघर्ष हो यो। कुनै मनोगत रीस-राग, बैमस्यता र बदला लिने मनोगत भावनाबाट प्रेरित र विकसित भएको कुरा होइन परस्पर बिपरीत तत्वको भौतिक या बस्तुगत उपस्थितिका कारण अनिबार्य बनेको कुरा हो, त्यसैले क्रान्ति अवश्यमभावी छ, यसलाई कसैले रोकेर रोक्न सकिदैन भन्ने निष्कर्श निस्किएको या निकालिएको हो। त्यसैले वर्ग संघर्षलाई ब्यक्तिगत झैफगडाको कुरा नभएर यसलाई निर्वैयक्ति हुन्छ भनिएको हो।

आज विश्वमा यो पूँजीवादी उत्पादन पद्धति जति सबलताकासाथ स्थापित भएको छ त्यसलाई परिवर्तनगर्ने सामाजिक उत्पादनका शक्तिहरु पनि लागेपुगेसम्म जोडबल लगाइरहेका छन्। तर त्यो प्रयत्नलाई कमजोर तुल्याउन र आफुलाई बचाउनका लागि पूँजीवादले सबै किसिमका प्रतिकृयावादी र प्रतिगामी शक्तिहरुसँग सम्झौता र साँठगाँठ गरिसकेको र गरिरहेको छ।

यो आजको पूँजीवादको आम चरित्र नै बनिसकेको छ र हो। विकासको यस प्रकारको द्वन्दलाई सही किसिमले बुझ्दै अघिबढ्नाले समाज विकासको सही बाटो प्राप्तगन सहज हुन्छ। अन्यथा विकासका भावनात्मक नाराहरुको तेज धारमा बगेर जाने कुण्ठित या यथास्थितिवादी कुरानै सामान्यरुपमा भइरहेको हुन्छ। समाजको सकारात्मक र उर्द्धगामी आमूल परिवर्तन र विकासको सन्दर्भमा के कुरामा एकदमै प्रष्टहुनु पर्दछभने आर्थिक विकास या समृद्धिले मात्र मानिसलाई मनुष्यताको गरीमा प्रदान गर्नेछभन्ने कुरा निश्चित छैन।

यसको अर्थ हो आर्थिक विकास मानवीय गरीमाको कुनै प्रत्याभूति होइन। किनभने एकपक्षीय आर्थिक विकासका कारण सामाजको बहुसंख्यक वर्ग विकासको पहुँचबाट बञ्चित रहन जान्छ र त्यस कारणले गर्दा मनुष्यको गरिमापूर्ण जीवनबाट टाढै रहन पुग्दछ या बाध्य हुन्छ। त्यसैले सामाजिक समानताको लागि आर्थिक असमानता मेटिनुपर्ने कुरा आएको हो र त्यसले सामाजिक समानता कायम गर्न आधारभूमि तयार गर्दछ भनिएको हो। वास्तवमा सामाजिक असमानताका बिरुद्ध निरन्तर संघर्ष चल्दै आएको कारण नै यही हो। मानव समाजको संघर्षको इतिहासनै भन्ने होभने यही बिषमता हटाउने संघर्षको इतिहास हो र यसैलाई मार्क्सले - 'वर्ग संघर्षको इतिहास' भन्ने सार्थक संज्ञा दिएका हुन्। तर उत्पादनका साधनहरुमाथि हैकम जमाउने शक्तिहरुको एकाधिकारका कारण यो बिषमता या असमानता बिरोधी संघर्षले अहिलेसम्म समानताको मानव समाजको साझा सपना साकार तुल्याउन सकिरहेको छैन। आज त पूँजीवादी अत्याधुनिक कर्पोरेट आर्थिक विकासको बाटोका कारण सामाजिक कल्याण र सरोकारको विषयहरु नै ओझेलमा पर्दैगएको या परिसकेको अबस्थाबाट हामी गुज्रिरहेका छौं। उदाहरणका लागि भन्नुपर्दा बस्तुतः खाद्यान्न सुरक्षाको नीति कर्पोरेट पद्धतिका लागि एकदमै अमान्य छ। यसका अतिरिक्त बिपन्न वर्गलाई दिइने अनुदान या सब्सीडीलाई पनि यस पद्धतिले मन पराउदैन। यसले त मजदुरहरुको अधिकार सुरक्षित राख्ने खालका श्रम कानूनहरुलाई नै बदल्न चाहन्छ र 'हायर एण्ड फायर' गर्ने नीति अबलम्बन गरेर श्रमिकहरुलाई जतिबेला पनि निष्काशन गर्नसक्ने खुल्ला स्थिति सिर्जना गर्न चाहन्छ र गरिरहेको छ। यसरी पूँजीवादको पकडमा उत्पादन पद्धतिलाई राख्ने र चलाउने कसरतमा सरकार बदल्ने, सत्ता बदल्ने र सामाजिक संघसंस्था बदल्ने या बिकल्प खोज्ने प्रकृया चलिरहेको छ, चलाउँदै आएको छ। चुनावहरु पनि यसै परिधिभित्र हुने गरेका छन् र हुन्छन्। यस्तो अवस्थामा परिवर्तनपछि पनि जनताको हालत उस्तै रहनु र अझ खस्किनु अस्वाभाविक हुँदैन। किनकि कर्पोरेट शक्तिलाई मानेर चल्दा विपन्न, बञ्चित, बहिष्करण र असमानतामा परेका बहुसांख्यक जनता छुट्छन्। त्यसैले कुनै पनि चुनावको बेला चकाचौध विकासका भावनात्मक नाराको तिरीमिरी ती जनतालाई देखाएर मतलिने काम हुदैआएको हो र यस्तो भइरहन्छ। तर त्यस्ता निर्वाचनहरुले बिषमता फेलिरहेका बिपन्न वर्गका बहुसंख्यक श्रमजीवी जनताका समस्या **बाँकी ७ पेजमा**

# बिवादमा परेको लिपुलेक, लिम्पियाधुरा र कालापानी तथा नेपालको सरकार

काठमाडौं। नेपाल र भारतका बीचमा यस पटक पनि लिपुलेक र लिम्पियाधुराको बिवाद निकै चर्किएको छ। भारतीय शासक वर्गले लामो समयदेखि नेपालको सीमा अतिक्रमणगर्दै आएको कुरा वरिपरीका छिमेकीलाई मात्र होइन बिश्वनै बिदित भइसकेको छ। हुन त भारत-नेपालका शासक वर्गले ९८ प्रतिशत सीमा बिबाद सल्टिसकेको छ अब केवल २ प्रतिशत सल्टाउन बाँकी छभनेर यसलाई साधारणरुपमा लिने गरेको पनि पाइन्छ। तर नेपालको उत्तर-पश्चिमको लिपुलेक लिम्पियाधुरा र कालापानी क्षेत्र लामो समयदेखि भारतद्वारा मिचिएको र बिजाइरहेको एउटा घोचिरहने बिषय बस्तु बनिरहेको छ। १९६२ देखि भारतले नेपालको त्यो भू-क्षेत्रमा आसन जमाउदै आएको छ। चीन-भारत लडाईमा नराम्रोसँग हार खाएर पछि हट्न बाध्यभएको भारतीय शासक बर्ग नेपालको त्यो भू-भागमा अखडा जमाएर गर्वानुभुति गर्दोहोला। तर बृटिश शासकले नेपालसँग सन्धि गर्दाको जुन सन्धिपत्र अर्थात सुगौली सन्धि छ त्यसले महाकाली पूर्वको समूर्ण जमिन नेपालको हो भन्ने कुरा एकदमै प्रष्ट दर्शाएको छ। अनि महाकारलीको मुहान, त्यसको जलाधार(क्याचमेण्ट) क्षेत्र, पानीको प्रति घनमिटर परिमाण(भोलुम) तथा बहावको हिसाबलेसमेत महाकाली नदी मुहानदेखि तल फुछारसम्म भारतको सीमा नदी होभन्ने कुरा स्वदेशी तथा बिदेशी सीमा बिज्ञहरु उल्लेखगर्ने गर्दछन्। दुइ देशबीचको यो प्राकृतिक परिस्थितिको अखण्डनीय उपस्थितिलाई पनि बृटिश उपनिवेशको गलत बिरासत बोकेको भारतीय शासक वर्गले स्वीकार्न चाहेको देखिदैन। बरु त्यसलाई नेपालका तत्कालीन राजासँगको सहमतिमा लिएको भनेरघुमाउरो पाराले नेपालको त्यो सीमा क्षेत्र उल्लंघन गरेको दर्शाउँदछ। त्यो कुरा स्वयं नै नेपालको महाकाली वारी नेपाल भएको ठहर्छ र भारतले त्यसको दाबी गरेर कृत्रिम कुरागर्नु सरासर गलत छ भन्ने साबित हुन्छ, भइरहेको छ। तर पनि झुटो पनि बारम्बार बोलिरहे त्यौनै सत्यजस्तो लाग्नथाल्छ भन्ने कथनलाई भारतीय शासक बर्गले चरितार्थगर्न खोजेको छ। अहिले वालेन्द्र-रास्वपा सत्ता चल्नथालेपछि पुनः लिपुलेक, लिपियाधुरा र कालापानीको चर्चा हुन थालेको छ। भारतको मोदी सरकारले वालेन्द्र सरकार बनेपछि फेरि उठ्न थालेकोभनेर बीचमा यो कुरा उठ्न छोडेको भान पर्ने गरी कुरा चपाएर बोल्न थालेको छ। त्यसैले नेपालले यो कुरा उठाउनु पर्ने थिएन जस्तो गरेर नेपालमा अलि भिन्न तरीकाले यो कुरा फेरि उठ्न थालेकोभन्ने भाष्य निर्माण गरेर बोल्दैछ र के भन्दै छ भने नेपालको अहिलेको स्वर बढी औपाचरिक र अलि दृढ किसिमले उठेको छ। भारतीय सत्ताका मालिक र तिनका सम्बाहकहरुले यस पटक काठमाडौंले कुटनीतिक सम्वादको इच्छा त जनाएको अवश्य छ तर के नेपालले यसको समाधान चाहेको हो त भन्ने सन्देह प्रकटगर्दै यदि होभने नेपालले ब्यवहारिक किसिमले प्रस्तुत हुनुपर्नेछ भन्ने 'नरम धम्की' दिन खोजेको प्रतीत हुन्छ। अहिले पछिल्लो समयमा लिपुलेक खोचलाई कैलास मानसरोवर यात्राकालागि दोश्रो पटक खोल्ने भारतको घोषणा र त्यसकाबारेमा हाम्रो देशको वालेन्द्र सरकारले आपत्ति जनाएपछि भारत र नेपालका बीचको सम्बन्धमा बेला बेलामा उत्पन्न हुने गरेको तनाव कै पछिल्लो कडी पनि त्यस्तै तनावको अंश हो भनेर ब्याख्या गरिदैछ। यसले पहिला पनि दुइ देशका बीचको सम्बन्धमा एउटा कूटनीतिक अमिलोपना पैदागर्ने बिषय बन्ने गरेको थियो प्रष्ट पार्दछ। नेपालको लिपुलेक लिम्पियाधुरा र कालापानीको प्रश्न पुरानै हो। यद्यपि यस पटक त्यसको स्वर बढी औपचारिक र दृढजस्तो देखिन्छ भन्ने भाष्य भारतको सत्ताले बनाएको देखिदैछ। काठमाडौंले पहिलादेखिनै भन्दै आएको हो कि लिम्पियाधुरा, लिपुलेक र कालापानी महाकाली नदीको पूर्व अवस्थित ती क्षेत्रहरु हुन् जुन १८१६ मा बेलायती साम्राज्यबाको इस्ट इण्डिया कम्पनी र नेपालका बीच भएको सुगौली सन्धिका अनुसार त्यो सबै क्षेत्र नेपालको भूभाग हो। तर भारत र चीनले नेपालको सहमति नलिइकन त्यस क्षेत्रबाट मानसरोवर तीर्थ पर्यटन तथा ब्यापार मार्गका लागि बाटो खोल्ने र प्रयोगगर्ने तयारी गरिरहेका छन्। यहाँ उल्लेखनीय के छभने २०१९ मा जतिबेला भारतीय सत्ताले जम्मू-कश्मिरलाई बिभाजन गरेर केन्द्र शासित प्रदेश बनायो त्यतिबेला पनि नेपालले कडा आपत्ति जनाएर कालापानीलाई नेपालको अभिन्न अंग हो भन्ने कुरा दोहोर्‍याएको थियो।

उता भारतले पनि आफ्नो पक्ष पनि उत्तिकै स्पष्ट छ भन्ने दाबी गर्न छाडेको छैन। यस सन्दर्भमा नयाँ दिल्ली के भन्नेगर्दै आएको छ भने लिपुलेक बाटोबाट कैलाश-मानसरोवर यात्रागर्ने कुरा कुनै नयाँ कुरा र ब्यवस्था होइन। त्यो त १९५४ देखिनै चलिआएको प्रचलित परम्पराको मार्ग हो भन्ने कुरामा जोडदिँदै आएको छ। यद्यपि यो भारतका लागि केवल तीर्थयात्राको प्रश्न मात्र रहेको कुरा होइन, उत्तराखण्डबाट तिब्बतसम्म जोडिएको एउटा पुरानो सम्पर्क बिन्दु पनि होभन्ने दाबी उसले गर्नेगरेको छ। जसलाई भारतीय शासक बर्गले प्रशासनिक तथा ऐतिहासिकरुपले आफ्नो भू-भाग रहँदै आएको मान्दछ। अहिलेको पछिल्लो घटनाक्रम यस्तो बेलामा पुनः सामुमा आएको छ कि जतिबेला भारतका बिदेश सचिव बिक्रम मिसरीको काठमाडौं भ्रमण प्रस्तावित रहेको छ। यस्तो स्थितिमा यो अहिले उठेको बिबाद केवल सीमा रेखाको बिबादमात्र नरहेर त्योभन्दा बढी भारत-नेपाल सम्बन्धको संवेदनशीलता, छिमेकी नीतिको परिपक्वता तथा हिमाली भू-राजनीतिक जटीलताहरुसँग पनि यो जोडिन पुगेको एउटा संवेदनशील प्रश्न बनेको भारतको बिश्लेषण छ। त्यसैले समस्या केवल दाबी र प्रतिदावीको मात्र होइन भनिदैछ। यसमा मूल प्रश्न के बनेको बताइदैछ भने आखिर यस्ता बिबादहरुको स्थायी समाधान के के हुनसक्छ ? प्रश्न उठाइएको छ। अनि के कुरा पनि अघि सारिदैछ भने भारत र नेपालको सम्बन्धको प्रकृति कुनै सामान्य छिमेकी देश बिचको सम्वन्ध जस्तो मात्रै छैन पनि भनिदैछ। लामो खुल्ला सीमाना, सीमा वारपार रोटीबेटीको सम्वन्ध,निकै गहिरो साँस्कृतिक निकटता तथा सामरिक परस्परता जस्ता सबै कुराले दुइ देशलाई स्वाभाविक र अनिबार्य साझेदार पनि बनाएको उल्लेख गरिने गरेको छ। यसै कारणलेगर्दा दुइ देश बीचको सीमा बिबाद, जतिसुकै पुरानो नै किन नहोस् त्यसले राजनीतिकरुपमा बहुतै छिटो भावनात्मकरुप लिन पुग्छ।

भारतले के बिर्सनु हुँदैन पनि भन्ने गरेको छ भने सन्१९६२ को भारत-चीन युद्ध पछिदेखि नै भारतले कालापानीमा भारतीय चौकीहरु स्थापित गरेको र त्यहाँबाट अहिलेसम्म हटेको पनि छैन। नेपालले लामो समयसम्म यस बारेमा मौन बस्ने कामगर्दै आएको पनि भारतले उल्लेख गर्नेगरेको छ र त्यो नेपालकै भूभाग भए पनि यसरी दशकौंसम्म मौन बसेको भन्ने झुटो कुरागर्न पनि छाडेको छैन। यो कुरा अहिले वालेन्द्र सरकार आए पछि मात्र पुनः उठाउन खोजेको र भारतसँग कुटनीतिक वार्ता जारी राख्ने मनशाय प्रकट गरेको भाष्य बनाउदैछ। यद्यपि नेपालमा यो कुरा जनस्तरमा त लगातार अविछिन्नरुपमा उठ्दै आएको हो भने सरकारस्तरले पनि कहिले मन्द त कहिले निकै तीव्ररुपमा यो सीमा अतिक्रमणको प्रश्न उठाउने गर्दैआएका हुन्। भारतसँग उहिलेदेखि हामीले हडप गरिराखेको र नेपालले फिर्ता लिन नसकेकोले त्यो हाम्रै ठहरिन्छ भन्नु बाहेक अरु कुनै ठोस दशी प्रमाण भारतीय शासक बर्गसँग छैन। त्यसैले उसले नेपाल यो समस्याको समाधान चाहन्छ भने ब्यवहारिक बन्नु पर्ने भन्ने जुन घोइरो कुरा गर्दैछ र के उपदेश दिदैं छ भने नेपालले आन्तरिक राजनीतिबाट माथि उठ्नु पर्दछ र ब्यवहाकि ढंगले सम्वादको दिशामा अघि बढ्नु पर्दछ। यसको अर्थ र अन्तर्य के देखिन्छ भने नेपाललाई फस्याउङ्ग फुस्लुङ्ग पार्न सकेसम्म पार्ने नसके यो सीमा अतिक्रमणको समस्यालाई उल्झाइराख्ने र गलाउने। यसरी पुरातन उपनिवेशबादी जालझेलको परिधिबाट बाहिर निस्केर सानो र शान्त छिमेकीसँग सौहार्द्रपूर्ण सम्बन्ध कायम राख्ने भारतीय सत्ताको मनशाय देखिदैन। त्यसैले यो समस्या नेपालका लागि एउटा निरन्तर बिजाइराख्ने समस्या भएर रहने देखिन्छ। नेपालले समाधानका सबै शान्तिपूर्ण बिकल्पहरुतर्फ कदम बढाउनु बाहेक समाधाको सही उपाय छैन र हुन पनि सक्दैन। ऐतिहासिक दस्ताबेजहरु, सन्धिपत्रहरु र प्राकृतिक अवस्थिति सबैले नेपालको साथ दिएका छन्। भारतीय शासक बर्गको उपनिवेशबादी पुरानै हठलेमात्र सधैं अप्ठ्यारो पार्ने गर्दैआएको छ। यसमा चीनको संलग्नता ब्यापारिक दृष्टिकोणले भएको देखिन्छ। भारतको जस्तो प्रादेशिक(टेरिटोरियल) अतिक्रमणको स्वार्थ उसको देखिदैन। नेपाल, चीन र भारत तीनै पक्ष मिलेर उहिल्यै खसमल्ल कालीन शासन सत्ता रहेकै बेलादेखिको यो तीर्थ पर्यटन मार्ग नेपालले खुल्ला गरेको इतिहास पनि रहेको कुरा बिज्ञहरुले बताउँदै आएको र इटालियन इतिहासका प्रोफेसर टुचीले उल्लेख गरेको र त्यो उहिलेदेखि नै नेपालको अखण्ड भूभाग रहेको यथार्थ पनि थप औल्याइरहेका छन्। त्यसैलेसैन्य शक्तिको धम्की( गनबोट डिप्लोमेसी) होइन, शान्तिपूर्ण वार्तापिसफुल डायलग)द्वारा तिनै पक्षको सहमतिमा यो समस्या हल हुने देखिन्छ। यसबाट दायाँ बायाँ लागेर समस्या बल्झाउने काम दुइ ठूला छिमेकी त्यसमा पनि भारतले नगरोस्। यसैमा तीनै पक्षको सम्मान, समभ्कदारी र समानताको थप बिकासको बाटोपनि फराकिलोहुन्छ। सम्बन्धका बिजाउने कुराहरु पनि सल्टिएर जान्छन्। यो आजका सन्दर्भमा बिचारणिय बिषय हो।

## साहित्य र सिर्जना

### पूर्णप्रसाद ब्राम्हणको नयाँ कृतिको लोकार्पण

काठमाडौं। काठमाडौंमा हालै आयोजित एक समारोहबीच वानीरा फाउण्डेशनले शताब्दी पुरुष सत्यमोहन जोशी को १०७ औं जयन्ती मनाएको छ। सोही अवसरमा महासमालोचक वासुदेव त्रिपाठीले नरेन्द्रराज प्रसाईंद्वारा लिखित सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राम्हण नामक कृतिको लोकार्पण गर्नुभएको थियो। उक्त कृति ४२ वर्षअघि नरेन्द्रराज प्रसाईंले




पूर्णप्रसाद ब्राम्हणसँग लिएको अन्तर्वार्तामा आधारित रहेको छ। सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राम्हण नइ एकेडेमी को १९३ औं कृति हो। वानीरा फाउण्डेशनका सदस्यसचिव नरेन्द्रराज प्रसाईंकाअनुसार कृतिमाथि वासुदेव त्रिपाठी र केशव सुवेदीले विस्तृत समीक्षा प्रस्तुत गर्नुभएको छ। कार्यक्रममा प्रमुख अतिथि डा.त्रिपाठीले पूर्णप्रसाद ब्राम्हण विषयमा विद्यावारिधि गर्नुभएका नुरापति पोखरेललाई सम्मान गर्नुभएको थियो। वानीरा फाउण्डेशन अध्यक्ष इन्दिरा प्रसाईंको सभापतित्वमा सम्पन्न समारोहमा कवेरी जोशी, दिनेश शर्मा, सदस्यसचिव नरेन्द्रराज प्रसाई तथा कार्यक्रम संयोजक भगवती बस्नेतले शताब्दी पुरुष डा.सत्यमोहन जोशीको योगदान र नवप्रकाशित कृतिबारे चर्चा गर्नुभएको थियो।

### माटोदेखि मैदानसम्म वृत्तचित्रको चर्चा

काठमाडौं। वृत्तचित्र (डकुमेन्ट्री) माटोदेखि मैदानसम्म स्क्रिनिङ गरिएको छ। नेपाल कबड्डी लिग दोश्रो सिजन तयारीकाक्रममा एनकेएल एन्थम गीत पनि सार्वजनिक गरियो। लविम मल, पुल्चोकस्थित क्युएफएक्समा हालै आयोजित कार्यक्रममा स्क्रिनिङ गरिएको वृत्तचित्रले भगवान् गौतम बुद्धले हुतुतुका रुपमा कबड्डी खेलेको इतिहासलाई पनि देखाइएको छ। निशान शाहीद्वारा निर्देशित डकुमेन्ट्रीमा ०३४ सालमा स्थापित अखिल नेपाल कबड्डी संघ, त्यसको दुई वर्षपछि शुरुभएको राष्ट्रिय प्रतियोगिता, माओवादी जनयुद्धताका प्रतियोगिताविहीन ११ वर्षको कठिन अवधिलाई पनि देखाउने प्रयास गरिएको छ। त्यसैगरी बंगलादेशको ढाकामा भएको ११औं दक्षिण एशियाली खेलकुद (साग २०१०) मा नेपाली कबड्डी टोलीले जितेको ऐतिहासिक पदक, नेपालमै आयोजित १३औं साग २०१९ र ढाकामा भएको चौथो बङ्गबन्धु कपका उपलब्धि, चीनमा महिला टोलीले हात पारेका १९औं एसियाली खेलकुद २०२२ र छैठौं एसियन बिच गेम्स २०२६ का ऐतिहासिक कास्य पदकलाई डकुमेन्ट्रीले सुखद पक्षकारुपमा समेटेको छ। डकुमेन्ट्रीमा माटोदेखि म्याटसम्मको रुपान्तरणलाई संघर्ष र सफलताको कथाकारुपमा चित्रण गरिएको छ। एकघण्टा लामो डकुमेन्ट्रीले गतवर्ष एनकेएलको शुरुआतसँगै पुनरुत्थानको युग प्रारम्भलाई प्रष्ट पारेको छ। एनकेएल आयोजक एस्ट्रेनिक्स म्यानेजमेन्टद्वारा प्रस्तुत गरिएको डकुमेन्ट्रीको एक्युकेटिभ प्रोड्युसर अमितकुमार बेगानी, प्रोड्युसर प्रवीनकुमार साह, एडिटर सुमन खड्का र क्रिएटिभ एडिटर असिम श्रेष्ठ रहेका छन्। डकुमेन्ट्री स्क्रिनिङलगत्तै ऱ्यापर भियोमाद्वारा तयार पारिएको एनकेएलको एन्थम सङ पनि सार्वजनिक गरिएको थियो। कार्यक्रममा 'एनकेएल, कबड्डी र ब्यावसायिकता' विषयमा प्यानल डिस्कसनसमेत गरिएको थियो।

### रोयल्टीको आधार पुनरावलोकनगर्न माग

काठमाडौं। संगीत रोयल्टीका आधार र दरको बैज्ञानिक पुनरावलोकन गर्नुपर्ने माग हुनथालेको छ। सामुदायिक रेडियो प्रसारक संघ (अकोराव) नेपाल, रेडियो ब्रोडकास्टर्स फोरम (आरबीएफ) नेपाल र ब्रोडकास्टिङ एशोसिएसन अफ नेपाल (बान)ले उक्त माग गरेका छन्। ती संघसंस्थाले आजोजना गरेको संयुक्त भेलाबाट बिज्ञप्तिमार्फत सार्वजनिकगर्दै रेडियोहरुको खस्कँदो आर्थिक अवस्था र दिगोपनाको चुनौतीलाई मध्यनजरगरी बिगतमा तोकिएका संगीत रोयल्टीका आधार र दरको बैज्ञानिक पुनरावलोकन गर्नुपर्ने आवश्यकता औंल्याएका हुन्। भेलाले भक्तपुर एफएमका सञ्चालकमाथि गत बैशाख २५ गतेका दिन संगीत रोयल्टी संकलन समाजका नाममा फौजदारी अभियोग लगाई गरिएको धरपकडको घटनाप्रति आपत्ति जनाएको छ। सम्वाद चलिरहेकै बेला धरपकड र मुद्दामामिलाले श्रष्टा र एफएम रेडियोहरुबीचको सम्वन्धमा दरार पैदा गरेकोले सो कार्य तत्काल रोक्न माग गरेको छ।

# इन्टेलिजेन्ट इकोनोमीको आधार फाइभजी प्रविधि

**कमलकुमार बस्नेत**

## आर्थिक मञ्च

वर्ल्ड इकोनोमी फोरमले फाइभजी प्रविधिलाई इन्टेलिजेन्ट इकोनोमीको आधार मानेको छ। उक्त संस्थाले फाइभजी प्रविधि उद्योग, शिक्षा, स्वास्थ्य, कृषि र सार्वजनिक सेवामा डिजिटल क्रान्तिका लागि आवश्यक रहेको जनाएको छ। उच्च गतिको इन्टरनेट, लो लेटेन्सी र कैयौं उपकरणलाई एकैसाथ जोड्ने क्षमताका कारण फाइभजीले कृत्रिम बुद्धिमत्ता, स्मार्ट सिटी, स्वचालित उद्योग र डिजिटल व्यापारलाई नयाँ उचाइमा पुऱ्याउन सक्ने फोरमको निष्कर्ष छ। फाइभजीले उत्पादनशीलता, रोजगारी, नवप्रवर्तन र आर्थिक वृद्धिलाई तीव्र बनाउँदै राष्ट्रलाई चौथो औद्योगिक क्रान्तिको केन्द्रतर्फ अघि बढाउने शक्तिशाली उत्प्रेरकको भूमिका खेल्नसक्छ। हाल विश्वमा फाइभजी नेटवर्क केवल उच्चगतिको इन्टरनेट सेवा मात्र नभई मुलुकको अर्थतन्त्र भरूपान्तरणगर्ने आधारभूत पूर्वाधारकारुपमा पनि हेरिन थालेको छ। नेपालजस्तो विकासशील देशको सन्दर्भमा हेर्दा यसबाट अर्थतन्त्रका धेरै क्षेत्रमा ठूलो परिवर्तन आउन सक्ने विज्ञहरु बताउँछन्। फाइभजी विस्तारहुँदा डिजिटल कारोबार, मोबाइल बैङ्किङ, ई-कमर्स तथा नगदरहित भुक्तानी प्रणालीलाई तीव्र गति दिनसक्छ। उद्योग क्षेत्रमा स्मार्ट मेशिन, स्वचालन र रियल-टाइम डाटा प्रयोग बढेर उत्पादन क्षमता र दक्षता वृद्धि हुने अपेक्षा गरिएको छ।

कृषि क्षेत्रमा ड्रोन, स्मार्ट सेन्सर तथा डिजिटल सिँचाइ प्रणालीमार्फत उत्पादन वृद्धि र लागत नियन्त्रण सम्भव हुने देखिन्छ। पर्यटन क्षेत्रमा भर्चुअल रियालिटी, स्मार्ट ट्राभल सेवा र डिजिटल प्रवर्द्धनमार्फत नेपाललाई अन्तराष्ट्रिय बजारमा अझ प्रभावकारी रुपमा प्रस्तुतगर्न सकिनेछ। स्वास्थ्य क्षेत्रमा टेलिमेडिसिन, भिडियो परामर्श र रिमोट स्वास्थ्य निगरानी प्रणाली विस्तारहुँदा दुर्गम क्षेत्रका नागरिकले विशेषज्ञ सेवा पाउन सक्नेछन्। शिक्षा क्षेत्रमा अनलाइन कक्षा, डिजिटल ल्याब र एआई-आधारित सिकाइ प्रणालीले ग्रामीण र शहरी शिक्षाबीचको दूरी घटाउन मद्दतगर्ने अपेक्षा गरिएको छ। विश्वबजारमा अभ्यासहरु हेर्ने होभने यो प्रविधिले मेशिन तथा उपकरणलाई उच्च गतिको डेटा सेवामार्फत जोड्दै व्यापक डिजिटल रुपान्तरण दिशातर्फ उन्मुख भइरहेको छ। अझै नवीन प्रविधि सिक्सजीमा पनि तयारी थालिसकेको देखिन्छ। फाइभजीले नेपालमा आइटी, स्टार्टअप, क्लाउड कम्प्युटिङ र डाटा सेन्टर उद्योगलाई समेत गतिदिने विश्वास गरिएको छ। यसले युवाहरुका लागि नयाँ रोजगारी सिर्जना गर्नाकासाथै डिजिटल सेवा निर्यातको सम्भावना बढाउनेछ। काठमाडौंलगायत शहरमा स्मार्ट ट्राफिक, डिजिटल सुरक्षा तथा सार्वजनिक सेवा व्यवस्थापन प्रभावकारी बन्ने देखिन्छ। ऊर्जा क्षेत्रमा स्मार्ट ग्रिड र रियल-टाइम निगरानी प्रणालीमार्फत बिद्युत वितरणलाई व्यवस्थित बनाउन सकिनेछ। सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिना फाइभजीमा जाने विषयमा द्विविधा नभए पनि तत्काले फोरजी बन्दगरेर फाइभजीमा जाने अवस्था पनि नबनिसकेकाले सरकार फोरजीको गुणस्तर सुधार गरी अधिकतम उपयोगगर्दै फाइभजी सेवामा प्रवेशगर्ने योजनामा रहेको बताउनुहुन्छ। उहाँले फाइभजी प्रविधि विस्तारका लागि सरकारले हाले ३३००-३७०० मेगाहर्ज ब्यान्ड खुलागर्न मार्गप्रशस्त गरेसँगै फ्रिक्वेन्सी उपलब्ध गराउने प्रक्रिया अघिबढाएको बताउनुभयो। मन्त्री डा तिमिल्सिनाले रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको बैठकले प्रतिमेगाहर्ज आधारमूल्य ४० लाख निर्धारण गरेको उल्लेख गर्नुभयो। नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार टेलिकम सेवाप्रदायकलाई फाइभजीका लागि फ्रिक्वेन्सी उपलब्ध गराउनका लागि तयारी भइरहेको छ।

प्राधिकरणका उपनिर्देशक डा प्रदीप पौड्यालका अनुसार फाइभजीका लागि फ्रिक्वेन्सी दिन तयारी गरिएको छ भने फ्रिक्वेन्सीको आधार मूल्य पनि तोकिएको छ। अबको केही समयपछि आवश्यक फ्रिक्वेन्सी अक्सन (लिलाम बढाबढ) गरेर दूरसञ्चार कम्पनीलाई दिनेगरी प्रक्रिया अगाडि बढाइने उहाँको भनाइ छ। उपनिर्देशक पौड्यालले अब फाइभजीको परीक्षण गरिरहनुपर्ने अवस्था नरहेकाले सिधै फ्रिक्वेन्सी दिन लागिएको हो। उहाँले नेपाल टेलिकमले यसअघि काठमाडौंको सुन्धारा र बबरमहल तथा पोखरा एवं वीरगञ्जमा फाइभजीको परीक्षण गरिसकेको छ, उक्त परीक्षणमा नेपालमा पनि अन्तरराष्ट्रियस्तरमा जस्तै फाइभजी सेवा विस्तारका लागि सम्भव देखाइसकेको छ। त्यसैले अब परीक्षण गरिरहनु आवश्यक छैन, टेलिकम सेवाप्रदायकले चाहेमा फाइभजीका लागि फ्रिक्वेन्सी लिन सक्छन् भन्नुभयो। निजी क्षेत्रको टेलिकम सेवाप्रदायक एनसेलले भने केही समय अघि फाइभजी परीक्षणका लागि अनुमति मागगरेको जनाएको छ। फाइभजी परीक्षणका लागि यो तेस्रो पटक आवेदन दिइएको एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले हाले एक कार्यक्रममा बताउनुभएको थियो। उहाँले आवश्यक स्वीकृतिहरु प्राप्तभएमा यो क्षेत्रमा ठूलो लगानी गरेर प्रविधि विकासलाई गति दिन हामी तयार छौं। फाइभजी नेटवर्क, डाटा सेन्टर तथा घर-घरमा गिगाबिट फाइबर सेवा विस्तारगर्ने हाम्रो योजना छ भन्नुभएको थियो। नेपाल टेलिकमका सहप्रवक्ता प्रक्षेत थापा क्षेत्रीले पनि फाइभजी सेवा सञ्चालनका कम्पनीले तयारी गरिरहेको बताउनुभयो। उहाँका अनुसार नेपाल टेलिकम नियामक निकायबाट फ्रिक्वेन्सी प्राप्तगरी प्रमुख शहरहरुमा फाइभजी सेवा सञ्चालनको योजनामा छ। क्षेत्रीले फाइभजी सेवा खरिदगर्न ठूलो लगानी गर्नुपर्ने र दूरसञ्चार क्षेत्रमा वार्षिक फ्रिक्वेन्सी दस्तुर, अनुमतिपत्र र नवीकरण दस्तुर, ग्रामीण दूरसञ्चार विकास कोष र रोयल्टीलगायत अत्यधिक कर, दस्तुर आवश्यक पर्नेहुँदा हालको अवस्थामा अपेक्षित प्रतिफल प्राप्तिका लागि केही नीतिगत व्यवस्थासमेत गर्नुपर्ने देखिन्छ भन्नुभयो। फाइभजी अर्थात् पाँचौं पुस्ताको सञ्चार सेवा हो। यो हाल प्रयोग भइरहेको फोरजीपछिको आधुनिक र द्रुत सञ्चार प्रविधि हो।

कृत्रिम बौद्धिकता, स्मार्ट सिटी, डिजिटल शिक्षा, टेलिमेडिसिन, क्लाउड कम्प्युटिङ, भर्चुअल रियालिटी र स्वचालित उद्योगका लागि फाइभजी महत्वपूर्ण मानिन्छ। विज्ञहरुको अनुसार हाल दुई घण्टाको चलचित्र डाउनलोड गर्न फ्रिजी नेटवर्कमा औसत २६ घण्टा लाग्छ भने फोरजी नेटवर्कमा छ मिनेट, तर फाइभजीमाभने केही सेकेन्डमै डाउनलोड सम्भव हुन्छ। फाइभजी सञ्चालन भएपछि नेपालमा अल्ट्रा एचडी भिडियो, एआर-भिआर सेवा, स्मार्ट उद्योग, डिजिटल हेल्थ, स्मार्ट शिक्षा तथा आधुनिक प्रविधिको प्रयोग सहज हुनेछ। फाइभजीको गति फोरजीभन्दा करिब १० गुणासम्म बढी हुन्छभने यसको क्षमता सय गुणासम्म उच्च मानिन्छ। यसले १० जिबिपिएससम्म इन्टरनेट गति दिनसक्छ। साथै, प्रतिक्रिया समय निकै कम हुने भएकाले 'रियल टाइम' सेवा सम्भव हुन्छ। यसको अर्थ केवल छिटो भिडियो हेर्नु मात्र होइन, फाइभजीमार्फत टाढाबाट शल्यक्रिया, चालकविहीन सवारी, स्मार्ट कृषि, स्वचालित उद्योग, स्मार्ट ट्राफिक व्यवस्थापन, डिजिटल बैंकिङ, अनलाइन शिक्षा र कृत्रिम बौद्धिकतामा आधारित सेवाहरु सहज रुपमा सञ्चालनगर्न सहज हुनु हो। सरकारले डिजिटल पूर्वाधारलाई आर्थिक विकासको मुख्य आधारका रुपमा लिन थालेको छ। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले नेपाललाई लगानीमैत्री र डिजिटल अर्थतन्त्रतर्फ उन्मुख बनाउन सरकार केन्द्रित रहेको बताइसक्नुभएको छ। नेपालमा स्मार्टफोन प्रयोगकर्ता बढिरहेका छन्। फाइभजी सपोर्ट गर्ने मोबाइलको आयात पनि बढ्दोक्रममा छभने डाटा प्रयोग हरेक वर्ष वृद्धिभइरहेको छ। विश्वका धेरै देशले अहिले टुजी र थ्रिजी सेवा बन्द गरिरहेका छन्। विश्व सिक्सजीतर्फ अघिबढिरहेको अवस्थामा नेपालले पनि फाइभजीतर्फ कदम बढाउन थालेको हो। फाइभजी विस्तार सहजभने छैन। यसका लागि ठूलो लगानी आवश्यक पर्छ। एउटा सेवाप्रदायकका लागिमात्रै करिब ४० अर्बसम्म लगानी आवश्यक पर्ने अनुमान गरिएको छ। नेपालको दूरसञ्चार उद्योग पछिल्ला वर्षमा दबाबमा छ। ओटिटी सेवाको वृद्धि, इन्टरनेट सेवा प्रदायकसँगको प्रतिस्पर्धा, उच्च कर र नीतिगत अस्थिरताले उद्योगको आम्दानी र नाफामा असर परेको देखिन्छ।

नेपाल टेलिकमका सहप्रवक्ता क्षेत्रीले फाइभजी सेवा शुरु गर्नुभन्दा पहिले नीतिगत सहजता आवश्यक रहेको बताउनुभयो। उहाँको भनाइ छ-फाइभजीका लागि ठूलो लगानी गर्नुपर्छ, तर टेलिकम कम्पनीहरुको घट्दो आम्दानीको ग्राफले कम्पनीहरु फाइभजीका लागि नीतिमा सुधार आवश्यक रहेकामा प्रष्ट छन्। एनसेलका प्रमुख कार्यकारी अधिकृत फोले नेपाललाई डिजिटल अर्थतन्त्रमार्फत समृद्धिको नयाँ चरणमा लैजान दूरसञ्चार पूर्वाधारमा तीव्र लगानी आवश्यक रहेको बताउनुहुन्छ। उहाँकाअनुसार डिजिटल कनेक्टिभिटी अब ऐच्छिक सेवा रहेन, यो आधारभूत आवश्यकता बनिसकेको छ। फोलेले दूरसञ्चार, एआईलगायत क्षेत्रमा नेपालमा अझै पर्याप्त लगानी हुनसकेको छैन, जसलेगर्दा हामी विश्वव्यापी प्रगतिभन्दा पछाडि परिरहेका छौं भन्नुभयो। जानकारहरुका अनुसार फाइभजी सफल बनाउन केवल नेटवर्क निर्माणमात्र पर्याप्त हुँदैन, त्यसका लागि दीर्घकालीन नीति स्थिरता, स्पेक्ट्रम शुल्कमा सहजीकरण, उपकरण आयातमा कर छुट, डिजिटल सुरक्षा कानून र स्थिर व्यापार मोडल पनि आवश्यक हुन्छ। रासस

# समाचार विविध

## इप्पानमा निर्वाचनको चहल पहल

काठमाडौं। स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान)मा चुनावी सरगर्मी बढेकोभने उत्तम लामा भ्लोनको नेतृत्वमा टिम घोषणा भएको छ। आगामी जेठ २९ गते हुने इप्पानको साधारणसभाबाट नयाँ नेतृत्व चयन हुने भनिएको छ। हालै काठमाडौंमा आयोजित एक कार्यक्रममा भ्लोनले तीनवर्षे कार्यकालको भिजन र टिम घोषणा गर्नुभएको थियो। इप्पानमा वरिष्ठ उपाध्यक्ष अर्को कार्यकालमा स्वतः अध्यक्ष हुने व्यवस्था छ। भ्लोनले इप्पानको वरिष्ठ उपाध्यक्षका लागि आफ्नो उम्मेदवारी घोषणागर्दै उपाध्यक्षमा उत्तरकुमार श्रेष्ठ, हिम पाठक, सुसन कर्माचार्य र विक्रम विष्टलाई अघिसार्नुभएको छ। त्यसैगरी महासचिवमा टिएन आचार्य र उपमहासचिवमा कविता कँडेल र कोषाध्यक्षमा नरेन्द्र बल्लभ पन्त रहनुभएको छ। कार्यसमितिको पाँच सचिवमा विजयमोहन भट्टराई, कुवेरमणि नेपाल, सुमन जोशी, शंकर बस्याल र अविज्ञा मल्ललाई उम्मेदवार घोषणा गरिएको छ। सदस्यमा अनुप आचार्य, जगतबहादुर




पोखरेल, कदम केसी, वरुण लामिछाने, इशा श्रेष्ठ र प्रतिमा ज्ञवाली रहनुभएको छ। भ्लोन नेतृत्वको टिमले आगामी तीन वर्षमा गर्ने कामको एजेण्डासहितको इप्पान भिजन घोषणा गरेको छ। उक्त भिजनमा मुलुकलाई ऊर्जामा आत्मनिर्भर बनाई ऊर्जा क्षेत्रलाई आर्थिक समृद्धिको मुख्य आधारका रुपमा स्थापितगर्ने प्रतिबद्धता जनाएको छ। जसमा सरकारले आगामी १० वर्षभित्र ३० हजार मेगावाट बिद्युत उत्पादनगर्ने लक्ष्य राखिएको छ। त्यसका लागि ५० खर्बभन्दा बढी लगानी आवश्यक पर्ने देखिएको छ। उक्त महत्वाकांक्षी लक्ष्यका लागि निजी क्षेत्रको भूमिका निर्णायक हुन्छ तर लगानीका लागि बिद्युत खरिद सम्झौता (पिपिए), प्रसारण लाइन र प्रशासनिक जटिलता गम्भीर चुनौतीका रुपमा छन्। हाल करिब १२ हजार मेगावाटभन्दा बढीका आयोजनाको पिपिए रोकिएको अवस्था खुलाउन पहल गरिने छ। निजी क्षेत्रको निरन्तर लगानी संघर्ष र प्रतिबद्धताकै कारण नेपाल लोडसेडिङमुक्तहुँदै ऊर्जा आत्मनिर्भरतातर्फ अघिबढेको छ र बिद्युत निर्यातगर्ने राष्ट्रकारुपमा स्थापित हुने आधार तयार भएको छ। इप्पानको भिजनपत्रमा इप्पानलाई केवल दबाब समूह नभई नीति अनुसन्धान केन्द्रकारुपमा विकास गरिने, तथ्यांकमा आधारित पैरवीगर्न इप्पान रिसर्च सेन्टर स्थापना गरिने, सातै प्रदेशमा इप्पानको संरचना विस्तारगर्ने तथा वैदेशिक लगानी आकर्षित गर्न अन्तर्राष्ट्रिय ऊर्जा सम्मेलन आयोजनागर्ने लगायत उल्लेख छ।

## सिटौला यातायात व्यवसायीको नेतृत्वमा

काठमाडौं। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सातौं राष्ट्रिय महाधिवेशनबाट अध्यक्षमा पुण्यप्रसाद सिटौला विजयी हुनुभएको छ। पोखरामा गत २७ गतेदेखि शुरुभएको महाधिवेशन अन्तर्गत नयाँ नेतृत्व चयनका लागि भएको मतदानमा सिटौलाले एक हजार ३० मत ल्याएर विजयी हुनुभएको हो। उहाँका प्रत्यासी हरिशरण केसीले ४६४ मत प्राप्त गर्नुभएको छ। त्यसैगरी वरिष्ठ उपाध्यक्षमा सानुकाजी प्रजापति, एनकुमार साइ र केदार पौडेल विजयी हुनुभएको छ। उपाध्यक्षहरुमा चन्द्रा ओझा, डम्बरराज पन्त, आत्माराम थापा, कान्छामान थिङ, जितबहादुर भारती र रामप्रसाद सुवेदी विजयी हुनुभएको छ। सात उपाध्यक्ष पदका लागि १३ जना प्रतिस्पर्धामा उत्रिएका थिए। महासंघको मालवाहकतर्फको उपाध्यक्षमा



यादवलाल श्रेष्ठ र महासचिवमा डेकनाथ गौतम विजयी हुनुभएको छ। त्यसैगरी उपमहासचिवमा देविन श्रेष्ठ, भानुभक्त बराल र पुरुषोत्तम सिखडा विजयी हुनुभएको छ। सचिवमा उमेश केसी, चेतप्रसाद गौतम र टंकप्रसाद बस्याल निर्वाचित हुनुभएको छ। कोषाध्यक्षमा राजेन्द्र आचार्य ७१६ मत ल्याएर विजयी हुनुभएको छ। सहकोषाध्यक्षमा शोभाखर पौडेल विजयी हुनुभएको निर्वाचन समितिका संयोजक कृष्णप्रसाद ज्ञवालीले जानकारी दिनुभएको छ। महाधिवेशनबाट कूल ७८ सदस्यीय कार्यसमिति निर्वाचित भएको छ। नवनिर्वाचित अध्यक्ष सिटौलाले नेपालको सार्वजनिक यातायात सुधारका लागि सरकारसँग मिलेर कामगर्ने प्रतिबद्धता जनाउनुभएको छ।

# दुई दिने बिदाले सिर्जना गरेका अन्योलता र समस्याहरु

**रुपा थापा**

नेपालमा हालै शुरु गरिएको दुईदिने बिदाले अन्य क्षेत्रमा समस्याहरुको सिर्जना गर्दै लगेका छन्। पेट्रोलियम पदार्थको खपत घटाउनभन्दै केही समयअघिको क्याबिनेट बैठकले आइतबार पनि सार्वजनिक बिदा दिने निर्णय गऱ्यो। सँगै सरकारी कार्यालय बिहान नौ बजेदेखि बेलुका पाँचबजेसम्म खुल्ने निर्णयसमेत गरिएको थियो। तर, सरकारको यो निर्णयले पेट्रोलियम पदार्थको खपत घटाउनुको साटो उल्टै बढाएको छभने जनता मर्कामा परेका छन्। दुईदिने बिदा (शनिबार र आइतबार) का कारण सरकारी कार्यालय तथा अस्पतालमा खेपिनसक्नु भीड बढ्नथालेको छ। कर्मचारीहरुभने बिदाका दिन सरकारी गाडी लिएर घुमफिरमा हिँड्छन्। यतिमात्र होइन, बिहान नौ बजेदेखि कार्यालय खोल्ने भनिएकोमा कर्मचारीहरु बल्लतल्ल साढे १० वा ११ बजेमात्र आइपुग्छन्। अनि दिउँसो चार बजेनै घरतिर दौडिन्छन्। मालपोत, यातायातलगायत सरकारी कार्यालयमा लेखनदास, बिचौलिया हरुलाई प्रवेश निषेधगर्नेसमेत सरकारले निर्णय गरेको थियो। केही समय यो निर्णय कार्यान्वयन पनि भयो। तर अहिले फेरि सरकारी कार्यालयमा बिचौलिया (लेखनदास) हरु बढ्नथालेका छन्। यसको ज्वलन्त उदाहरण, भक्तपुरका यातायात र मालपोत कार्यालय हुन्। सल्लाघारी तीनकुने चौरनजिक र राधेराधेमा दुईटा यातायात कार्यालय छन्। यी कार्यालयमा बिचौलियाहरुको बिगबिगी देखिन्छ। सेवाग्राहीलाई ठग्ने क्रम पनि जारी नै छ। पाँच हजारमा हुने कामका लागि एकलाख रुपैयाँ असुलिरहेको अवस्था छ।

यतिमात्र होइन, कर्मचारीको मिलेमतोमा लाइसेन्स बेचबिखन भइरहेको छ। सरकारी कर्मचारी जनताले तिरेको करबाट तलबभत्ता खान्छन्। पदअनुसार मासिक ३५ हजारदेखि लाखौं रकम तलब हुन्छ। महँगी भत्ता अलग्गै। फिल्डमा गएको, बैठक बसेको पनि भत्ता दिइन्छ। जनताकै करबाट वर्षमा दुईजोर पोशाक दिइन्छ। कार्यालयका सामग्री तोडफोड गर्छन्, नयाँ किन्दा कमिशन पचाउँछन्। आफन्तलाई सिकाउन सरकारी गाडी प्रयोग गर्छन्, बिग्रिएपछि राज्यको ढुकुटीबाट मर्मत गरिन्छ। पचास हजार खर्चभएमा डेढदेखि तीन लाखको बिल बनाइन्छ। कर्मचारीलाई सुविधैसुविधा छ। आपतविपत पर्दा सरकारले सहुलियत ऋण दिन्छ। परिवारको निःशुल्क उपचार गरिदिन्छ। सँगै सेवानिवृत्त भएपछि महिनैपिच्छे पेन्सनसमेत दिइन्छ। तर, उनीहरु नै जनतालाई ठग्छन्। घुसबिना काम गर्दैनन्। घुस नदिए वर्षौंसम्म काम अड्काइदिन्छन्। बाध्य भएर सेवाग्राहीले घुस खुवाउनुपर्छ। यतिमात्र होइन, कतिपय कर्मचारीले कार्यालयमै खाजाघर सञ्चालन गर्छन्।

तलब खान्छन् एउटा पदको, काम गर्छन् खाजा घरमा। फेरि त्यो खाजा घरको भाडा तिर्दैनन्। बत्ती, पानीलगायत शुल्क पनि तिरिँदैन। यसरी दोहोरो आम्दानी कर्मचारीहरु गर्छन्। बालेन्द्र शाह नेतृत्वको सरकार आएपछि कर्मचारी प्रशासनमा सुधार आउने आशा धेरैको थियो। यद्यपि, यो सरकार त कर्मचारीलाई उल्टै काम नगराउन लागिपरेको देखिन्छ। नभए दुईदिने बिदा निर्णय किन गरिन्थ्यो। निर्णय त गरियो, त्यसको कार्यान्वयन भइरहेको छ वा किन ? सरकार अनुगमन गर्दैन। कर्मचारीहरु त्यसकै फाइदा उठाउँदै मोज गरिरहेका छन्। पहिला शनिवारमात्र पर्यटकीयस्थल, मनोरञ्जनस्थल, फिल्म हलहरुमा भिड हुन्थ्यो। दुईदिने बिदा निर्णय लागुभएसँगै आइतबार पनि त्यस्ता ठाउँमा लर्को लाग्नथालेको छ। सरकार चाँहि पेट्रोलको खपत घटाउनभन्दै बिदा दिने, कर्मचारीहरु घुमफिर गर्ने। अनि जनता सेवाका निम्ति बाक्लो लाइनमा बस्नुपर्ने। दुईदिने बिदाका कारण गम्भीर बिरामीहरु निकै मर्कामा परेका छन्। सरकारी कार्यालयका ओपीडी सेवा आइतबार बन्दहुँदा उनीहरु निजी अस्पताल जान बाध्यभएका छन्। पैसा हुनेले त निजी अस्पताल गएर सेवा लेलान्, नहुने चाँहि सेवा नपाएरै मर्नुपर्ने। सरकारी अस्पतालमा ओपीडीका निम्ति थेगिनसक्नु भीड देखिन्छ। महिनौं लाइन बस्दासमेत पालो नआउने अवस्था छ। यस्तो अवस्थामा सेवालाई झन् चुस्त र दुरुस्त बनाउन २४ सै घण्टा अस्पतालक । सम्पूर्ण सेवा खुला रहने निर्णयगर्नुको साटो सरकार आफ्नै पारामा देखिन्छ। जनता उपचार नपाएर मरेपनि सरकारलाई कुनै मतलब देखिन्न। अहिले आम नागरिक सरकारसँग **बाँकी ७ पेजमा**

## दुईदिने....

माँग गर्छन्-दुई दिने बिदा निर्णय खारेज गरियोस्। सँगै विहान नौ बजेभित्र कार्यालय नआउने र बेलुका पाँच बजेअगावै घर जाने कर्मचारीमाथि कारवाही होस्। हुन त मन्त्रीहरुनै बिहान साढे १० बजेदेखि ११ बजेसम्ममात्र सिंहदरबार पुग्नेगरेको देखिन्छ। मन्त्री आफै ढिलो पुगेपछि अरुलाई के सिकाउने। अरु कर्मचारीले के सिक्ने। बरु मन्त्री ढिलो आउँछन् भनेर कर्मचारीहरु पनि ढिलो जान्छन्। अर्कोतर्फ, हाकिम नै १२ बजे कार्यालय पुगेपछि ढिलो आउने कर्मचारीलाई कसरी कारवाही गर्ने ? पहिले आफू तोकिएको समयमा पुग्नुपर्यो नि। वालेन सरकारले कर्मचारीलाई थितिमा बसाल्न नसके देशमा केही हुने छैन। किनकि जनताको काम कर्मचारीले गर्ने हो। तर, कर्मचारी जबसम्म जिम्मेवार, अनुशासित र लगनशील हुँदैनन्, तबसम्म हुनेवाला केही छैन। अहिले प्रायजसो कर्मचारी राजनीतिक दलमा आबद्ध छन्। यसले उनीहरु आफूले जेसुकै गरेपनि कसैले छुन नसक्नेमा ढुक्क छन्। त्यसैले, वालेन सरकारले कर्मचारी सफाई अभियान शुरु गर्न आवश्यक छ। कुन कर्मचारी कुन दलमा आबद्ध छ ? खोजतलास गर्नुपर्छ। र, दलमा लागेका कर्मचारीमाथि कारवाही गरिनुपर्छ। केही कर्मचारी कारवाहीमा परेपछि अरु कर्मचारी आफैले कि त दल त्याग्छन्, कि सेवा। यसो नगरिए केही हुनेवाला छैन। सँगै कर्मचारीलाई १५-१५ दिनमा तलब दिने होइन, घण्टाको हिसाबले तलब दिने निर्णय गर्नुपर्छ। जसले जति काम गर्छ, उतिनै तलब पाउँछ। अनावश्यक भत्ता काट्नुपर्छ। गाडी दिने व्यवस्था हटाउनुपर्छ। सरकारले आउँदो आर्थिक वर्ष ०८३-८४ को बजेट जेठ १५ गते ल्याउँदैछ। चालु आर्थिक वर्ष ०८२-८३ को संघीय बजेटमा कर्मचारीलाई मासिक तीन हजार महँगी भत्ता दिने र बागमती प्रदेश सरकारको बजेटमा पाँच हजार भत्ता दिने व्यवस्था गरिएको छ। तर, आउँदो बजेटमा यो हटाउनुपर्छ। कर्मचारीलाई पर्याप्त तलब दिइएको छ अनि किन महँगी भत्ता दिनुपर्यो ? जतिसुकै सेवासुविधा दिएपनि कर्मचारीहरु घुस खान छोड्दैनन्। त्यसैले, सरकारले आउँदो बजेटमा कर्मचारी पोस्ने खालका व्यवस्था नल्याओस्। जनता कर तिर्न नसक्ने अवस्थामा पुगेका छन्। वैदेशिक ऋण ३२ खर्बमाथि पुगिसक्यो। वालेन सरकार बनेयता मात्र खर्बौ ऋण लिइसक्यो। गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा सरकारीतर्फ ८४ अर्ब ७७ करोड ४५ लाख र निजीतर्फ २७ खर्बको क्षति पुगेको छ। निर्माण व्यवसायीको ४५ अर्ब, कोरोना बीमाको २४ अर्ब, स्वास्थ्य बीमाको ४३ अर्ब, दुग्ध तथा उखु किसानको सात अर्ब भुक्तानी नदिएको वर्षौ बितिसक्यो। आउँदो माघभित्र नेपाल ग्रे लिष्टबाट नहटे कालोसूचीमा पर्छ। यसो भएमा नेपाललाई वैदेशिक ऋण पाउँछ न अनुदान। विदेशमा रहेका नेपालीलाई फिर्ता पठाइन्छ। नेपालीहरु विदेश जानपाउँदैनन्। त्यसैले, यस्तो अवस्थामा सरकारले कर्मचारीलाई पोस्ने होइन, देश धान्ने बजेट ल्याउन आवश्यक छ। सरकारका जिम्मेवार अधिकारीहरुले बजेट निर्माण गर्दा उपरोक्त कुरामा ध्यान दिनु आवश्यक छ।

## दुईदिने....

हुँदै हुने वातावरण फेरि पनि बन्दैन। त्यसले त कर्पोरेट जगतको जठराग्नि( पेटको भोक) अर्थात् आगोलाई मात्र शान्त पार्दछ। यसबाट के स्पष्ट हुन्छ भने बहुसंख्यक विपन्न वर्गका जनताका लागि आधारभूत अर्थराजनीतिक आमूल परिवर्तन अवश्यंभावी छ। यस्तो ठोस जगबिनाको सतही र उपरी परिवर्तनलेमात्र उत्पादनमा लाग्ने तर उत्पादनका साधनहरुबाट बञ्चित रहने आधारभूत वर्गले झेलिरहेको विपन्नता, बेरोजगारी, विकासबिहीनता र त्यसबाट निरन्तर सिर्जित विषमताबाट मुक्त हुने स्थिति बन्दैन। यो कसैको मनोगत र भावनात्मक कुरा होइन, यथार्थ बस्तुगत जगतले सिर्जना गरेको कुरा हो। त्यसैले बहुसंख्यक विपन्न वर्ग र समुदायको हातमा मोबाइल, ल्यापटप, आइप्याड थमाइदिएर मात्र पुग्दैन। विज्ञान र प्रविधिको अत्याधुनिक विकासका उपलब्धीहरु उनीहरुले स्वामित्व लिएर ठोस उपयोग गर्नसक्ने अनुकूल र उचित मानवीय बातावरण बनाइनु सर्वोपरी र अत्यावश्यक छ। त्यसको निम्ति देशले आज विकल्पको खोजीगर्नु नै पर्दछ। त्यो जनताको जीवन स्तर, मानवीय गरिमा र गौरवसँग गासिएको आधारभूत विकल्पको खोजी हो। टालटुले कुरा गरेर जनता अल्मल्याउने विकल्प होइन। देशको साँचो अर्थमा समुन्नति चाहने प्रगतिशील, बामपन्थी तथा क्रान्तिकारी लोकतान्त्रिक शक्तिहरुले गम्भीररुपमा सोच्नुपर्ने कुरा नै आज यही हो। तर हामीकहा के बिडम्बना रहदै आएको छभने हामी परिवर्तनका कुराहरुलाई संकीर्ण राजनीतिक स्वार्थ र सीमित परिधिभित्र राखेरमात्र हेर्ने र त्यसैमा रमाउने मूलत: यथास्थितिवादी प्रवृत्ति व्याप्त छ। परिवर्तन आम जनता, समाज र राष्ट्रको लागि होभन्ने भावधारानै हामीकहाँ विकसित हुन सकेन। यसको मूल कारण हो - पुरानो सन्दर्भहीन भइसकेको उत्पादन पद्धति र पराश्रयी मनोवृत्ति। यी दुइ कारणलेगर्दा हरेक परिवर्तन पछि उत्साहित आम जनतालाई निराश तुल्याउने काम पटक पटक हुँदैआएको छ र भइरहेको छ। हाम्रो पछिल्लो निकै ठूलो राजतन्त्रलाई नै बिस्थापितगर्ने राजनीतिक परिवर्तन पछि पनि त्यही कुरा दोहोरिएको छ र झ्न जटीलरुपमा पराबलम्बी मनोवृत्ति देखापरेको छ। सामन्तवादबाट राष्ट्रिय पूँजीवादमा विकास हुनु पर्नेमा त्यो दलालपूँजीवादमा विकास भएर गइरहेको आजको जुन सामन्ती-दलाल पूँजीवादी वर्गीय मनोवृत्ति बिकसित भएको छ, त्यो राष्ट्रिय हित,दुरगामी भविष्य तथा अग्रगामी परिवर्तन सबै कुराका लागि अत्यन्तै हानीकारक छ। यद्यपि हामीकहा पनि अहिले प्राय: सबैले समाजवादको दिशामा कम्तिमा शब्दमा नै सही आफुलाइ अभिमुख गराउन खोजेको प्रतीत हुन्छ। कुनै तोडमोड नगरी सही रुपमा समाजवादलाई अपनाउने होभने त्यो श्रोत साधन र उत्पादनको सामाजिकीकरण बाहेक अरु केही हुँदैहोइन। यो सामाजिकीकरणले एकातिर सम्भावको बातावरण बनाउने र मानव जाति सबै समान हुन्भन्ने कुराको उद्बोधन गराउँदछभने अर्कोतिर समाजकाप्रति समान दायित्व र कर्तव्यबोधको भावना र सकारात्मक अग्रगामी मनोवृत्ति पनि जगाउदछ। २१औं शताब्दीको समाज समानता, न्याय र समुन्नतिको समाजबादी बाटोमा हिड्नु बाहेक अरु कुनै मानवीय विकल्प पनि छैन। तर त्यो जनतालाई रंगिचंगी सपना देखाउने काल्पनिक समाजवाद होइन, उनीहरुको जीवन चौतर्फीरुमा समुन्नत तुल्याउने बैज्ञानिक समाजवाद एकमात्र भरोसायुक्त विकल्प हो। यस्तो समाज वाद त्यस पूर्वको नयाँ जनवादी क्रान्ति सम्पन्न नभै सम्भव नै हुँदैन। बैज्ञानिक समाजवादतर्फ सही किसिमले जानका लागि आज बुझ्नुपर्ने मूख्य सार कुरा नै यही हो। यसैका लागि क्रान्तिकारी कम्युनिष्ट शक्तिहरु केन्द्रित र संघर्षशील हुन आजको आबश्यकता हो। त्यस्ता शक्ति, समूह, व्यक्ति जोकोहीका बीच पनि कार्यगत, सहकार्यगत, मोर्चागत र पार्टीगत एकताको खोजी पनि यही आधारमा गरिनु सही हुन्छ। जुन विचारको प्रक्षेपण नेपालको सन्दर्भमा कमरेड पुष्पलालले धेरै पहिले गरेका हुन् र त्यसको सान्दर्भिकता आज पनि उत्तिकै छ। **(लेखक : नेकपाका संयोजक हुनुहुन्छ।)**

## अमेरिकाका....

वताएको थियो। अमेरिकी अर्थमन्त्री स्कट वेसेन्टले ट्रम्प र सीबीच आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को सुरक्षित र जिम्मेवार प्रयोगका लागि साझा गार्डरेल अर्थात् नियामकीय सीमारेखा निर्माणबारे पनि छलफल भएको जानकारी दिनुभयो। उहाँले विश्वका 'दुई एआई महाशक्ति बीच संवाद हुनु महत्वपूर्ण भएको बताउनुभएको छ। यद्यपि उन्नत प्रविधिमा अमेरिकी निर्यात नियन्त्रण र चिनियाँ प्रविधि पहुँचसम्बन्धी विवाद अझै संवेदनशील विषयकारुपमा कायम रहेको विश्लेषण गरिएको छ। चीनको विदेश मन्त्रालयकाअनुसार द ग्रेट हल अफ द पिपुलमा भएको गत बिहीबारको पहिलो भेटवार्तामा चिनियाँ राष्ट्रपति सीले ताइवानको सवाल दुईपक्षीय सम्बन्धमा सबैभन्दा महत्वपूर्ण रहेको बताउनुभएको थियो। ताइवानको विषय चीन-अमेरिका सम्बन्धमा सबैभन्दा महत्वपूर्ण छ। यसलाई राम्रोसँग लैजान सकियोभने दुईपक्षीय सम्बन्ध स्थिर हुनेछ। अन्यथा दुई देशबीच टकराव र द्वन्द पनि निम्तिन सक्छ। जसले समग्र सम्बन्धमै जोखिम उत्पन्न गराउने सीको भनाइ उद्धृतगर्दै चिनियाँ विदेश मन्त्रालयले भनेको छ। ट्रम्पसँगै भ्रमणमा बेइजिङ पुगेका अमेरिकाका ठूला कम्पनीका सञ्चालक र सीईओहरुले गतसाताको भ्रमणपछि चीनसँग राम्रो सम्बन्ध बनाउनुपर्ने बताउनुभएको छ। बेइजिङमा पत्रकारसँग संक्षिप्त कुराकानीगर्दै टेस्ला तथा स्पेस एक्सका सीईओ एलन मस्कले चीनमा धेरै राम्रा कुरा हाशिलगर्न चाहेको बताउनु भएको थियो। एनभिडियाका सीईओ जेन्सन हुआङले चिनियाँ अधिकारीहरु निकै उत्कृष्टरुपमा प्रस्तुतभएको धारणा राख्नुभएको थियो। यसरी यस पटकको अमेरिकी राष्ट्रपति ट्रम्पको आकस्मिक चीन भ्रमण विश्वकै लागि धेरै फलदायी भएको ठानिएको छ। जसका परिणामहरु यसै हप्ताबाट देखिन थाल्ने अपेक्षा पनि गरिएको छ।

## देशको...

सरकारी प्रशासनलाई प्रभावकारी बनाउने, विकास कार्यक्रम सञ्चालनगर्ने तथा शान्तिसुरक्षा कायमगर्ने कार्यमा पनि कार्यकारी प्रमुखको निर्देशन महत्वपूर्ण हुन्छ। विभिन्न दल र समूहबीच सहकार्य तथा समन्वयगरी राजनीतिक स्थिरता कायम राख्ने जिम्मेवारी पनि कार्यकारी प्रमुखको हुन्छ। विशेषगरी हालको जस्तो एकमना सरकारमा यो भूमिका झ्न संवेदनशील हुन्छ। कार्यकारी प्रमुखले अन्य राष्ट्रसँग कूटनीतिक सम्बन्ध विस्तारगर्ने, अन्तर्राष्ट्रिय सम्झौतामा नेतृत्वगर्ने तथा देशको प्रतिनिधित्वगर्ने काम पनि गर्नुपर्दछ। यसरी संसदीय राजनीतिक व्यवस्थामा कार्यकारी प्रमुख राज्य सञ्चालनको केन्द्रविन्दु मानिन्छ। जसले लोकतान्त्रिक मूल्य, जनउत्तरदायित्व र कानूनी शासनको आधारमा देशको शासन सञ्चालनगर्ने शोचको विकास गरेको हुनुपर्दछ। प्रभावकारी कार्यकारी नेतृत्वले कुनैपनि देशको शासन सत्तालाई सुदृढ बनाउँछभने कमजोर नेतृत्वले राजनीतिक अस्थिरता निम्त्याउन सक्छ। नेपालमा जसरी राजनीतिक अस्थिरता बढेको छ, त्यो अक्षम कार्यकारी प्रमुखकै कारणले भएको हो। प्रधानमन्त्रीका उपरोक्त विभिन्न हर्कतको विपक्षी दललेमात्र नभएर सर्वसाधारणले समेत आलोचनागर्न थालेका छन्। झ्न संसदको बैठकमा प्रस्तुतहुँदा लगाएको अनौपचारिक पोशाकका बालेन्द्र देशभक्त नागरिकनै नभएको भन्नेलगायतका जुन टिकाटिप्पणी शुरुभएका छन्, त्यसले उहाँको राजनीतिक र व्यक्तिगत जीवनमासमेत राम्रोगर्ने देखिएको छैन। प्रमुख प्रतिपक्षी दलका नेता भिष्मराज आङदेम्बेले त बर्तमान सरकारको संसदीय प्रणालीप्रतिको प्रतिबद्धता र निष्ठामाथि शंका उत्पन्न भएको बताइसक्नु भएको छ। जेनजी आन्दोलनको आवरणमा भएको विध्वंशपछि भएको संसदीय निर्वाचनमार्फत बनेको बर्तमान सरकारको हालसम्मको गतिविधि संसदीय गरिमा र लोकतान्त्रिक मूल्यमान्यता अनुसार नभएर त्यसमा चोटपुर्याउने खालको रहेको टिकाटिप्पणी हुनथालेको छ। प्रधानमन्त्रीको मन स्थिर र शान्त नदेखिएकोभन्दै आङदेम्बेले उहाँको स्वास्थ्य सबै जनताको चासोको विषय भएकाले परीक्षणगरी संसदलाई जानकारी गराउन मागसमेत गर्नुभएको छ। उहाँको मन अशान्त बनाउने विभिन्न विषयमा पनि अनौपचारिक टिकाटिप्पणी हुनेगरेका छन्। बालेन्द्र शाहले देशको प्रधानमन्त्रि भएर जेगर्ने अभिष्ट राख्नु भएको थियो अब त्यो उहाँकै कार्यशैलीका कारण पूरा नहुने निश्चित भएको छ। यस्तो अवस्थामा तत्काल पछाडि हट्नु मातृभूमी प्रतिको न्याय हुने देखिएको छ।

## आजका...

रणनीति नहुँदा हाल यस्तो समस्या झेल्नुपरेको हो यद्यपि बागमती नदी संरक्षणका नाममा अनेक समिति बनाइए पनि। केही जानकारहरुको भनाईअनुसार यो समस्या केवल डोजर चलाएरमात्र समाधान हुँदैन। वास्तवमा मानव अधिकारको दृष्टिकोणले हेर्दा गाँस, वास र कपास नागरिकको आधारभूत आवश्यकता हो। जहाँ आवास नै तुरुन्तै हटाइएपछि वास र कपासको अभावले मानिसमा झन पीडामाथि पीडा थपिनु स्वभाविकै हो। संयुक्त राष्ट्रसंघले पनि राइट टु एडिक्वाट हाउजिङलाई मौलिक मानव अधिकारकारुपमा स्वीकार गरेको छ। यदि राज्यले हजारौं गरिब परिवारलाई व्यवस्थापन नगरी तुरुन्तै हटाउँछभने त्यो सामाजिक न्यायको सिद्धान्त विपरित हुनसक्छ। वर्षौदेखि बस्दै आइरहेका बस्तीहरु एकैचोटी हठातरुपमा हटाउनु भन्दा पनि पहिला वास्तविक सुकुम्बासीहरु पहिचानगरी तिनको व्यवस्थापन गरेरमात्र हटाइएको भए धेरै राम्रो हुनेथियो। त्यसैले अहिले सबैतिरबाट उठिरहेको आवाज भनेको विस्थापनभन्दा पनि व्यवस्थापननै हो। यसको समाधान भनेको पहिलो कुरा त वास्तविक सुकुम्बासीहरुको पहिचानगर्ने, दोश्रो राजनीतिक पहुँचवालाहरु र अवैध कब्जाधारीहरु छुट्याउनु पर्दछ। तेश्रो सुरक्षित स्थानमा व्यवस्थित आवास हुनु जरुरी छ। चौथो पुन:स्थापनासँगै रोजगारी, विद्यालय, स्वास्थ्य र यातायातको व्यवस्थासमेत हुन जरुरी छ। यदि यी कुराहरु लागूगरिएनभने अहिलेको सडक आन्दोलनले आगोमा घिउ थपि झन व्यापकरुप लिनसक्छ। यसरी विश्वका धेरै देशहरुले सुकुम्बासीहरुको व्यवस्थापनमा मिश्रित मोडल अपनाएको पाइन्छ। ब्राजिलमा फाभेला बस्तीहरुलाई पूर्णरुपमा हटाउने प्रयास असफल भएपछि सरकारले क्रमश: आधारभूत सेवा, सडक सञ्जाल, विद्यालय आदि बनाएर कानूनी मान्यता दिने नीति लियो। त्यस्तै भारतको मुम्बईमा धारावीजस्ता झुपडी क्षेत्रमा पुर्नवासको व्यवस्था मिलाइएको थियो। त्यस्तै सिंगापुरमा पनि सुकुम्बासीहरुका लागि व्यवस्थित आवास क्षेत्र मिलाइएको थियो। नेपालको सन्दर्भमा यसको समाधान भनेको न त अन्धाधुन्द विस्थापन हो, न त अनियन्त्रित अतिक्रमणलाई छुट दिनुनै हो। राज्यले कठोरता र संवेदनशीलतालाई सन्तुलनमा राखेर काम गर्नुपर्दछ। यदी नदी किनारा जोगाउने हो भने दीर्घकालिनरुपमा शहरी बसोबासको व्यवस्थापनगर्न सक्नुपर्दछ। यदी वास्तविक गरिबको लागि अधिकार जोगाउने होभने आवास नीति चाहिन्छ। आजको वास्तविक आवश्यकता भनेको डोजर आतंकभन्दा पनि मानवीय शहरी व्यवस्थापन हो। अन्तमा वास्तविक सुकुम्बासीहरुलाई सम्मानजनक पुन:स्थापना, अवसरवादी अतिक्रमणकारीहरुमाथि कानूनी कारवाहीको डण्डा, नदी संरक्षण, वातावरणीय पुनर्जीवन र वैज्ञानिक शहरी विकासको नीति अगाडिसारी सबैलाई एउटै फ्रेममा ल्याउन सक्योभने अहिलेको सरकारलाई पनि सुकुम्बासी समस्या समाधानगर्न सहज वातावरण सिर्जना हुनसक्छ। अर्कोतिर हाल अदालतको आदेश बमोजिम बाँकि रहेका सुकुम्बासी बस्ती तथा ऐलानी जग्गामा डोजर चलाउन बन्दगरिनुले कतै आफ्ना र आफन्तकोमा केही असर परेर बन्द गरिएको त होइन ? भन्ने शंका जनमानसमा पर्न सक्छ। शहर केवल सडक र भवनलेमात्र बन्दैन। शहर तब बन्छ जब नदी पनि बाँचोस्, र व्यवस्थितरुपमा ढल निकास पनि होस् अनि नागरिकहरुको स्वतन्त्रता पनि हनन् नहोस् अहिलेको देखिएका चुनौतीहरुमा सुकुम्बासी बस्ती, विस्थापन कि, व्यवस्थापनभन्ने दुविधाबाट सरकार र नागरिकहरु पनि मुक्तहुन सकुन्। सबैको कामना यही नै देखिन्छ।

## कमरेड....

शिविर नेपालमा चलेको छैन। त्यो शिविरको सञ्चालनमा पिताजी खिमविक्रमको महत्वपूर्ण योगदान रहेको थियो। त्यो शिविरको बेलामा नै प्युठानमा कम्युनिष्ट पार्टीको गठन भएको थियो। प्युठानमा चलेका कैयौं किसान आन्दोलन वा राजनीतिक आन्दोलनमा पनि उहाँको सक्रिय र महत्वपूर्ण योगदान रहेको थियो तर उहाँसित सम्बन्धित किसान संघर्षको बेलामा हाम्रो उहाँसित तीव्र संघर्ष चलेको थियो। त्यस प्रकारको संघर्षका बाबजुद हामी दुवै बाबुछोराका बीचमा अत्यन्त आत्मीय सम्बन्ध पनि थियो र जीवनभरि नै हामी दुवै बाबुछोराले एकअर्कालाई धेरै माया गरेका थियौं। हामी दुवैजना आपसमा लड्दथ्यौं तर लड्दालड्दै पनि हामी दुवैजनाले एकअर्कालाई धेरैनै माया गरिरहेका हुन्थ्यौं। त्यही प्रकारको सम्बन्ध कमरेड निर्मल लामा र मेराबीचको पनि थियो। त्यही प्रकारको मेरो सम्बन्ध कमरेड कमलराज रेग्मीसित पनि रहेको थियो। २०१० सालमा मैले उहाँलाई नै पार्टीको सदस्यताका लागि दरखास्त दिएको थिएँ। हामीले कैयौं किसान संघर्ष र पार्टीका कार्यक्रममा सँगसँगै भाग लिएका थियौं तर पछि उहाँ पञ्चायती व्यवस्थामा सामेल हुनुभयो र हाम्राबीचमा अन्तर्विरोध पैदा भयो। तर त्यस प्रकारको अन्तर्विरोधको बेलामा पनि हाम्राबीचमा व्यक्तिगत रुपमा मैत्री सम्बन्ध रहिरहेको थियो। २०७२ सालमा उहाँले पुन: पार्टी सदस्यताका लागि दरखास्त दिनुभयो। त्यो दरखास्त दिने बेलामा उहाँले भन्नुभएको थियो- पहिले मैले तपाईंबाट पार्टीको सदस्यताका लागि दरखास्त लिएको थिएँ। अब मैले पार्टीको सदस्यताका लागि तपाईंलाई दरखास्त दिँदैछु तर अफशोचको कुरा छ कि त्यसपछि उहाँ धेरै समय बाँच्नुभएन। यस सन्दर्भमा कमरेड चित्रबहादुर केसीको उल्लेखगर्नु पनि सायद अप्रासांगिक हुने छैन। यो आमरुपमा थाहाभएको कुरा होकि पार्टीमा लामो समयदेखि उहाँ र मेराबीचमा घनिष्ठ सम्बन्ध रहँदैआएको छ तर त्यो सम्बन्धमा पारस्परिक विरोधका कैयौं प्रशंग पनि रहने गरेका छन्। २०४८ सालमा संसदीय चुनाव उपयोगको सन्दर्भमा उहाँ र हाम्राबीचमा तीव्र मतभेद देखापरेको थियो। उहाँ चुनाव उपयोगको पक्षमा हुनुहुन्थ्योभने हामी त्यसको बहिष्कारको पक्षमा। केन्द्रीय कमिटीमा उहाँको मत बहुमतमा आयो तर सम्मेलनमा बहिष्कारको पक्ष बहुमतमा आयो तर सम्मेलनमा उहाँको मत अल्पमतमा परेपनि उहाँ विनाहिचकिचाहट बहुमतको निर्णयको पक्षमा दृढतापूर्वक उभिनुभयो। उहाँको त्यो स्प्रिटले त्यो बेलामात्र होइन, पछि सधैँ पार्टीको एकता र अनुशासनलाई धेरैनै मदत पुर्यायो। पछि कैयौं प्रशंगमा पनि उहाँ र हाम्राबीचमा कैयौं मतभेद देखापरेका थिए। तर ती सबै मतभेदलाई हामीले द्वन्द्वात्मक प्रकारले नै ग्रहण गर्यौं। त्यसलेगर्दा हाम्राबीचमा सधैं बलियो एकता कायम रहिरह्यो। त्यही प्रकारले लामाजीसितका मतभेदका कारणले हाम्राबीचमा फुट भए पनि त्यो फुटका बाबजुद हामी पुन: एकताबद्ध हुनका लागि अग्रसर भएका थियौं। अफसोचको कुरा होकि उहाँको असामयिक निधनको कारणले त्यस प्रकारको एकताले साकाररुप लिन सकेन। कमरेड लामा अब हाम्राबीचमा हुनुहुन्न। त्यही पनि उहाँले पार्टी र क्रान्तिका लागि दिएका अमूल्य देन हाम्राअगाडि छन् र तिनीहरुले पार्टी र क्रान्तिका अधुरा रहेका कामलाई अगाडि बढाउन लगातार शिक्षा र प्रेरणा दिइरहनेछन् भन्ने हामीलाई विश्वास छ। उहाँले देखेको एउटा महत्वपूर्ण सपना पार्टीएकताको थियो। हामीले उहाँको त्यो सपनालाई पूरागर्ने प्रयत्न पनि गर्यौं तर त्यो सफल हुनसकेन। वास्तवमा मार्क्सवादी-लेनिनवादी सिद्धान्त, क्रान्तिकारी राजनीतिक लाइन, लेनिनवादी संगठन प्रणाली र सर्वहारा स्प्रिटको आधारमा नै त्यस प्रकारको एकता अगाडि बढ्न सक्दछ। त्यस प्रकारको एकता नै पार्टीको हितमा हुनेछ। त्यस प्रकारको पार्टी एकताका लागि हामीले अहिले पनि प्रयत्नगर्दै जानुपर्दछ र त्यस प्रकारको सिद्धान्तनिष्ठ एकताले नै पार्टी र क्रान्तिलाई अगाडि बढाउन मदत गर्नेछ। **(लेखक : नेकपा(मसाल) का महामन्त्रि हुनुहुन्छ।)**

## आजका...

गर्नेगरेको पाइन्छ। अमेरिका विश्वमै पूँजीपतिहरुको अखाडा भएको र पूँजीपतिवर्गकै हकहितका विचार, विधि, विधान, व्यवस्था र व्यक्तिहरु हावी बनेको पूँजीवादको पनि उच्चतम रुप साम्राज्यवाद र त्यसको पनि नाइके राष्ट्र हो। त्यसो हुनाले अमेरिकाको राज्यव्यवस्था र त्यस अन्तर्गत बन्ने सरकारहरु पूँजीपतिका पक्षमा हुन्छन्भने समाजवाद र साम्यवादप्रति पूर्वाग्रही, पूर्ण अनुदार र प्रतिशोधी समेत हुन्छन्। धनीमानी पूँजीजीवी उच्च वर्गका सबभन्दा विरोधी/विपरीत वर्ग शोषितपीडित सर्वहारा श्रमजीवि मजदुर वर्ग हुन्। त्यसैले वर्गीय स्वार्थको दृष्टिले अमेरिकी राज्य व्यवस्था र सरकारहरु स्वत: र स्वाभाविक रुपमा मजदुरहरुका पक्षमा नहुने र नभएको कुरा बुझ्न सकिन्छ। हुन त युरोपेली मुलुकहरु र बेलायत पनि साम्राज्यवादी नै हुन् तर त्यहाँ मजदुर मुक्ति आन्दोलनको विचारधारा मार्क्सवाद जन्मेको, हुर्केको, जागरण फैलाएको र फ्रान्समा त पहिलो मजदुर विद्रोह नै सफल भै ७२ दिनसम्म त मजदुरहरुले राज्यसत्ता कब्जा गरी कम्युन नै चलाएको हुनाले त्यहाँको साम्राज्यवाद अलि उदार र नरम हुन बाध्य छ। वास्तवमा मजदुर आन्दोलन कम्युनिष्ट विचारधारा र समाजवादी राज्यव्यवस्थासँग अविच्छिन्नरुपले जोडिएको स्पष्ट छ। त्यसैले युरोप भरी यसप्रति चाहेर-नचाहेर केही सकारात्मक भाव बढेको थियो र समाजवादका सामाजिक न्यायसँग सम्बन्धित कैयौं विशेषताहरु आफ्ना पूँजीवादी व्यवस्थामा समेटेर कल्याणकारी राज्य सञ्चालन गरेका छन्। तर अमेरिकाभने आफूलाई पूँजीवादी साम्राज्यवादको ठेकेदार ठान्दै मजदुर वर्ग, मजदुर आन्दोलन, मजदुरका माग र मजदुर मुक्ती अनि समाजवाद र कम्युनिज्मप्रति पूर्ण नकारात्मक र कट्टर विरोधी हुँदैआएको हो। त्यसै हुनाले नै सन् १८८६ को मे आन्दोलनमा अमेरिकी सरकारले त्यसरी त्यत्रो निर्मम हत्या र दमन गरेको थियो। आफूहरुले गरेको त्यो दमन, रक्तपात र हत्यालाई स्मरणगर्ने र त्यहीबाट आठघन्टा कार्यदिवस बनाउन बाध्य हुनुपरेकाले पनि त्यहाँको पूँजीपतिवर्ग र तिनको प्रतिनिधित्व गर्ने अमेरिकी राज्यसंयन्त्र र सरकार आफूहरुलाई चुनौती दिने र विपक्षी वर्गका माग पूरागर्न बाध्य बनाउने त्यो मे आन्दोलन र मे दिवसलाई विश्वका सबैजसो पूँजीवादी राष्ट्रहरु र युएन, आइएलओसमेतले मान्यतादिँदा पनि अमेरिकाले मान्यता नदिएको हो। अहिलेसम्म पनि त्यो विचारमा अमेरिका कट्टर छ र त न मे दिवसमा बिदा दिन्छ र मनाउँछ बरु गरिब दुखी मजदुर र बेरोजगारहरुप्रती अनुदार छ र त आज पनि अमेरिकामा चोरीहरी, गोलीबारी र कालाजातिप्रतिको विभेद र दमन अनि होमलेस र मगन्तेहरुको ठूलो समस्या छ। यद्यपि अमरिकाले विश्वमा वर्षेपिच्छे कहीं न कहीं साना र कमजोर, उत्पीडित र श्रोत सम्पन्न देशमाथी युद्ध थोपरिरहन्छ। त्यसबाट एकातिर त्यहाँको सम्पदा लुट्ने र अर्कोतिर हतियार विक्री गर्ने गरेर देशको सामाजिक सुरक्षाका क्षेत्रमा खर्चगर्न खोज्छ तर त्यहाँबाट आएको रकम सरकारलाई होइन कि आफूहरुलाई चुनावमा मद्दतगर्ने ठूलठूला कम्पनीहरुमार्फत बडेबडे पूँजीपतिहरुलाई जान्छ। फलत: त्यसरी लुटेर ल्याइएको सम्पत्तिबाट पनि अर्थतन्त्र धान्न पुग्दैन र झनपछि झन् युद्धहरु थोपर्न थाल्छ। वर्तमानमा चलिरहेका रुस-युक्रेन युद्ध, इजरायल-प्यालेष्टाइन युद्ध, भेनेजुएला र इरानमाथी आफैले गरेको आक्रमण र युद्ध यसैका पछिल्ला परिणाम हुन्। **(लेखक : नेकपाका नेता हुनुहुन्छ)**